अध्ययन/अनुसन्धान: नेपाली महिला आन्दोलन, हिजोदेखि आजसम्म

# मूल्याङ्कन

मूल्य रु.१५।- (भारतमा भा.रु. १२।-) विचार अन्तर्क्रियामुखी मासिक पूर्णाङ्क ३७, चैत्र-बैशाख २०५२ २०५३



चे ग्वेभाराको
धारावाहिक जीवनी

सिक्किममा सुधारको लहर

के गर्दैछ
पवन चामलिङको
सरकार ?

माओवादी "जनयुद्ध"

## के यसले देशमा क्रान्ति ल्याउला ?

विशेष: क. प्रचण्डसंगको ताजा अन्तर्वार्ता

स्त्री रोग तथा परिवार
नियोजन विशेषज्ञ
महिला डाक्टरहरुद्धारा
सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर- ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ३७
२०५२-५३, चैत-वैशाख


# "माओवादी जनयुद्ध" के यसले देशमा क्रान्ति ल्याउला ?



- ❑ हालसम्म मारिएकाहरूको नामावली
- ❑ नेपालका हालसम्मका सशस्त्र विद्रोहहरू
- ❑ मसाल, एकता केन्द्र र एमालेको प्रतिक्रिया कस्तो छ ?

४

**विशेषः नेकपा (माओवादी)का शीर्षस्थ नेता एवं महामन्त्री क. प्रचण्डसँगको ताजा अन्तर्वार्ता**

**❑ जनयुद्ध प्रभावित रुकुमको स्थलगत रिपोर्ट**

❑ "जनयुद्ध" संबन्धमा समग्रमा चिरफार गरिएको आवरण लेख

## नेपाली महिलाहरूको संघर्षको इतिहास

२१

## सिक्किममा सुधारको लहर

**के गर्दैछ, पवन चामलिङको सरकार ?** ३२

चामलिङ सरकारका सुधारवादी कामहरूको मूल्याङ्कन

**पवन चामलिङसँगको विशेष अन्तर्वार्ता**

*वर्तमान सिक्किमबारे स्पष्ट धारणा बनाउन उपयोगी सामग्रीहरू*


**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार ब्यवस्थापक**
श्याम खड्का

**लेखा ब्यवस्थापक**
वीरप्रसाद भंसारी

**ब्यवस्थापन सहयोगी**
दुर्गा खड्का

**कार्यालय ब्यवस्थापक**
मञ्जू दवाडी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं



**घटना र प्रवृत्ति**
संसद्मा अविश्वास प्रस्ताव ३१

**आवरण कथा**
माओवादी जनयुद्धबारे ४

**जीवनको झाँकी**
क. चेको नेतृत्वमा हवानामाथि आक्रमण १७

**छरछिमेक**
सिक्किमः पवन चामलिङको सरकारले के के कामहरू गरिरहेछ ? ३२

**विश्व कम्युनिष्ट आन्दोलन**
सोभियत संघ फेरि स्थापना गर्ने रूसी संसद्को निर्णय
रूस र जर्जियामा क. स्तालिनको भव्य संझना १५

**अध्ययन/ अनुसन्धान**
नेपाली महिलाहरूको संघर्षको संक्षिप्त इतिहास
*-मुक्ता श्रेष्ठ* २१

नेपाली महिलाहरू
पहिलो राजनीतिक जुलूसमा २२
एयरपोर्ट काण्ड र सात साल २२
२००७ सालकों
महिला नेतृत्व-चेतना २३
नेपाली महिलाहरूको बहादुरी २४

**नीति/संस्कृति**
दास मनोवृत्ति कसरी छाएको छ हाम्रो देशमा ?
*-चन्द्रदेव नेपाली* २६

**विज्ञान/प्रविधि**
फ्याक्स मेशीनले कसरी काम गर्छ ?
*-मंजू दवाडी* २८

**साहित्य**
रातो भाले युग युग बास्छ (कविता)
*-पवन चामलिङ* ३०
प्रजातान्त्रिक कार्यशैली (कथा)
*-हरिगोविन्द लुईंटेल* २९

**पाठकको कुरो** ४२

**हाम्रो मूल्याङ्कन** ४


## श्रद्धाञ्जली !

❑ गत चैत्र १० गत नेपाल कम्युनष्टि लिगका सक्रिय युवा नेता क. कृष्णभक्त श्रेष्ठको एक रहस्यमय मोटरसाइकल दुर्घटनामा असामयिक निधन भयो । उहाँ काठमाडौं जिल्लाको पूर्वी भेकका लोकप्रिय युवा नेता हुनहुन्थ्यो ।

❑ गत चैत्र १९ गते नेकपा एकता केन्द्रका एक जना संघर्षशील नेता क. तुयुलाल रंजितकार (तुयु दाइ) को किडनी र मधुमेहको रोगले ललितपुरमा निधन भयो । २०१५ सालदेखि कम्युनिष्ट आन्दोलनमा सक्रिय ५७ वर्षीय क. तुयु २०४६ सालको जनआन्दोलनमा पनि विशेष रुपले सक्रिय हुनुहुन्थ्यो ।

*उहाँहरू दुवैप्रति हामी हार्दिक श्रद्धाजली अर्पण गर्दछौं र शोक सन्तप्त उहाँहरूका पार्टीहरू र स्वजनहरूप्रति समवेदना व्यक्त गर्दछौं ।*

- मूल्याङ्कन परिवार


आवरण : 'जनयुद्ध'मा एक छापामारको काल्पनिक चित्र/ आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार,
भित्री पृष्ठका चित्रहरुः लक्ष्मण भूजेल, यति आर्ट, पुतली सडक कम्प्युटरः माइक्रोचिप्स, पुतलीसडक/ मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

हाम्रो मूल्याङ्कन

# जब सरकार नै नृशंस हिंसामा उत्रन्छ......

अहिले देशमा जुन असैह्य अन्याय, अत्याचार र अभावको जिन्दगी छ- त्यसले नागरिकहरूमा सिर्जना गरेको निराशा र अत्यास नै नेकपा (माओवादी) ले आव्हान गरेको वर्तमान "जनयुद्ध" को बाटोको मुख्य मुहान हो । खै यो असैह्यपनाको अन्त्य कसरी छिटो होला ? कसरी चाँडै सुखको दिन देख्न पाइएला ?- भन्ने अधैर्यताको मनोभावले नै वैज्ञानिक चिन्तन ग्रहण नगरिसकेका उत्पीडित वर्गका मानिसहरूलाई वर्तमान सशस्त्र "जनयुद्ध" को बाटोतिर धकेलेको हो ।

पूँजीवादी गठबन्धन सरकारको ध्याउन्ना र सुर्ता भने समस्याको मुख्य मुहान नै थुन्नेतिर देखिन्न । ऊ समस्याको मुहानलाई चाहिं ज्यूँ का त्यूँ राखेर निरपराध जनतामाथि नृशंस राज्य-हिंसा र दमनको ताण्डव नृत्य चलाएर "जनयुद्ध" को समाधान खोज्दैछ ।

क्रान्तिकारीहरूको गोलीले अहिलेसम्म एउटै प्रहरी मरेको रेकर्ड छैन । तर सरकारले चाहिं दुई महिनाको अवधिमा यस क्रममा २२ जना भन्दा बेसी निर्दोष नागरिकहरूको ज्यान लिइसकेको छ । सयौंलाई अपांग बनाएको छ । अरू सयौं कालकोठरीमा बेफ्वाँकमा थुनिएका छन् र निर्मम यातना व्यहोर्दैछन् । यहाँ राजधानीमै प्रसिद्ध साहित्यकार खगेन्द्र संग्रौला र शक्ति लम्साललाई घर बाटोमा पक्रेर "ढुंगा मूढा गरेको" कपोलकल्पित आरोप लगाएर जेलमा सडाउने प्रयत्न हुन्छ भने, दुर्गम जिल्लाहरूतिर त्यहाँका सर्वसाधारण जनताले सरकारबाट कस्तो न्याय भोगिरहेका होलान् ?

यो कस्तो कानूनी राज्य हो ? यो कस्तो प्रजातन्त्र हो ? राज्यले जनताका छोरालाई ड्याङ ड्याङ गोली हानेर थुन्न, पक्रन, हातगोडा भाँच्न, मार्न कुनै आरोप, प्रमाण नै नचाहिने- यो कस्तो जंगली राज्य हो ? कानूनको पालना र रक्षा गर्ने मूल दायित्व बोकेको सरकार स्वयं यसरी गैरकानूनी हिंसामा उत्रन्छ भने- आफ्नो ज्यूज्यानको रक्षा गर्न जनताहरू पनि प्रतिहिंसामा उत्रनु पर्ने बाध्यात्मक स्थिति बन्छ कि बन्दैन ? यसो गर्दा देशमा गृहयुद्ध चल्छ कि चल्दैन ? सरकारमा बसेका जिम्मेवार मानिसले ठण्डा दिमागले सोच्नु जरूरी छ । रोल्पा, रूकुम, जाजरकोट, गोर्खा, सिंधुलीलगायत १०/१२ वटा भन्दा बेसी जिल्लामा सरकारले अहिले थालेको हिटलरलाई पनि बिर्साउने दमन र राज्यहिंसाले देशलाई गृहयुद्धतिर धकेलिरहेछ । जनतालाई हतियार समाउनु पर्ने बाध्यता सरकार आफैं सिर्जना गरिरहेछ ।

हामी सरकारको यो नृशंसं दमनको तीव्र भर्त्सना गर्दछौं । हामी माग गर्छौं- सरकारले राज्यहिंसा तुरून्त रोकोस् । गिरफ्तारहरूलाई बिना शर्त छोडोस्, मरेका र अंगभंग भएकाहरूको लागि न्यायपूर्ण क्षतिपूर्तिको व्यवस्था गरोस् । र, देशमा कानूनी राज्य बहाल गरोस् । जनयुद्धको मुद्दा राजनीतिक मुद्दा हो र सम्बन्धित पक्षसँग वार्ताद्वारा राजनीतिक तवरले यसको हल गर्ने बाटो सरकारले समातोस् ।

समाजमा कायम भएका चरम अन्याय, अत्याचार, शोषण, दमन नै विद्रोहको जरो हो । त्यसैले, जनजीवनका हरेक फाँटमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमनलाई अन्त गर्ने मूर्त कार्यक्रम सरकारले तर्जुमा गरोस् । अफ्ठेरोमा आफैंले "हलो अड्काउने" तर यसवापत् "गोरूलाई ठटाउने" व्यवहार सरकारले बन्द गरोस् ।

यही उपायबाट मात्रै देश शान्ति-सुव्यवस्थातिर जान संभव छ र देशमा अमनचैन कायम हुन संभव छ ।

हैन, सरकार जनविद्रोहको मुख्य मुहान थुन्नतिर पनि ध्यान दिंदैन, राज्यहिंसा पनि बन्द गर्दैन भने- दोहोरो अत्याचारको शिकार भएका आम जनता र तिनलाई अगुवाई गर्ने क्रान्तिकारी पार्टीहरू मात्रै हातमा दही जमाएर बस्नेवाला छैनन् । उनीहरू पनि हतियारबन्द तानाशाही राज्यसित जुध्न २०४६ सालमा जस्तै फेरि हतियारबन्द हुन बाध्य हुनेछन् ।

हामी "जनयुद्ध" सँग संबद्ध राजनैतिक नेतृत्वसित पनि के अपील गर्न चाहन्छौं भने, उसले आम जनता नै तम्तयार नभइकन थालिएको र जनसहभागिता बिनाको वर्तमान "जनयुद्ध" आम जनता र क्रान्तिको दीर्घकालीन हितको लागि तत्काल बन्द गरोस् । र, उसले जनताको सहभागितासहितको न्यायपूर्ण वर्ग संघर्षको उठान र अगुवाई गर्नेतिर आफ्नो ध्यान केन्द्रित गरोस् । अन्यथा, यो कारवाहीले जनता र क्रान्तिको पक्षमा निकै ठूलो क्षति पुऱ्याउने प्रवल संभावना देखिन्छ । ❑

आवरण कथा

पहिले उनीहरूले सिंहदरवारमा प्रधानमन्त्रीलाई जनगणतन्त्रको स्थापनाको माग राखेर ज्ञापन-पत्र बुझाए । सरकारलाई दिइएको अल्टीमेटम सकिन पाँच दिन बाँकी थियो, उनीहरूले फागुन १ गते जनयुद्ध थाल्ने अपील गर्दै पर्चा पोष्टर गरे, त्यसपछि त्यही दिन राती केही जिल्लामा एकै चोटि एकै प्रकारका सशस्त्र कारवाहीहरू थाले ।

उनीहरूले रूकुम, रोल्पा र सिंधुलीमा नकाव लगाएका सशस्त्र बल प्रयोग गरी राती प्रहरी चौकी कब्जा गरे । चौकीका कागजपत्र जलाए र चौकीमा भएको फ्यूज वायर र जिलेटिन लुटेर लगे । गोर्खामा चाहिं उनीहरूले दिउँसै च्याडलिङटार गाउँको कृषि विकास बैंक र साना किसान विकास आयोजनाको अफीस कब्जा गरे र त्यहाँको कागजपत्र स्वाहा पारे ।

त्यसपछि विभिन्न जिल्लाहरूमा गाउँका सामन्त, जाली फटाहाहरू र तिनका मतियारहरूको हातखुट्टा भाँच्ने र संपत्ति लुट्ने क्रम चल्यो ।

यसैलाई नाम दिइयो- "माओवादी" सशस्त्र "जनयुद्ध" को ।

यस्ता घटना देशका करीब ११ जिल्लाका गाउँले क्षेत्रहरूमा घटे । त्यसपछि त नेपालभरि तहल्का मच्चियो । पूरै देशको ध्यान यतातिर आकर्षित भयो ।

यो कसले गरेको ? किन गरेको ? चारैतिर अन्यौल र आशंकाको बादलबीच फागुन ६ गते नेकपा (माओवादी) ले एउटा वक्तव्य प्रकाशित गरेर सारा घटनाको जिम्मेवारी आफ्नो काँधमा लियो । उसले घोषणा गऱ्यो- "यी गतिविधिहरू प्रतिक्रियावादका विरूद्ध नेपाली जनताले चलाउँदै आएका वर्ग संघर्षका उच्चतम अभिव्यक्ति हुन् ।"

देशको पूँजीवादी गठबन्धन सरकारलाई विपक्षी स्वाहा गर्ने निहुँको मात्र खाँचो थियो । यसरी त्यो निहुँ मिल्नासाथ सरकारले नृशंस दमन अभियान संचालन गऱ्यो ।

"जनयुद्ध" का प्रणेताहरूले गाउँका चुसाहा फटाहाहरूको हातगोडा भाँच्ने, सर्सपत्ति जफत गर्ने वा बमले उडाइदिने, चौकी कब्जा गर्ने र कागजात जलाउनेसम्म आफ्नो सशस्त्र

"

रोल्पा-रूकुम क्षेत्र सरकारी आतंकले गर्दा तीर्थकुमारी के.सी. जस्तै आतंकित र भयभीत छ !



गतिविधि मुख्य रूपले केन्द्रित गरेको देखिएको छ । तर सरकारले "जनयुद्ध" सँग कुनै नातो साइनो नै नभएका नाबालकहरूलाई समेत गोलीले भुट्यो, जस्तो- गोरखाका दिलबहादुर रम्तेललाई । पक्रिएकाहरूलाई भीरबाट लडाएर मार्न थाल्यो, जस्तो- जाजरकोटमा । बिना हातहतियार घरैमा जम्मा भई बसेका ६ जना नागरिकलाई गोली हानेर एकै चिहान पाऱ्यो, जस्तो- रूकुममा । राप्रपा र नेकपा (मसाल) का निर्दोष कार्यकर्तासम्मलाई पनि अनाहकमा गोली हानेर मारियो, रूकुम र रोल्पामा । अहिलेसम्म यही प्रक्रियामा सरकारले २२ जनाभन्दा बढी निरापराध नागरिकको ज्यान लिइसकेको छ । यस्तो देखिन्छ- जनताविरूद्ध साँच्चिकै संघर्ष र निर्मम हिंसा त सरकारले पो शुरू गरेको छ, माओवादीमाथि दमनको बहानामा ।

मनगढन्त आरोपमा गिरफ्तारी र झूठा मुद्दा त अहिले सरकारको आम गतिविधि भएको छ । राजधानीमै प्रसिद्ध साहित्यकार खगेन्द्र संग्रौला र शक्ति लम्साललाई प्रहरीमाथि ढुंगामूढा गरेको कपोलकल्पित आरोपमा पक्रेर फसाउन खोजियो भने मोफसलमा के स्थिति होला ? सजिलै लख काट्न सकिन्छ । पक्रिएकाहरूलाई निर्मम यातना दिने र अंगभंग गर्ने कार्य व्यापक रूपमा भएको छ । त्यसको ज्वलन्त उदाहरण रोल्पाका जिविस सभापति झक्कू प्रसाद सुवेदी आफैं छन्, जसको हिरासतमा यातनाद्वारा हातगोडा नै भाँचिएको छ ।

माओवादीको विरोधका नाममा जे पनि गर्नु उचित छ भन्ने जनमत र मनोवैज्ञानिक वातावरण बनाउन सरकार अहिले टुप्पि कसेर लागेको छ । यसनिम्ति सरकारी संचार माध्यमहरू भए नभएका "माओवादी" गतिविधिलाई निकै बढाइचढाई प्रस्तुत गर्दैछन् । जिल्लाहरूमा स्थानीय प्रशासनलाई यथार्थ सूचना जनसमक्ष नदिन निर्देशित गरिएको छ । सरकार आफ्नो सो उद्देश्यमा केही हदसम्म सफल पनि देखिएको छ । फलस्वरूप, अहिले माओवादीका नाममा जो कोहीलाई पनि गोली ठोक्नु खरायो मार्नुसरह भएको छ । पहिले देशको कुनै पनि भागमा अनाहकमा नागरिकहरू मारिंदा जस्तो जनआक्रोश र सहानुभूतिको ज्वारभाटा उठ्ने गर्थ्यो, अहिले त्यो उठिरहेको छैन ।

## प्रतिक्रिया

क्रान्तिकारीहरूको लागि सबैभन्दा खतरनाक स्थिति भनेको उनीहरू जनसमुदायबाट एक्लिएको, अलग्गिएको स्थिति हो ।

अहिले नेकपा (माओवादी)ले "जनयुद्ध" शुरू गरेपछि देशमा त्यस्तै स्थिति पैदा भएको छ । त्यस्तो कुनै मित्रशक्ति र आम जनसमुदाय मैदानमा छैन, जसले

जनयुद्ध र सरकारी आतंकले ग्रस्त रूकुमको स्थलगत भ्रमणको रिपोर्ट

•

नेकपा (माओवादी) का महामन्त्री क. प्रचण्डको ताजा अन्तर्वार्ता


•

नेकपा (मसाल) का महामन्त्री क. मोहनविक्रम सिंह, नेकपा (एमाले) का उपमहासचिव क. वामदेव गौतम, नेकपा (एकता केन्द्र) का केन्द्रीय सचिव क. दीपक शर्मा आदिका विचारहरू

# माओवादी जनयुद्ध

## के यसले देशमा क्रान्ति ल्याउला ?

-श्याम श्रेष्ठ






डा. बाबुराम भट्टराई

# अचेल समयलाई दशा लागेको छ

"हामी प्रहरीसँग मुठभेड गर्न गएका थिएनौं । गाउँमा प्रहरी पसेर मानिसहरू खोजी खोजी पक्राउ गर्न थालेपछि हामी त लुकेर बसेका मात्र थियौं, तैपनि हामीसँगै बसेका ६ जनालाई प्रहरीले गोली हानेर हत्या गर्‍यो ।"

सेतु जैसी



## अहिलेसम्म प्रहरीबाट माओवादीको नाममा मारिएकाहरु

| नाम | मिति | ठाउँ |
|---|---|---|
| १. दिलबहादुर रम्तेल (१२ वर्ष) | फागुन १४, ०५२ | तार्कुघाट, गोर्खा |
| २. कुलबहादुर के.सी. (२५ वर्ष) | " १५, ०५२ | पिपल गाविस, रुकुम |
| ३. मनबहादुर के.सी. (२४ वर्ष) | " | " |
| ४. पशुपति के. सी. (२८ वर्ष) | " | " |
| ५. दलबहादुर के.सी. (२५ वर्ष) | " | " |
| ६. खड्गबहादुर के.सी. (१४ वर्ष) | " | " |
| ७. नरबहादुर गौतम के.सी. (२५ वर्ष) | " | " |
| ८. मानबहादुर राउल | " | लाहा गाविस, जाजरकोट |
| ९. मानबहादुर ओली | " | " |
| १०. जोखबहादुर पुन | फागुन २९, ०५२ | पुवाङ गाविस, रुकुम |
| ११. दलबहादुर पुन | " | " |
| १२. जयबहादुर बुढा (४८ वर्ष) | चैत्र ५, ०५२ | काँक्री गाविस, रुकुम |
| १३. धन (मन) कुमारी श्रेष्ठ (२८ वर्ष) | " | " |
| १४. जयधन थापा | चैत्र ६, ०५२ | छुमा गाविस, रोल्पा |
| १५. इन्द्रजीत | " | " |
| १६. नरबहादुर | " | " |
| १७. चक्रबहादुर श्रेष्ठ (राप्रपा समर्थक) | " | काँक्री गाविस, रुकुम |
| १८. चोपबहादुर डाँगी (१९ वर्ष) | चैत्र १३, ०५२ | दुवीडाँडा वडा नं.-५, रोल्पा |
| १९. ज्ञानेन्द्र गिरी (२४ वर्ष) | " | " |
| २०. मुलमान बुढा | चैत्र १५, ०५२ | भिरुल गाविस, रोल्पा |
| २१. दूधबहादुर बुढा (गाविस अध्यक्ष) | चैत्र १७, ०५२ | काँक्री गाविस, रुकुम |
| २२. बीन ब. परियार | चैत १८, २०५२ | खुंग्री गाविस, रोल्पा |



दुई वर्षकी बच्चीकी आमा सर्केनी जैसीका श्रीमान्‌लाई प्रहरीले गोली हानी हत्या गर्‍यो । उनी अब आफ्नी छोरीको भविष्य र छोरीले पैतृक संपत्ति पाउने-नपाउने विषयमा चिन्तित छिन् ।

माओवादीको यो सशस्त्र कारवाहीको समर्थन गरेको होस् । यो परिस्थितिमा माओवादीले प्रारंभ गरेको "जनयुद्ध" जनसमर्थन र जनसहभागिताबिनाको "जनयुद्ध" भएको छ ।

नेकपा (माओवादी) को सबैभन्दा निकटस्थ मित्रशक्ति नेकपा (एकता केन्द्र) ले माओवादीको सशस्त्र कारवाहीलाई "वस्तुगत तथा आत्मगत परिस्थितिको समग्र र यथार्थवादी मूल्याङ्कनबिना आवश्यक क्रान्तिकारी परिस्थिति तयार नहुँदै चालिएको "उग्र वामपन्थी भड्काव" भनेर विश्लेषण गरेको छ ।

ठीक यस्तै मूल्यांकन अर्को निकटस्थ मित्रशक्ति नेकपा (मसाल)ले पनि गरेको छ । यो कदमलाई "उग्र वामपन्थी गल्ती" बताउँदै मसालले यस्तो कदमले जनआन्दोलन र क्रान्तिलाई होइन, प्रतिक्रान्तिलाई नै मद्दत" पुर्‍याउने ठहर गरेको छ ।

स्मरणीय छ, दुवै पार्टी संसदीय बाटोबाट होइन, गैरसंसदीय बाटोबाट क्रान्ति संपन्न गर्ने कुरामा विश्वास राख्छन् ।

नेकपा (एमाले)ले जनयुद्धसित "गंभीर असहमति" राख्दै भनेको छ- "विद्यमान परिस्थितिमा संभव र वैधानिक उपायहरू छँदाछँदै तिनलाई तिरस्कार गरेर अवलम्बन गरिने अवैधानिक र असंभव उपायहरूले रोमाण्टिक सोचलाई उत्साहित गरे पनि तिनले जनता, राष्ट्र र क्रान्तिलाई अग्रगति प्रदान गर्दैनन् ।"

नेपाल कम्युनिष्ट लीग माओवादीहरूको क्रान्तिकारी स्पीरिटको कदर गरे पनि जनयुद्धप्रति असहमत रहेको छ । नेपाल मजदूर किसान पार्टीले पनि माओवादीको वर्तमान कदमप्रति आफ्नो असहमति जाहेर गरेको छ ।

यस प्रकार सिंगै देशमा र वामपन्थी खेमासहितमा नेकपा (माओवादी) आफूले चलाएको सशस्त्र कारवाहीको सवालमा नितान्त एक्लो भएको छ । जनयुद्धको सफलताको लागि व्यापक संयुक्त मोर्चा एउटा अनिवार्य शर्त हो । तर अहिले हाम्रो देशको परिस्थिति कस्तो छ भने, मोर्चामा एक्लै माओवादी छ, तर यसले तुलनामा निकै बलियो मुख्य दुश्मन विरूद्ध एक्लै निर्णायक युद्धको घोषणा गरिरहेछ ।

आम जनता तपाईंहरूको युद्धमा साथ दिन तयार नहुँदै यसरी युद्ध छेडिदिनाले यो "जनयुद्ध" हुनुको सट्टा कार्यकर्ता युद्ध मात्र हुन जाँदैन र ? हाम्रो यो प्रश्नको जवाफमा क. प्रचण्डको भनाइ थियो- "नेपाल जस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा एकैसाथ आम जनता युद्धमा सहभागी हुनु संभव नै छैन ।"

यो जवाफले देखाएको छ- "जनयुद्ध" का अगुवाहरूलाई आफू एक्लो परेको र गल्ती भएको कुनै अनुभूति भएको छैन । यसको तात्पर्य के हो भने, वर्तमान सशस्त्र गतिविधि ठूलै हानी नोक्सानी नभइकन तुरून्तै रोकिनेवाला छैन ।

### गल्तीहरू

यसमा शंका छैन कि सशस्त्र गतिविधि देशमा व्याप्त अन्याय, शोषण र अत्याचार खत्तम गर्ने क्रान्तिकारी नियतले नै थालिएका कृयाकलाप हुन् । क्रान्तिकारी समर्पण-भावको कोणबाट हेर्दा वर्तमान "जनयुद्ध" का प्रणेताहरूको समर्पणभाव प्रशंसनीय देखिन्छ । उहाँहरूको क्रान्तिप्रति पूरै समर्पित हुने नियत देखिन्छ । आफ्नो ज्यान कुनै पनि बेला जान सक्छ भन्ने स्पष्ट हुँदाहुँदै पनि क्रान्तिकारी गतिविधिमा सरिक हुनु उदाहरणीय बलिदानको मनोभावना हो । यो भावना कदरयोग्य छ ।

तथापि, क्रान्तिकारी उद्देश्य प्राप्तिको लागि समर्पणभाव मात्र पर्याप्त हुन्न । समर्पणभावसित बिज्ञान जोडिएको हुनु पर्छ ।




फोटोः उषा

फागुन १ गते "जनयुद्ध" शुरू हुनुभन्दा अगाडि उपत्यकामा टाँसिएको पोष्टर

शिक्षकको भूमिका खेल्नु हो । र, जब जनता स्वयं आफ्नो प्रत्यक्ष अनुभवबाट निर्णायक युद्धका लागि मानसिक रूपले तम्तयार हुन्छन्, त्यस युद्धलाई विजयमा टुंग्याउन जतिसक्यो उति वैज्ञानिक दृष्टिकोण र सिद्धान्तसित जोडिएको क्रान्तिकारी समर्पणभावले मात्र क्रान्तिकारी उद्देश्य हासिल गर्ने सामर्थ्य राख्छ । अहिलेको "जनयुद्ध" का अगुवाहरूमा समर्पणभावको कुनै खडेरी देखिन्न । खडेरी बिज्ञानको देखिन्छ । जनयुद्ध संबन्धमा र क्रान्ति संबन्धमा मार्क्सवादको भण्डारमा जे-जति वैज्ञानिक सिद्धान्त र दृष्टिकोण विकास भएका छन् त्यसलाई उहाँहरूले अंगीकार नै नगरेको भेटिन्छ ।

पहिलो मुख्य गल्ती क्रान्तिकारी अगुवाहरूले जनताको लागि भनेर गरिदिने केही बहादुरीपूर्ण सशस्त्र कारवाहीलाई नै "जनयुद्ध" संझनुमा भइरहेछ । जनयुद्ध भनेको क्रान्तिकारी अगुवाहरूको मात्र युद्ध होइन, न त यो कार्यकर्ता युद्ध नै हो, जस्तो अहिले भइरहेछ । जनयुद्ध भनेको क्रान्तिकारी पार्टीको नेतृत्वमा क्रान्तिकारी उद्देश्य राखेर सचेत रूपमा जनताको लागि जनता स्वयंले आफ्नै सहभागितामा चलाउने क्रान्तिकारी युद्ध हो । उद्देश्य क्रान्तिकारी छ, तर युद्धमा आम जनता स्वयं सहभागी छैनन्, खालि अगुवाहरू मात्र संघर्षमा होम्मिएका छन् भने, त्यो जनयुद्ध हुन सक्दैन ।

आम जनता कसैले माथिबाट "आविष्कार" गरेर थोपरिदिएका संघर्षका रूपहरूलाई चूपचाप स्वीकारेर हतियार समात्न तयार हुँदैनन् । आन्दोलनको विकासको दौरानमा आफ्नै संघर्षको प्रत्यक्ष अनुभवबाट हतियार नसमाती र निर्णायक लडाइँ नलडी आफ्नो अस्तित्व र प्रगति बिलकुलै संभव छैन भन्ने आम जनताले बोध गरेपछि नै जनयुद्धका लागि जनता तम्तयार हुन्छन् । अगुवाको काम "जनयुद्ध" नै आफ्नो दिमागी कसरतबाट उब्जाउनु, आविष्कार गर्नु होइन । अगुवाको काम जनआन्दोलनको दौरानमा विकास भइरहेको संघर्षका नयाँ नयाँ रूपहरूलाई होशपूर्वक हेर्नु हो । ती नयाँ रूपहरूलाई सामान्यीकरण गर्नु, संगठित गर्नु र प्रचार प्रसार गर्नु हो । जनताको वर्ग चेतनास्तर वृद्धि गर्न व्यापक संगठित र उद्देश्यमूलक पार्न अगुवाई गर्नु हो ।

"जनयुद्ध" अगुवाहरूले "आविष्कार" गरेर जनतामा थोपर्नु- गलत र बेठीक कुरा हो, चाहे त्यसको उद्देश्य जतिसुकै क्रान्तिकारी किन नहोस् । यो मार्क्सवादी युद्ध बिज्ञानसँग मेलखाने कुरा होइन । अहिले यही भइरहेछ । त्यसैले, आम जनता यस युद्धमा सहभागी हुन सकिरहेका छैनन् । यो कार्यकर्ता युद्ध मात्र भइरहेछ । नेपालमा २०४६ सालको आन्दोलनताका, आन्दोलनको विकासको दौरानमा पाटन र कीर्तिपुरका जनता स्वयंले आफ्नै संघर्षको प्रत्यक्ष अनुभवबाट महसुस गरे- अब हतियार नसमाती र निर्णायक युद्धमा नउत्री आफ्नो अस्तित्व र प्रगति संभव छैन भनेर । त्यतिखेर आम जनताले हतियार समाते र सशस्त्र प्रतिरोध चलाए ।

मार्क्सवादी जनयुद्धको धारणा- अगुवाहरूले जनताको लागि भनेर अग्रगामी जत्थालाई निर्णायक युद्धमा बहादुरीपूर्वक होमीदिनु होइन । यस्तो गर्नु उग्रवामपन्थी दुस्साहसवाद हो । अहिले त्यही दिशातिर "जनयुद्ध" लाई लाने कार्य भइरहेछ । मार्क्सवादी जनयुद्धको धारणा जनता स्वयं आफ्नै संघर्षको अनुभूतिबाट निर्णायक युद्धको लागि तम्तयार नभएसम्म क्रान्तिकारी अगुवाहरूले धैर्यसाथ पर्खनु हो । त्यसबीचमा उनीहरूलाई त्यस निम्ति जागृत, संगठित र तम्तयार पार्न भूमिका खेल्नु हो, आम जनता तम्तयार भएपछि मात्र उनीहरूकै आम सहभागितामा जनयुद्ध संचालन गर्नु हो ।

अगुवाहरूले जनताको लागि भनेर आफूलाई मात्र बहादुरीपूर्वक होमीदिने र जनता सँगसँगै क्रान्तिकारी अगुवाहरू आफू पनि होमिने यी दुई अवधारणाबीच आधारभूत अन्तर छ । मार्क्सवादी अवधारणा पछिल्लो हो, अघिल्लो होइन ।

अगुवाहरूले निर्णायक संघर्षको रूप आफैले मनगढन्ते तवरले आविष्कार गर्ने र आन्दोलनको विकासको वस्तुगत आवश्यकता नै नबनीकन त्यसलाई जनतामाथि जथाभावी थोपरिदिने अवधारणा र आन्दोलनको विकासको दौरानमा जनता स्वयं आफ्नो संघर्षको अनुभवबाट निर्णायक युद्धका लागि तम्तयार भएपछि मात्र अगुवाहरूले निर्णायक संघर्षलाई संगठित र अगुवाइ गर्ने अवधारणाबीच आधारभूत भिन्नता छ । जनयुद्धसंबन्धी मार्क्सवादी अवधारणा पछिल्लो हो । अघिल्लो होइन ।

अहिलेको "जनयुद्ध" जनसहभागिता बिनाको "जनयुद्ध" हुनुको मुख्य कारण पनि "जनयुद्ध" का प्रणेताहरूको जनयुद्धसंबन्धी गलत अवधारणा नै हो ।

यस संबन्धमा लेनिनको यो भनाई मननयोग्य छ- "विजय खालि अग्रगामी दस्ताका आधारमा मात्र प्राप्त हुन सक्दैन- संपूर्ण वर्ग र व्यापक जनसमुदायले अगुवा दस्तालाई प्रत्यक्ष सहयोग दिन अथवा यसप्रति कम्तिमा सहानुभूतिपूर्ण तटस्थता देखाउन तम्तयार हुनुअघि नै अगुवा दस्तालाई मात्र निर्णायक युद्धमा होमिदिनु मूर्खता मात्र होइन, अपराध हुनेछ ।" (हेर्नुहोस्- लेनिन, उग्रवामपन्थी साम्यवाद, एक बालरोग, संकलित रचनाहरू, अंग्रेजी, मस्को, १९७३ पृष्ठ ३५०)

उहाँ भन्नुहुन्छ- "वास्तवमा क्रान्तिका निम्ति अग्रगामी तत्वहरूले "पुरानो व्यवस्था कायम राख्न असंभव छ र त्यसको अन्त्य अवश्यंभावी छ" भन्ने कुरा बुझेर मात्र पुग्दैन । क्रान्तिका लागि यो भन्दा महत्त्वपूर्ण कुरा त्यो हो, लाखौं-लाख जनताले यो कुरा बुझ्नु र अग्रगामी तत्वहरूलाई आफ्नो समर्थन दिन तयार रहनु पर्दछ ।"

हालको जनयुद्धमा गल्ती कहाँनेर भएको छ भने- लाखौं-लाख जनताले क्रान्तिको आवश्यकता र जनयुद्धको आवश्यकतालाई बुझ्नुपर्ने सवाललाई त्यसै छोडिएको छ । फगत अगुवा दस्ताले यो बुझेको आधारमा "जनयुद्ध" को घोषणा गरिएको छ । परिणाम के भएको छ भने, जनताको युद्धमा जनता आफैं कर्ता हुनु पर्नेमा तमासे भएका छन् ।

दोस्रो प्रमुख गल्ती नेपालको ऐतिहासिक परिस्थिति भन्दा अलग्गै नेपालको वस्तुगत परिस्थितिको ऐतिहासिक विकासको जाँचबुझ गर्दै नगरीकन एक्कासी "जनयुद्ध" थाल्ने फैसला गर्नुमा रहेको छ ।

जनयुद्ध अगुवाहरूले जतिखेर चाह्यो, त्यतिखेर प्रयोग हुन सक्ने कुरा होइन । जनताको आन्दोलनको विकासको मूर्त परिस्थितिमा मात्र संघर्षको यो निर्णायक रूप प्रयोग हुन सक्छ । निर्णायक संघर्षको यो रूप जनताको क्रान्तिकारी संघर्षले विकास गरेर निर्णायक चरणमा पुग्दा मात्र प्रयोग हुन सक्छ ।

अहिलेको प्रश्न के हो भने, नेपाली

बाँकी ४१ पेजमा

## आधुनिक नेपालको अहिलेसम्मका सशस्त्र संघर्ष र विद्रोहहरू

| | |
|---|---|
| २००७ साल- | नेपाली कांग्रेसको जनमुक्ति सेनाद्वारा सशस्त्र विद्रोह र स्थानीय सत्ता कब्जा । |
| २००८ साल- | डा. के.आई. सिंहको सशस्त्र विद्रोह, दिल्ली संझौताको विरूद्धमा । भारतीय फौज झिकाई दमन गरिएको । |
| २००९ साल- | रक्षा दलको सशस्त्र विद्रोह- जेल, सानोठिमी, गद्दाघर, स्वयम्भू वारूदखाना, हनुमान ढोकाको मुलुकीखाना, नेपाल बैंक कब्जा, तर विद्रोह दबाइएको । यही बेला डा. के. आई. सिंहद्वारा सिंहदरवार कब्जा । |
| २०१० साल- | भीमदत्त पन्तको किसान विद्रोह । भारतीय फौज झिकाएर भीमदत्त पन्त मारिएपछि विद्रोह दमित भएको । |
| २०१८-२० साल- | नेपाली कांग्रेसद्वारा भारतीय सिमाना क्षेत्रबाट- Hit and Run संघर्ष । |
| २०१८ साल- | जनकपुरमा दुर्गानन्द झा (नेपाली कांग्रेसद्वारा) राजा महेन्द्रमाथि असफल बम प्रहार । |
| २०२८ साल- | झापामा सशस्त्र किसान विद्रोह । सरकारद्वारा दवाइएको । |
| २०३० साल- | नेकांद्वारा विमानलाई सशस्त्र बलद्वारा अपहरण गरी भा. रू. ३० लाख जफत । |
| २०३१ साल- | राजा वीरेन्द्रमाथि विराटनगरमा वम प्रहार गर्ने असफल प्रयास । |
| २०३१ साल- | नेपाली कांग्रेसद्वारा स्थानीय सत्ता कब्जा गर्ने उद्देश्यले सोलू-ओखलढुंगामा सशस्त्र आक्रमण गर्ने प्रयत्न । सरकारद्वारा दवाइएको । |
| २०४२ साल- | रामराजाप्रसाद सिंहको जनवादी मोर्चाद्वारा काठमाडौंमा बम विष्फोटन । |
| २०४६ साल- | कीर्तिपुर र पाटनका जनताद्वारा २०४६ सालको जनआन्दोलनको सिलसिलामा सशस्त्र विद्रोह । |

आफ्नो घरमा बसिरहेको कुनै पनि नागरिकलाई प्रहरीले कुनै पनि बेला पक्राउ गर्ने घटना अब सामान्य भइसकेको छ। अब त कुनै पनि घरमा कुनै पनि बेला प्रहरीले बिना कारण गोली चलाउन सक्छ। मारिएका व्यक्तिलाई गायब पार्न सक्छ र उनीहरूका परिवारलाई मारिएका व्यक्तिको काजक्रिया नगर्न धम्की पनि दिन सक्छ।

नेपाल जस्तो प्रजातान्त्रिक देशमा यस्तो पनि हुन्छ भनेर पत्याउन गाह्रो होला ! तर

यस गाउँमा प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा मारिएका व्यक्तिका परिवारका सदस्यहरूलाई काजक्रिया गर्न दिइएको छैन। तिम्रो मान्छे मऱ्यो भनेर कसैले भन्न पनि आएको छैन। मारिने व्यक्तिका आफन्तहरूले कुनै शोक गर्न पनि खुलेर पाएका छैनन्। श्रीमान् मारिएकी श्रीमतीले आफ्नो संस्कार अनुसार आफूलाई सन्तुष्ट गर्न सिन्दूर-पोते त्याग्न र सेतो सारी लगाउन पाएका छैनन् भने, छोरा मारिने आमाहरू आँगनको डिलमा बसेर रून

पनि चिन्न गाह्रो परेकोले अनुसन्धान गर्दैछौं भनी बताए।

गाउँलेहरू भन्छन्- **"बुढाको मिलमा करीब ५ सयको क्षति भएको छ। तर उनले बैंकबाट लिएको ऋण मिनाहा गराउन ठूलो रकमको विगो दावी गरेका हुन्।"**

विजेश्वरी गाविसमा पक्राउ परेका व्यक्तिहरूमध्ये ४ जना स्थानीय शीतल उच्च मा.वि.का विद्यार्थीहरू रहेका

कमलसंगै सोही राती भेरी नदीको किनारमा माछा मार्न गएका र रातभरि त्यहीं बसेका थिए। पक्राउ परेका अर्का तुलाराम बनगोसाईं आरोपित घटना भएको दिन गाविस उपाध्यक्ष भक्तबहादुर भाटसँगै सल्यान जिल्लाको शितलपाटीमा बसेका थिए। पक्राउ परेका यी दुबै जना सोही

# "जनयुद्ध" प्रभावित रुकुमको स्थलगत भ्रमणको आधारमा तयार गरिएको रिपोर्ट



**"जनमोर्चाले भन्दा आतंक सरकारले मच्चाएको छ"**

**लेखनाथ भण्डारी**

यही देशको रूकुम जिल्लामा भएका केही घटनाहरूले ती कुराहरूको पुष्टि गरेका छन्।

**"मेरो श्रीमानलाई मारेर मिल्काइदिए। मेरो छोरालाई कुटी-कुटी यातना दिएर पनि नमरेपछि गोली हानेर मारियो। हामीलाई हाम्रा मान्छेको लाश हेर्न पनि दिइएन र दाहसंस्कार पनि गर्न पाइएन। पढ्दा पढ्दैको मेरो छोराको के दोष थियो होला र ?- जुन दोषको बदला उसलाई मारेर मात्र लिन सकिन्थ्यो।"**

रूकुम जिल्ला पिपल गा.वि.स.- ३ जिपूकी १९ वर्षीया सर्केनी जैसी र ४२ वर्षीय गोपी के.सी.ले आफ्नो श्रीमान् र छोरा प्रहरीबाट मारिएको पीडा सहन नसकी रूँदै उक्त कुरा बताए। २ वर्षीया बच्चीकी आमा सर्केनी **"मेरो श्रीमान्‌लाई मारेर मेरी छोरीलाई अलपत्र पारे"** भन्दै रून्छिन्। भारतमा काम गर्ने उनका श्रीमान् पशुपति के. सी. २ महिना पहिले मात्र घर आएका थिए। २४ वर्षीय छोराको विवाह गर्ने तयारी गरेर बुहारीको कुरा चलाइसकेकी गोपी आजभोलि घरमा छोराको कपडा र फोटो हेरेर एक्लै रून्छिन्।

सकेका छैनन्। मारिएकाहरूलाई कहाँ लगेर के गरियो थाहा छैन।

जनयुद्धको घोषणापछि रूकुम जिल्ला अहिले सबैभन्दा बढी प्रभावित भएको छ। यस जिल्लामा भइरहेका जनयुद्धका गतिविधि तथा प्रहरी प्रशासनको कारवाहीको अध्ययन गर्ने क्रममा गत फागुन ३० गते यो पंक्तिकार रूकुम जिल्लाको विजेश्वरी गाविस-४ स्थित चौरजहारीमा पुगेको थियो।

यस जिल्लामा [illegible] व्यक्ति प्रहरीको गोलीबाट मारिइसकेका छन्।

यस गाविसमा जनयुद्धको प्रभावभन्दा पनि बढी प्रहरी प्रशासनको कारवाहीको आतंक रहेको पाइयो। गाविस अध्यक्ष सार्की बुढाको मिलमा फागुन ३ गते 'माओवादी'ले जिलेटिन पड्काएको आरोपमा १० जना व्यक्तिलाई गिरफ्तार गरिएको छ। गिरफ्तार व्यक्तिहरूका सम्बन्धमा गाविस अध्यक्षको किटानी जाहेरी र रू ३५ हजार बराबरको क्षति भएको दाबी गरिएको छ। तर अध्यक्ष बुढाले ती पक्राउ परेका व्यक्तिहरूले नै उनको मिलमा जिलेटिन पड्काएको भन्दा

छन्। जुन घटनामा संलग्न भएको आरोपमा उनीहरू पक्राउ गरिए, त्यस दिन पक्राउ परेका दिलबहादुर बुढा गाविस अध्यक्ष सार्की बुढाका भान्जा

रूकुमको पिपल गाविसको घटनास्थल जाने उकालोमा पर्ने वस्तीका यी दुई बालिकाहरू नयाँ मानिस देख्दा आत्तिएर रोएका थिए !





गाउँलेहरूसँग मानव अधिकार पर्यवेक्षण टोलीले कुरा गर्दा पनि उनीहरू भयभित र त्रसित देखिन्थे

गाविसका सदस्यहरू पनि हुन् ।

यस गाविसमा जनयुद्धमा संलग्न भएको अभियोगमा १० जनालाई पक्राउ गरेपछि गाउँका सिधासाधा जनतालाई धम्क्याउने र तर्साउने गरेर नेपाली कांग्रेसको सदस्यता लिन बाध्य गराएको कुरा सम्बन्धित केही व्यक्तिहरू बताउँछन् । उनीहरूका अनुसार- **"तिमीहरु पनि जनमोर्चाका हौ, अब तिमीहरुलाई पनि पक्राउ गर्ने लिष्ट आएको छ, तसर्थ कांग्रेसमा प्रवेश गर्दैनौ भने गिरफ्तार गरिने छ"** भनी धम्क्याउँछन् । साथै सक्दो रूपियाँ लिएर नेपाली कांग्रेसको साधारण सदस्यता दिने काम गरिन्छ । त्यसरी सदस्यता दिलाइएका १ जना स्थानीय व्यक्तिले आफ्नो नाम धम्कीको डरले बताउन चाहेनन् । उनलाई कांग्रेस समर्थकहरूले रू. ४५०।-मा पार्टीको साधारण सदस्यता दिएका रहेछन् ।

**"माओवादीले त के गरे र ? तर यहाँ त आजभोलि बस्न खान गाह्रो छ । मानव अधिकारको हनन् भएको छ । प्रहरी आतंक छ । आपसी रीसइबीले घर लुट्ने, पिट्ने , आगो लगाउने घटनाहरु हुन थालेका छन् । खेतबारीको बाली काट्ने काम भएको छ । जनमोर्चाले भन्दा बढी आतंक यहाँ सरकारले मच्चाएको छ ।"** विजेश्वरीका जगतप्रसाद शर्माले गत चैत २ गते दिउँसो १ बजे यस पंक्तिकारलाई उक्त गुनासो पोखे । आफ्ना भतिजा दौलतप्रसादलाई पनि प्रहरीले घरबाट विरामी अवस्थामा पक्राउ गरेको बताउँदै शर्माले भने- **"मेरो भतिजा घरमा पनि राजनीतिक विवाद गर्थ्यो । त्यही कारण देखाएर उसलाई पक्राउ गरियो ।"** उनी अगाडि भन्छन् - **"पहिले गएर प्रहरीमा उजुरी दिने र पछि कांग्रेसको सदस्यता लिने शर्तमा छुटाइदिने काम पनि यहाँ हुन थालेको छ ।"**

**"गत मंसिरमा छोरी जन्मिएदेखि म माइतीमा नै छु । मेरो श्रीमान्को घर सल्यान जिल्ला खारा गाविस ६ खुम्बेरी हो । उहाँलाई पनि यहींबाटै गिरफ्तार गर्‍यो ।"** फागनु ५ गते प्रहरीले पक्राउ गरेका रामबहादुर बाँठाकी श्रीमती विमला वि. क. आजभोलि श्रीमान् आउलान् भन्नेभन्दा पनि आफूलाई पनि कुन दिन प्रहरीले काखकी बच्चीसँगै पक्राउ गर्ने हो भन्ने कुरामा चिन्तित छन् । उनी भन्छिन्- **"मेरो पनि नाम त छ रे, तैसैले अब अर्को कुनै घटनाको बहानामा लगिहाल्छ होला ।"**

समय अनुसारको जनयुद्धको शैली ठीक छैन, तर गाउँमा गरीबमाथि हुने शोषण उत्पीडनविरूद्ध आन्दोलन चाहिँ गर्नै पर्ने उनको ठहर छ ।

जनयुद्धको प्रभाव अत्यन्त कम र प्रशासनिक धरपकड र दमन सबैभन्दा बढी भएको तथ्य यसै गाविसमा पर्ने शितल उच्च मा.वि.का प्रधानाध्यापक शशिराम कार्कीले पनि प्रष्ट पार्नु भएको छ । प्र.अ. कार्कीले बताउनु भए अनुसार, सो विद्यालयको कक्षा १०, ११ र १२ मा पढ्ने १५० भन्दा बढी विद्यार्थीहरूमध्ये आजभोलि ५० जना पनि विद्यालय आउँदैनन् । त्यसरी विद्यार्थीहरू विद्यालयमा नआउनुको कारण प्रहरीले पक्राउ गर्छ भन्ने डर मात्र हैन कि- प्रहरीले दिने यातनाको त्रास पनि हो । विद्यालयका ४ जना विद्यार्थीहरू- दिलबहादुर पुन, भद्रबहादुर भण्डारी, श[illegible] बुढाथोकी, रामबहादुर बाँठा छन् भने वारेन्ट जारी गरिएका विद्यार्थीहरूमा टिकाराम बली, दिलबहादुर बली, किरणकुमार बली र पतिराम के. सी. रहेका छन् । प्र.अ. कार्की भन्नुहुन्छ- **"यस गाविसमा जनयुद्धका घोषित कार्यक्रम मान्न सकिने कुनै घटना भएको देखिँदैन । यस्ता घटनाहरु त अघिपछि पनि हुने गर्दथे ।"** प्र.अ. कार्कीलाई प्रहरीले सदरमुकाम बसेको अवस्थामा गाउँमा घटना भएका कारण त्यहीं १ दिन हिरासतमा राखेको थियो । उहाँ जनतामा आतंक र त्रासको उदाहरण दिँदै भन्नुहुन्छ- **"आजकाल त सपना पनि नराम्रो देख्ने र डराउने हुन थालेको छ ।"**

त्यसै विद्यालयका एक जना भूमिगत विद्यार्थी बताउँछन् - **"हामीले माओवाद र जनयुद्ध बुझेकै छैनौं । त्यसमा भाग लिने भन्ने त कुरै आउँदैन । तर हामीलाई विद्यालयमा अनेरास्ववियु समर्थक भएकै कारण प्रहरीले पक्राउ मात्र नगरेर यातना दिने डरले विद्यालय जान छोडी हामी लुकेर बसेको धेरै दिन भइसक्यो ।"**

रूकुम जिल्लाका मुलबाटा (गोरेटा) हरू आजभोलि सुनसान र चकमन्न छन् । जनयुद्धको प्रभावभन्दा पनि बढी मानिसमा असुरक्षा र त्रास छ ।

रूकुम जिल्लाको सदरमुकाम मुसिकोट र खलंगामा केही दिन अघोषित रूपमा कर्फ्यू पनि लागेको रहेछ । मानिसहरू सदरमुकाममा नयाँ व्यक्ति प्रवेश गर्नासाथ बढो उत्सुकताका साथ हेर्ने गर्छन् । सदरमुकाम प्रवेश गर्ने मूल बाटोमा नै जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय पनि भएकोले प्रहरी प्रशासनलाई नयाँ व्यक्तिको आवागमनप्रति निगरानी राख्न निकै सजिलो छ ।

जनयुद्धको घटना शुरू भएपछि जिल्लामा [illegible]ना व्यक्तिहरू गिरफ्तारीमा परेको कु[illegible] जिल्ला प्रहरी कार्यालयबाट थाहा भयो । पक्राउ परेका व्यक्तिहरूमध्ये ३८ जनालाई छोडिसकिएको छ । तर प्रहरीले हामीलाई ३५ जनाभन्दा बढी व्यक्तिहरूलाई देखाएनन् । सहजै अनुमान गर्न सकिन्थ्यो- प्रहरीले भने अनुसार नै पनि १८ जना व्यक्तिलाई देखाइएन र सम्भवतः उनीहरूलाई निर्मम यातना दिइएको हुनुपर्छ ।

प्रहरीको पक्राउमा परेका व्यक्तिहरूलाई कठोर यातना दिएको चर्चाले मात्र हैन, पक्राउमा परेकै एक शिक्षक लालसिंह अधिकारीको हिरासतमै प्रहरी यातनाको कारण निधन भएको घटनाले पनि सदरमुकाम तातेको थियो । यस सम्बन्धमा प्रहरीले सम्बन्धित व्यक्तिमाथि अनुसन्धान जारी रहेको बताए पनि हामीले भेटेका हिरासतभित्रका व्यक्तिहरूले प्रहरीकै सामुन्ने कठोर यातना दिइएको कुरा व्यक्त गरे । हिरासतमा राखिएका व्यक्तिहरूलाई पैतलामा पिट्ने, सिस्नो-पानी लगाउने, तिघ्रामा बेलना पेल्ने जस्तो यातना दिएकाले केही व्यक्तिहरू राम्ररी उभिन पनि असमर्थ थिए । तिनीहरूमध्ये केहीका हातगोडा सुन्निएका र शरीरमा अन्य नीलडाम पनि प्रस्टै देखिन्थ्यो । यस सम्बन्धमा एक प्रहरी अधिकृत गर्वसाथ भन्छन्- **"अलिअलि त मर्मत गरेकै हो । तर पेल्न नजान्नेले अलिक बढी पेलेछ ।"**

गत फागनु १५ गते विहान एकै समयमा कक्षा ५ मा पढ्ने १४ वर्षीय खड्गबहादुर के. सी. लगायत ६ जनालाई प्रहरीले गोली हानी मारेको घटनास्थलमा पुग्ने हाम्रो लक्ष्य थियो । हामी तीन जना मात्र घटनास्थलमा जान सक्ने सामान्य स्थिति छैन भन्ने आम धारणा त्यहाँ पाइयो । हामी स्थानीय जिविस प्रतिनिधि कृष्णबहादुर के. सी., इनसेक प्रतिनिधि दामोदर गौतम र जिविस रूकुमका कर्मचारी मोहन वि.क.का साथमा लागेर पिपल गा.वि.स.तर्फ लाग्यौं ।

यस जिल्लामा माओवादीले ५० वटाभन्दा बढी घरमा आगो लगाएको भन्ने प्रचार प्रशासनका तर्फबाट गरिएको थियो । तर हामीले घटनास्थलतर्फ जाने क्रममा भेरी नदीकै डिलमा रहेको पिपल गाविस-९ छिप्रा गाउँको बादी बस्तीका २ वटा घरमा आगो लगाइएको पायौं । जीवन निर्वाहको कुनै स्रोत नभएका सार्के बादी र आशीराम बादीका परिवार मागेर खान्छन् । उनीहरू भन्छन्- **"हाम्रो घरमा माओवादीले आगो लगाए भन्ने कुरा हामीलाई विश्वास लाग्दैन ।"**

यसै वस्तीको पिपल- ३ भीर गौरीमा प्रहरीले पक्राउ गरेका अन्य केही व्यक्तिलाई हामीले फेला पार्‍यौं । उनीहरूले बताए- **"घटनास्थलमा प्रहरीले घरभित्र पसेर गोली हान्यो । हामीसँग कुनै हातहतियार थिएनन् । प्रहरीको गोलीले मारिएका ६ जनामध्ये मनबहादुर के. सी. र कलबहादुर के. सी.लाई प्रहरीसँगसँगै आएका अन्य व्यक्तिहरुले घरभित्रबाट आँगनमा ल्याएर लाठीले मरणान्त पारेर चुटे । त्यसपछि उनीहरुमाथि प्रहरीले गोली चलायो ।"**

उनीहरूले बताए- **"त्यस घरमा १८ जना मानिसहरुमध्ये ४ जना महिला थिए । प्रहरीले महिलामाथि पनि अभद्र**

[illegible]नवाधिकारवादी कार्यकर्ताहरूसंग 'के हो जनयुद्ध, के हो गुरिल्ला ?' भन्[illegible] सोध्दै गाउँले महिलाहरू प्रहरीको गोलीले आफ्नै घरमा मारिएका ६ जनाका बारे बताउँदैछन् ।



व्यवहार गऱ्यो ।" मारिएका ६ जना व्यक्तिहरूमध्ये कुनै पनि व्यक्तिसँग हातहतियार नभएको र त्यहाँ दोहोरो भीडन्त पनि नभएको उनीहरूले बताए ।

हामी त्यस दिन घटनास्थल पुग्न सकेनौं ।

हामी घटनास्थलतर्फ चैत्र ६ गते विहानै लाग्यौं । त्यसतर्फको उकालोमा हामी चढ्दै गरेको देखेपछि गाउँका घर-घरबाट मानिसहरूले हामीलाई नियालेर हेरेका थिए । हामी त्यस वस्तीमा प्रवेश गरेका कारण धेरै जनताहरू त्रसित र आतंकित भएको थाहा लाग्यो । गाउँमा वृद्ध, वृद्धा, महिला बाहेकका धेरै व्यक्तिहरू नयाँ मानिस देखेपछि लुक्ने गर्दा रहेछन् । उकालोको बीचमा पुगेपछि अर्को एक वस्ती फेला पऱ्यो । तर वस्ती सुनसान थियो । त्यहीको एउटा घरका दुई दिदी बहिनीहरू हामीलाई देखेपछि रून र भाग्न थाले । उनीहरूलाई संझाइ-बुझाइ गरेर आफ्नो परिचय पनि दियौं ।

पछि हामी त्यही वस्तीको बाटो फर्कँदा उनीहरूले हामीलाई आफ्नो बारीको एक अंगालो हरियो केराउ उखेलेर ल्याइदिए । उनीहरूले हामीलाई भने- **"हामीलाई त तपाईहरु प्रहरी हो कि, कांग्रेस हो भनेर डर लाग्यो । तर तपाईहरु त हाम्रै मान्छे हुनुहुँदो रहेछ ।"**- हामीलाई देखेर किन रोएको भन्ने प्रश्नमा उनीहरूले उक्त जवाफ दिए ।

विकासको कुनै संकेत नपुगेको त्यस वस्तीका मानिसहरू वर्षादमा आहालमा जमाएको पानी खाँदा रहेछन् । हामीलाई असाध्यै तिर्खा लाग्दा पनि त्यस वस्तीमा खाने पानी पाउन सकेनौं ।

हामीले घटनास्थलमा पुग्नु अगावै एक जना महिलालाई बाटोमा भेट्यौं । करीब आधा घण्टाभन्दा बढी समयदेखि ती महिलाले हामीलाई एकोहोरो हेरेको हेऱ्यै थिइन् । उनले हाम्रो परिचय मागिन् । हामीले सोधेका कुनै पनि कुराको उनले जवाफ दिनुको सट्टा अनभिज्ञता व्यक्त गरिन् । ती महिलाले हामीलाई ६ जना मारिएको घर जाने बाटो सोढा सिधै बाटो नदेखाएर घुमाउरो बाटो देखाइदिएको रहस्य त्यस बेला थाहा भयो, जुन बेला हामी घटनास्थलमा पुग्यौं, त्यो भन्दा अगावै ती महिला त्यही घटना भएको घरसँगैको अर्को घरमा बाहिरबाट ताला लगाएर आँगनमा उभिएकी थिइन् ।

ती महिलाले आफ्नो नाम, थर पनि बताइनन् । उनी भएको घर पनि आफ्नो भएको स्वीकार गरिनन् । उनले त्यसो गर्नुको एउटै कारण थियो, उनका लागि हामी अपरिचित मात्र थिएनौं, हामी प्रहरी पनि हुन सक्थ्यौं, स्थानीय कांग्रेसको निर्देशनमा गएका बदमासहरू पनि हुन सक्थ्यौं । तर हामीले परिचय दिँदै गएपछि क्रमशः उनले आफ्ना वाध्यताहरू भने बताइन् । तर उनले अन्त्यसम्ममा पनि हामीलाई घटनासम्बन्धी सम्पूर्ण सूचनाहरू दिन अस्वीकार गरिन् ।

हामीले हाम्रो कुरा भनेर के गर्ने ? हाम्रो कुरा सुनिदिने मान्छे यहाँ आउने भए त हाम्रा छोरा-भाइहरू कुकुर विराला मारिएझैं मारिने नै थिएनन् । अहिले तपाईंहरूलाई आफ्ना कुरा भनेर के गर्नु, भरे राती नै प्रहरी आएर हामीलाई धम्क्याउँछन् । को आएका थिए ? किन आएका थिए भनेर सोध्छन् । हामी पढ्न लेख्न जान्दैनौं र तपाईंहरूले भनेका धेरै कुरा बुझ्न पनि सक्तैनौं ।

जुन घरमा एकै पटक ६ जना प्रहरीको गोलीले मारिए, त्यही घरको आँगनमा ती महिलाले उक्त कुरा बताइन् । उनले भनिन्-



ससुरालीबाटै माओवादीको नाममा गिरफ्तार गरिएका विद्यार्थी रामबहादुर बाँठा

● *सरकारी आतंकको नमूना*



दुई महिनाको बच्चा काखमा लिएकी विमला बि. क. आफ्नो श्रीमान् रामबहादुरलाई गिरफ्तार गरिएपछि आफूमाथि पनि प्रशासनको बक्रदृष्टि परेको बताउँछिन् ।

**"आजभोलि हामी घाँस दाउरा गर्न जाँदा खाजा लिएर जान पाउँदैनौं । यहाँको चलन नै बिहान मेला जाँदा रोटी र खोर्सानी लाने हो । तर अब त त्यसो गर्दा पनि माओवादीलाई खाना ल्याइस्, कहाँ छन् तिमीहरुका मानिसहरु ?- भनेर धम्क्याउने गरिन्छ । बेलुकी ५ बजेदेखि विहान ६ बजेभित्र आफ्नो घरमा फेला नपरे भोलि पल्ट आएर कुटपिट गर्ने र पक्राउ गर्ने धम्की दिइन्छ ।"**

घटनाको दिन शुरूमा दुई जना प्रहरीलाई लिएर गाविस अध्यक्ष देउचन वस्नेत (नेका) को दाजुको छोरा र मनबहादुर बस्नेत आएका थिए । सोही दिन राती अर्थात् १४ गते बेलुकी गाउँमा प्रहरी पसेकाले धेरै गाउँलेहरू प्रहरीले यातना दिने डरले सेतु जैसीको लेकको घरमा जम्मा भएका थिए । प्रहरीले ५५ वर्षीय सेतु जैसीलाई अगिल्लै दिन गाउँबाट गिरफ्तार गरी अनेकौं यातना दिएर उनका छोरा र गाउँका अन्य फरार व्यक्ति कहाँ छन् भनी सोधेको थियो । सेतुले यातना सहन नसकेपछि **"आफ्नो लेकको घर बाहेक केही छैन, म कसरी को कहाँ जान्छ भनौं"** भने ।

फागुन १५ गते सेतुलाई मरणान्त अवस्थामा १६ जना प्रहरी र २५-३० जनाभन्दा बढी स्थानीय कांग्रेस समर्थक व्यक्तिको समूहले घिसार्दै उनको लेकको घर पुऱ्याए । जुन समयमा **"प्रहरीसँग दोहोरो भीडन्त हुँदा प्रहरीले गोली चलाएको"** भनी सरकारी समाचार माध्यमहरूमा प्रचार गरियो, त्यहाँ त्यस्तो कुनै स्थिति सिर्जना भएकै थिएन ।

सेतु जैसीलाई घरको डिलमा राखेपछि प्रहरीले घरमा आगो लगाउने धम्की दियो । भित्र बसेका सबैले झ्याल ढोका लगाए । प्रहरीले गोली चलाउन थालेपछि बुद्धिराम र खगनु (वुद्धि) के.सी. २ जना व्यक्ति घरको छाना फोडेर भागे । झ्याल बन्द गर्दा गर्दै हातमा गोली लागेका बुद्धिराम केसी. र तिघ्रामा गोली लागेका भागीराम के. सी. झ्यालबाट नै भागे । भागेका व्यक्तिहरूलाई प्रहरीले पिछा गरेको थियो । उनीहरूलाई प्रहरीले पक्राउ गऱ्यो कि गोली हानेर माऱ्यो भन्ने कुरा सम्बन्धित व्यक्तिका परिवारलाई समेत अहिलेसम्म थाहा छैन ।

घटनास्थलभन्दा ५ मिनट पश्चिममा एउटा यस्तो भीर छ, जहाँबाट कुनै व्यक्ति लडी नै हाल्यो भने, तल-माथि कतैबाट भेट्न सकिन्न । गाउँलेहरू भन्छन्- **"प्रहरीले तिम्रा मान्छे लडेर मरेको भए भीरमा चिल घुम्छ, काजक्रिया गर्नू भनेको थियो ।"**

नभन्दै त्यो भीरमा केही दिनपछि गिद्धहरू पनि घुमे । तर गिद्ध किन घुमे भन्ने कुरा गाउँलेहरूले पत्ता लगाउन अझै सकेका छैनन् । अहिलेसम्म उनीहरू कसैले हराएका (भागेका) आफ्ना व्यक्तिहरू मरे भनेर काजक्रिया पनि गरेका छैनन् ।

सेतु जैसी आजभोलि आफ्नै घरको आँगनको डिलमा घाम तापेर बस्छन् । उनलाई दिएको प्रहरी यातनाका कारण उनी बोल्न, हिँड्न पनि सक्तैनन् । उनलाई खाना नरूचेको धेरै भइसक्यो, उनको स्वास्थ दिनहुँ बिग्रँदै गएको देखिन्छ ।

आफ्नो घरमा प्रहरीले भित्र पसेर गोली चलाउन थालेपछि आफूले पनि खास्टो ओढेर कुनामा लुकेको बताउँदै सेतु जैसीकी श्रीमती शशिला भन्छिन्-**"तपाईहरु प्रजातन्त्र, मानव अधिकार र महिला अधिकारको कुरा गर्नु हुन्छ । तर हामीले त्यही कुरा हुनु पर्छभन्दा यो हालत भोग्नु पऱ्यो ।"**

उहाँले यस पंक्तिकारले आफ्नो साथमा लगेको **"अस्मिता"** र **"सहचरी"** महिला पत्रिका दिएर पत्रिकाको सम्बन्धमा जानकारी दिएपछि उक्त प्रतिकृया व्यक्त गरेकी हुन् । घटनास्थलमा उपस्थित महिलाहरूले हामीले दिएका प्रकाशनहरू लिन मानेनन् । उनीहरूको भनाइ थियो-

**"हामीलाई तपाईहरुले दिएकै कुराका कारण प्रहरीले कारवाही गऱ्यो भने के गर्नु ? हामीलाई यी कुनै किताब चाहिँदैन । छोडेर नै गए पनि आगो बाली दिन्छौं ।"**

पिपल गाविसमा हाल अस्थायी प्रहरी चौकी राखिएको छ । गाविस अध्यक्ष बस्नेतको सिङ्गै घर लिएर प्रहरी बसेकै घर छेउको उपेन्द्र जैसी र पर्शुराम जैसीको घरमा आगो लाग्यो । घरधनी दुवै जना संजमो समर्थक व्यक्तिहरू हुन् । उनीहरू भन्छन्- **"रीसइवीले हाम्रो घरमा आगो लगाइयो । तर माओवादीले हैन ।"**

यसै आगलागीलाई सँगै रहेका प्रहरी चौकीका असई गिरबहादुर जिसी

(बाँकी ४० पेजमा)

## नेकपा (माओवादी) का शीर्षस्थ नेता तथा महामन्त्री

# क. प्रचण्डसँगको ताजा अन्तर्वार्ता

"हाम्रो पहिलो दिन गुरिल्ला कारवाही गरी तीन वटा प्रहरी चौकी कब्जा गर्ने र सामन्तहरूको संपत्ति कब्जा गरी जनतामा बाँड्ने मात्र योजना थियो ।"


**तपाईंहरुले जनयुद्धका लागि अहिलेकै समय, परिस्थिति र अहिलेका केही खास ठाउँहरु चुन्नुको कारण के हो ? बताइदिन सक्नु होला ?**

अर्ध-सामन्ती एवं अर्ध-औपनिवेशिक नेपालमा नयाँ जनवादी क्रान्तिको ऐतिहासिक अपरिहार्यता एवं देशको आजको सामाजिक-आर्थिक संरचना अन्तर्गत त्यसका लागि जनयुद्धको दीर्घकालीन प्रक्रियाका बीचबाट जानु पर्दछ भन्ने कुरा हाम्रो पार्टीले धेरै वर्षदेखि आम जनतामा स्पष्टसँग राख्दै आएको तथ्य कसैबाट छिपेको छैन । जनयुद्धको यो महान् प्रक्रियाको थालनीका लागि केही वर्षदेखि पार्टीले न्यूनतम आवश्यक तयारीको कामलाई विचारधारात्मक, संगठनात्मक, प्राविधिक एवं संघर्षसम्बन्धी तयारीका रूपमा परिभाषित गरी तिनमा घनीभूत रूपले लाग्दै आएको थियो । यसरी एउटा निश्चित सीमासम्म आत्मगत तयारी पूरा भइरहेकै स्थितिमा वस्तुगत रूपले बहुदलीय व्यवस्था स्थापनापछि बनेका प्रत्येक सरकारहरूले देश र जनताको राष्ट्रियता, जनतन्त्र एवं जनजीविकाका समस्याहरूलाई झन् झन् विकराल बनाउँदै लगेको र अभाव, असुरक्षा, महँगी, भ्रष्टाचारले जनजीवन आक्रान्त भइरहेको छ । त्यसमाथि अहिले राष्ट्रघात र जनहत्याका निमित्त कुख्यात पंच-कांग्रेसको सरकार बनेपछि, क्रान्तिकारी राजनीतिमा आस्था राख्ने जनसमुदायको उनीहरूकै संविधानसम्मत राजनैतिक गतिविधिहरूका विरूद्ध समेत राज्य आतंकको प्रयोग भइरहेको स्थितिका कारण हामीले यतिबेला नै जनयुद्धका लागि जनतालाई अपील गरेका हौं ।

जहाँसम्म स्थानको कुरा छ, साना ठूला कारवाहीहरू देशव्यापी रूपमा नै भएका छन् । त्यस प्रकारका ठाउँहरू, जहाँ विगतमा ग्रामीण वर्ग संघर्ष विशेष रूपले विकसित थिए, जहाँका जनतामा क्रान्तिकारी राजनीतिको प्रभाव व्यापक रहेको छ, त्यहाँ क्रान्तिकारी गतिविधिले तीव्रता प्राप्त गर्नु स्वाभाविक नै छ । यसका साथै देशको समग्र स्थितिको मूल्याङ्कनका आधारमा पार्टीले विकसित गरेको रणनैतिक योजनाको भूमिका पनि यसमा अवश्य रहेको छ ।

**आम जनता तपाईंहरुको युद्धमा साथ दिन तम्तयार नहुँदै यसरी युद्ध शुरु गरिदिनाले यो युद्ध जनयुद्धमा परिणत हुन नसक्ने र यो कार्यकर्तायुद्धमै सीमित हुने संभावना देख्नु हुन्न ?**

नेपाल जस्तो अर्ध-सामन्ती एवं अर्ध-औपनिवेशिक देशमा एकै साथ देशभरिका आम जनता युद्धमा सहभागी हुन संभव नै छैन । यो प्रश्नमा संसारभरि र हाम्रो देशमा पनि क्रान्तिकारी मार्क्सवाद र सुधारवादका बीचमा भीषण वैचारिक लडाइँ चलिरहेको छ । हाम्रो के स्पष्ट मान्यता छ भने, सामन्तवाद र साम्राज्यवादको दोहोरो शोषण-उत्पीडनको मारमा परेर असमान आर्थिक, राजनैतिक विकास भएको, जनसंख्याको अत्यधिक ठूलो हिस्सा विशाल ग्रामीण इलाकामा छरिएर रहेका गरीब किसानहरू भएको, शहरमा आधुनिक उद्योगधन्दा र कलकारखानाको विकासको अभावका कारण आधुनिक मजदूर वर्गको विकास र केन्द्रीकरणको अभाव रहेको तथा शहरमा नै दुश्मनको शक्ति विशेष केन्द्रित रहेको हाम्रो जस्तो सामाजिक-आर्थिक संरचना भएको देशमा आम जनता एकै साथ जनयुद्धमा संलग्न भई छोटै अवधिमा क्रान्ति सम्पन्न हुन संभव नै छैन । फेरि उपरोक्त विशेषताका कारणले नै जनयुद्धको दीर्घकालीन प्रक्रियाबाट नगई यहाँ क्रान्तिकारी पार्टी र क्रान्तिकारी संघर्षको विकास असंभव छ । यो कुरा मार्क्सवाद-लेनिनवाद-माओवादको सिद्धान्तका आधारमा मात्र होइन, नेपाली कम्युनिष्ट आन्दोलनको करीब ५० वर्षको इतिहासले पनि प्रमाणित गरिसकेको छ । यो वा त्यो प्रतिक्रियावादी गुटको नेतृत्वमा हुने निम्न-पूँजीवादी आन्दोलनमा रम्ने सुधारवादी चश्मा खोलेर हेर्‍यो भने, यो कुरा छर्लङ्ग हुन्छ । संसदीय र सुधारवादी गतिविधिबाट प्रतिक्रियावादी पार्टीको मात्र


फोटोः उषा

> क. प्रचण्डसँगको यो विशेष अन्तर्वार्ता हाम्रा भारतस्थित विशेष संवाददातामार्फत् पत्राचारद्वारा प्राप्त भएको हो ।
> **-मूल्याङ्कन**

> "फागुन १ पछि देशमा क्रान्तिकारी आन्दोलनले फड्को मारेको छ"
> -का. बाबुराम भट्टराई



फोटो: उषा

विकास हुन्छ भन्ने कुरा के एमाले गुटले देखाइरहेको छैन र ?

यसरी मार्क्सवाद-लेनिनवाद-माओवादले हामीलाई के सिकाएको छ भने, हाम्रो जस्तो देशमा आम जनतालाई जनयुद्धको प्रक्रियामा उतारेर दुश्मनलाई धराशायी पार्नका लागि छापामार युद्ध हुँदै अगाडि बढ्ने दीर्घकालीन जनयुद्धको बाटो हिंड्नै पर्दछ । जहाँसम्म छापामार युद्धका निमित्त जनताको साथ र समर्थनको प्रश्न हो, त्यो नेपालमा संभव छ । यसमा हाम्रो के पनि दावी छ भने, निश्चित रणनैतिक इलाकाहरूमा तथा देशव्यापी रूपमा लाखौं-लाख जनताको सहयोग र समर्थन नभएको भए हाम्रो लडाकू एवं नेतृत्वदायी कुनै पनि सदस्यहरू एक महिना त के एक दिन पनि टिक्न संभव थिएन । यस सन्दर्भमा क्रान्तिकारी आन्दोलनका तमाम शुभचिन्तकहरूमा हाम्रो के अनुरोध छ भने, प्रतिक्रियावादीहरूको नियोजित प्रचारको भ्रमबाट मुक्त भई, यो वास्तविकतालाई बुझ्ने कोशिश गरियोस् कि- हाम्रो पार्टी र हाम्रा योद्धाहरू हजारौं र लाखौं जनताको संघर्षले जन्माएका प्रतिनिधि पात्र हुन् र ती अहिले पनि जनताकै साथमा बाँचिरहेका छन् ।

**देशका तमाम वामपन्थी पार्टीहरुले तपाईहरुको जनयुद्धलाई "उग्रवामपन्थी भड्काव" भन्दैछन् त ! तपाईहरुले यो आरोपलाई कसरी प्रत्युत्तर दिनु हुन्छ ?**

हाम्रा लागि यो आरोप अपेक्षित नै थियो । क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्तिको विशिष्टतामा त्यसको प्रयोगका बारेमा हिजैदेखि जुन वैचारिक अन्तर थिए, ती आज व्यवहारिक रूपले अभिव्यक्त हुनु बिलकुल स्वभाविक कुरा हो । नेपालका ती तमाम "वामपन्थीहरू" क्रान्तिकारी भइदिएको भए हामीले जनयुद्ध शुरू गर्नै पर्ने थिएन !

फेरि पनि यदि तपाईंले वामपन्थीमा एमालेलाई पनि राख्नु भएको हो भने, त्यसमा हाम्रो केही भन्नु छैन । एमाले गुटको बहुदलीय "जनवादी" पक्ष खुलम्खुल्ला जनताको क्रान्तिकारी आन्दोलनको दमनका निमित्त पुराना प्रतिक्रियावादीहरूलाई उक्साइरहेको छ । कुर्सीका निमित्त देशका कुख्यात निरंकुशतावादी तत्वहरूसँग साँठगाँठ गरेर ०४६ सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरू दरबारमा बुझाउने स्तरमा गिरेको छ । यस्ता तत्वहरूले हाम्रा विरूद्ध लगाउने आरोपको के अर्थ हुन्छ, सजिलै बुझ्न सकिन्छ ।

अन्य माओ विचार मान्ने र नयाँ जनवादी क्रान्तिको कुरा गर्ने समूहहरूको आरोपमा पनि हामीले अन्तर पाएका छौं । कतिपयको नियत सफा रहेको छ भने, कतिपयको पूर्वाग्रहपीडित रहेको छ । वहाँहरूप्रति हाम्रो भन्नु के छ भने, मार्क्सवादलाई सुधारवादका रूपमा बुझ्न छोड्नु पर्दछ । दीर्घकालीन जनयुद्धको प्रक्रियालाई सशस्त्र विद्रोहका रूपमा बुझ्न छाड्नु पर्दछ । इतिहासको अग्रगामी प्रवाहलाई बुझ्ने कोशिश गरिनु पर्दछ ।

साथै सफा नियतबाट उठेका कुराहरूलाई हामीले आवश्यक गंभीरताका साथ हेरिरहेका छौं ।

**अहिलेको कारवाहीपछि राष्ट्रियता, जनवाद र जनजीविकाका दैनिक समस्याहरुलाई लिएर खुलेआम जनताको संघर्ष उठाउनु असंभव हुँदै गएको महसुस गर्नु भएको छ कि छैन ? साँच्चै भन्नुहोस् त, बदलिएको परिस्थितिमा अब तपाईहरु जनताको टड्कारो जीवन-समस्यालाई लिएर जनआन्दोलन कसरी उठान गर्नु हुन्छ ?**

> *जहाँसम्म छापामार युद्धका निमित्त जनताको साथ र समर्थनको प्रश्न हो, त्यो नेपालमा संभव छ ।*

शान्तिपूर्ण संघर्षको प्रक्रियाबाट सशस्त्र संघर्षको प्रक्रियामा प्रवेश एक ऐतिहासिक महत्वको गुणात्मक फड्को हो । यसले सिंगो समाज, पार्टीको जीवन र आन्दोलनका अन्य सबै पक्षमा गुणात्मक प्रभाव पार्दछ र त्यो पारिरहेको पनि छ । यति ठूलो संक्रमणको अवधिमा सबै चिजहरू सरल हुन सक्तैनन् । पुरानो संरचना नष्ट हुने र नयाँ निर्माणको प्रक्रिया शुरू हुने अहिलेको विन्दुमा हर चिज संक्रमणकालीन हुनु स्वाभाविक छ ।

यस सन्दर्भमा हामी स्पष्ट छौं कि, जनताका दैनिक समस्याहरूलाई लिएर आन्दोलन जारी राख्नु पर्दछ । यसमा दुई प्रकारका विधि अपनाउनु जरूरी छ । पहिलो, हाम्रो जनाधार राम्रो भएका ईलाकाहरूमा सकेसम्म प्रत्यक्ष रूपमा जनपरिचालनका निमित्त पहल गर्नु । दोस्रो, विद्यमान प्रतिक्रियावादी संविधान र नियम, कानून अन्तर्गत नै बनेका वा बन्ने विभिन्न देशभक्त एवं जनवादी संघ- संस्था एवं पेशागत संगठनका जायज मागहरूलाई सक्रिय सहयोग र समर्थन गर्नु ।

यसबीचमा एक पटक पुनः के कुरा स्पष्ट भएको छ भने, नेपालको कथित संसदीय सरकार पूराका पूरा फाशिष्ट पंचायती संस्कारबाट ग्रस्त छ । सरकारलाई आफ्नैं संविधान, नियम, कानूनमा उल्लेख भएका वर्जुवा मौलिक अधिकारको कुनै मतलव छैन । जनयुद्धमाओवादीले अपील गर्दछ । घटना प्रक्रियामा संलग्न व्यक्तिहरू एकातिर छन्, सरकार देशव्यापी रूपमा असम्बन्धित व्यक्ति र भिन्न विचार राख्ने पेशागत संघ-संस्थाका सदस्य, बुद्धिजीवीहरू, लेखक, कलाकारहरू, समर्थक, शुभचिन्तक जनसमुदायलाई अन्धाधुन्ध धरपकड गर्ने र यातना दिने काम गर्दछ । विद्यालयमा पढाइरहेका शिक्षकलाई बिनाकारण गिरफ्तार गर्दछ र विद्यार्थीलाई गोलीले भुट्छ, गाउँमा बसिरहेका युवकहरूको हत्या गर्दछ । कसैलाई पक्रन गिरफ्तारीको पूर्जी पनि चाँहिंदैन, कुनै कानूनी शर्त पुऱ्याउनु पर्दैन । यो वास्तवमा ०४६ सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धिको अपहरणको ताजा र नाङ्गो उदाहरण हो । यो सम्पूर्ण वामपन्थी प्रगतिशील, देशभक्त एवं जनतान्त्रिक शक्तिहरूका अगाडि सरकारले खडा गरेको नयाँ चुनौती हो । "बुढी मरी भन्ने पीर भन्दा काल पल्क्यो" भन्ने कुरा बुझेर भए पनि विगत आन्दोलनको उपलब्धिको रक्षाका लागि समेत संघर्षमा उठ्नु आजको आवश्यकता भएको छ ।

**तपाईहरुले अहिले एकै चोटि सबैलाई प्रहार गर्ने कार्यनीति अपनाउनु भएको देखिएको छ ? के यस्तो कार्यनीति तपाईहरुको उद्देश्यसिद्धिका लागि सहायक हुन सक्छ ?**

हामीले सबैतिर एकै चोटि प्रहार गर्ने कार्यनीति अपनाएका छौं भन्ने कुरा नै गलत हो । यो यथार्थमा प्रतिक्रियावादी एवं संशोधनवादीहरूले फैलाएको हल्ला हो । हाम्रो वर्गीय रूपमा सामन्त, नोकरशाह र दलाल पूँजीपति वर्गमाथि

> "हाम्रो पार्टीले जनयुद्धको पहल गर्दा व्यक्तिहत्याको कुनै कारवाही नगर्ने स्पष्ट नीति बनाएको छ।"

## नेपालका ती तमाम "वामपन्थीहरू" क्रान्तिकारी भइदिएको भए हामीले जनयुद्ध शुरू गर्नै पर्ने थिएन !

प्रहार केन्द्रित गर्ने तथा राजनैतिक रूपमा सरकारमा भएका विभिन्न पार्टीहरूको पनि जनताका विरूद्ध राज्य आतंक मच्चाउन विशेष पहल गर्ने पक्षका विरूद्ध नै प्रहार केन्द्रित गर्ने स्पष्ट नीति छ । त्यस बाहेकका वर्ग र राजनैतिक पार्टीका विरूद्ध हामीले कहीं पनि आक्रमण गरेका छैनौं । अपवादका रूपमा कतिपय स्थानमा जनताले आफ्नो आक्रोश पोखेको भए त्यो अलग कुरा हो । वास्तविक घटनाक्रम र त्यसको परिणामको मूल्याङ्कन गरेर यो नीतिको कार्यान्वयनमा त्रुटि रहेको भए त्यसलाई सच्याइने छ ।

**परिवर्तित परिस्थितिमा तपाईहरुले सामुन्नेमै सामना गर्नु परिरहेका समस्याहरु के के हुन् ?**

ठीक यतिबेला हामीलाई महसुस भइरहेको मुख्य समस्या भनेको संचार र प्रचारको समस्या हो । संचारमा एकाधिकार गरेर बसेको विद्यमान सरकारले यस बीचमा यति धेरै झुठ्ठा, भ्रामक र अतिरन्जित प्रचार गरिरहेको छ कि त्यसलाई समयमै सतथ्य भण्डाफोर गर्न नसक्दा जनतामा भ्रम पर्ने खतराले हामी चिन्तित छौं । फेरि पनि हामी त्यसको सामना भने गरिरहेका छौं र गरिरहने छौं ।

**प्रकाशित गर्न मिल्ने तपाईहरुको अर्को चरणको कार्यक्रम के हुनेछ, बताइदिन सक्नु हुन्छ ?**

नेपालको इतिहासमा जुन नयाँ चिज जन्मिएको छ, त्यसको रक्षा र विकास गर्ने कुरामा नै हाम्रो अबको चरणको कार्यक्रम केन्द्रित हुनेछ । जनयुद्ध थालनीको ऐतिहासिक प्रक्रियाको समग्र मूल्याङ्कन गरेर नै अर्को चरणको कार्यक्रम बन्ने छ । अहिले हामी त्यही मूल्याङ्कन प्रक्रियामा छौं ।

**अब त प्रतिक्रियावादीहरु आफैंले तपाईंहरुको नाममा जनतामा बदनामी गर्ने र जनताबाट कट्ने खालका काम गरिदिन सक्छन् । दाङमा गरेकै देखियो । यस्तो अराजकता हुनबाट जोगाउने प्रभावकारी उपाय के सोच्नु भएको छ ? जनताले कसरी थाहा पाउने कि कुन काम तपाईंहरुले गरेको हो, कुन काम प्रायोजित हो ?**

संसारभरका क्रान्तिकारी आन्दोलनहरूमा विगतदेखि वर्तमानसम्म प्रतिक्रियावादीहरूले यस प्रकारको षड्यन्त्र गर्दै आएका छन् र नेपाल पनि त्यसको अपवाद हुन सक्तैन । गत एक महिनाभित्रै यस प्रकारका धेरै घटना घटेका छन् । भोजपुरमा कांग्रेसले नै पुलिसलाई गोली हानेर हामीलाई दोष लगाई १ सय जना सेना र करीब १ सय ५० जना पुलिस उतारेर एउटा गाउँमा नृसंश दमन अभियान चलाएको छ । रोल्पाका कैयौं ठाउँमा कांग्रेसहरूले नै घर-गोठमा आगो लगाएर हामीलाई आरोप लगाउने काम गरेका छन् । गोरखामा प्रतिक्रिया-वादीहरूले जनताको बाली नष्ट गरी हामीलाई बदनाम गर्ने कोशिश गरिरहेका छन् । कैयौं ठाउँमा व्यक्तिगत रीसइवीका घटनाहरूलाई हामीसँग जोडेर प्रचार गर्ने काम भइरहेको छ । हामी यी सबै घटनाहरूको तथ्य संकलन गर्दैछौं, जुन पछि आम जनतासामु प्रस्तुत गरिने छन् ।

यसलाई रोक्ने उपायको बारेमा हामीले सबैतिर पार्टीलाई चनाखो भएर त्यस प्रकारका गतिविधिमा संलग्न व्यक्तिहरूलाई पक्रने र जनतामा नंग्याउने विधिमा जोड दिएरहेका छौं । यसका साथै पार्टीको नीति जनताको कुनै पनि सम्पत्ति नष्ट गर्ने, आगो लगाउने आदि छैन भन्ने कुरा व्यापक प्रचार गरी आम जनतालाई नै त्यस प्रकारका गतिविधि रोक्न परिचालन गर्नु नै यसको सबैभन्दा प्रभावकारी उपाय हो । यस सन्दर्भमा त्यस प्रकारका एकाध सफलता पनि प्राप्त भइसकेका छन् ।

**तपाईहरुको यतिखेर मित्र को ? शत्रु को ? प्रमुख साथी को ? प्रमुख दुश्मन को ?**

सामन्त, जमिन्दार, नोकरशाह र दलाल पूँजीपति एवं उनीहरूको स्वार्थ रक्षा गर्ने विद्यमान सत्ता नेपाली जनताका शत्रु हुन् र स्वतः पार्टीका पनि शत्रु हुन् । यस बाहेकका मजदूर, भूमिहीन किसान, गरीब किसान, मध्यम वर्गीय किसान र धनी किसानसम्म तथा शहरीया निम्न पूँजीपति वर्गदेखि देशभक्त राष्ट्रिय पूँजीपतिसम्म ती सबै जो सामन्तवाद र साम्राज्यवाद विरोधी छन् नेपाली जनताका मित्र शक्ति हुन् र स्वतः पार्टीका पनि मित्र हुन् । मजदुर, भूमिहीन र गरीब किसान प्रमुख साथी हुन् भने, यतिबेला सत्तामा बसेर देशलाई खड्ढार पार्ने तथा जनताका विरूद्ध राज्यआतंक मच्चाउने तत्वहरू मुख्य दुश्मन हुन् ।

**तपाईहरुको कार-वाहीबाट जनताले चाहिं अनावश्यक दुःख व्यहोर्नु पर्ने, तपाईहरु खास गरी नेतृत्वचाहिं चोखै बच्ने भन्ने आरोप छ, तपाईंको यसमा के जवाफ छ ?**

यो आरोपको वास्तवमा कुनै जवाफ नै छैन । यस प्रकारका कुरा जनता, वर्ग, पार्टी र क्रान्तिबारे बिलकुल अनभिज्ञ रहेकाहरूले उठाउन सक्छन्, त्यो अवस्थामा उनीहरूलाई शिक्षित गर्नु बाहेक अर्को विकल्प रहन्न । तर मलाई जहाँसम्म लाग्छ, नेपालमा यो कुरा प्रतिक्रियावादी र संशोधनवादीहरूले जनताद्वारा कैयौं वर्ष लगाएर तयार पारेको क्रान्तिको पूँजीका रूपमा रहने नेतृत्व पंक्तिलाई प्रारम्भमै सिध्याएर क्रान्तिकारी आन्दोलनलाई ध्वस्त पार्ने षड्यन्त्रका रूपमा आइरहेको छ । यसको भण्डाफोर गर्नु सम्पूर्ण क्रान्ति-पक्षीय शक्तिको दायित्व हो ।

**आधिकारिक तवरबाट भनीदिनुस् त, अहिलेसम्म तपाईहरुले चलाउनु भएको जनयुद्धबाट कति जना प्रतिक्रियावादीहरु मरे, घाइते भए र आफ्नो पक्षका कति जना योद्धा र जनताको ज्यान गएको छ ?**

यो प्रश्नका सन्दर्भमा सर्वप्रथम म के स्पष्ट गर्न चाहन्छु भने, हाम्रो पार्टीको जनयुद्धको यो ऐतिहासिक पहलका सन्दर्भमा व्यक्तिहत्याको कुनै कारवाही नगर्ने स्पष्ट नीति रहेको छ । त्यसकारण हाम्रो योजना अनुसार यो अवधिमा एउटा पनि हत्या भएको छैन । यदि हत्याको योजना बनेको भए पार्टीले देशभर सयौंको हत्या गर्न सक्दथ्यो । विदेश र स्वदेशका तमाम विगतका अनुभवहरूबाट शिक्षा लिएर पार्टीले व्यक्तिहत्याको प्रक्रियाबाट जनयुद्धको शुरूवात गर्नु गलत हुन्छ भन्ने निष्कर्षमा पुगेको हो । म तपाईंको पत्रिकामार्फत् आम पाठकहरूलाई स्पष्ट गर्न चाहन्छु कि- यस अवधिमा पार्टीले गुरिल्ला कारवाहीका केही निश्चित लक्ष्य (Target), सामान्य प्रकारका सेवोटेज (Sabotage) का कारवाही तथा प्रचारात्मक कारवाही मात्र गर्ने किटान गरेको हो । त्यस अनुसार गुरिल्ला कारवाहीमा पहिलो दिन तीन वटा प्रहरी चौकी कब्जा गर्ने र पछि देशका केही सामन्तहरूको सम्पत्ति कब्जा गरी जनतामा बाँड्ने जस्ता कारवाहीहरू थिए । यी सबै कारवाहीहरू पूर्ण रूपमा सफल भएका छन र कहीं कसैलाई कुटपिट र अङ्गभङ्ग गर्ने काम भएका छैनन् । चौकी कब्जा गरेपछि पुलिस र उनीहरूका परिवारसँग अत्यन्त राम्रो व्यवहार गरि सम्झाई, बुझाई छोड्ने काम भएको छ । सामन्तहरूको घर कब्जा गरेपछि उनीहरूको परिवारलाई कुनै पनि प्रकारको यातना दिइएको छैन । के पार्टीले चाहेको भए त्यो अवस्थामा पुलिस र अन्य सामन्तका परिवारलाई खत्तम गर्न सक्तैनथ्यो ? त्यस्तै सेवोटेज अन्तर्गत कतिपय रकसी भट्टिहरू तोडफोड भएका छन् । यस बीचमा सबैभन्दा बढी कारवाही

> "चौकी कब्जा गरेपछि पुलिस र उनीहरूका परिवारसँग अत्यन्त राम्रो व्यवहार गरी सम्झाई, बुझाई छोड्ने काम भएको छ । सामन्तहरूको घर कब्जा गरेपछि उनीहरूको परिवारलाई कुनै पनि प्रकारको यातना दिइएको छैन । "





फोटोः उषा

प्रचारात्मक भएका छन्, जस अन्तर्गत पर्चा, पोष्टर, वालिङ्ग, मशाल जुलूस, गाउँका जनतालाई जम्मा गरेर पार्टी लाइनको प्रचार गर्ने आदि रहेका छन् ।

स्थानीय रूपमा मुख्यतः रोल्पा, रूकुममा हिजो रोमियो अपरेशनका नाममा सरकारले चलाएको राज्यआतंक र त्यसमा सहयोग गर्ने स्थानीय जाली फटाहाहरूमाथि स्थानीय रूपमा नै जनताले आफ्नो आक्रोश व्यक्त गरे । त्यो

**पार्टीको नीति जनताको कुनै पनि सम्पत्ति नष्ट गर्ने, आगो लगाउने आदि छैन**




*माओवादीहरुद्वारा आगो लगाइएको भनी सरकारद्वारा प्रचार गरिएको भेरी नदीको किनारमा रहेका दुई घर, जहाँ मागेर जीवन निर्वाह गर्ने वादी जाति बस्छन्*

प्रक्रियामा केही व्यक्तिहरू कुटपिटमा परेका हुन् । रोल्पामा सामान्य सेवोटेजका क्रममा भएको मूठभेडमा दुई जना व्यक्तिको मृत्यु बाहेक जानीबुझी कहीं पनि हत्या भएको छैन ।

तर, यसबीचमा सरकारले के गर्‍यो ? २२ जनाको नृशंस हत्या गर्‍यो । हत्याको शुरूवात गोरखाबाट भयो । त्यहाँ कुनै पनि घटना-प्रक्रियासँग सरोकार नभएका विद्यालयका प्रधानाध्यापक, जो आफ्नो अध्यापन कार्यमा व्यस्त थिए, उनलाई दिउँसै विद्यालयबाट पढाउँदा पढाउँदै चकडष्टरसहित पक्राउ गर्दा स्वाभाविक रूपले विद्यार्थी र स्थानीय जनता आक्रोशित भए, त्यही बहानामा कलिला विद्यार्थीहरूलाई ताकेर गोली हानियो । त्यस क्रममा दुई जना विद्यार्थीहरूको ज्यान गयो । रूकुममा आरामसँग सुतिरहेका ६ जना हाम्रो पार्टीका सदस्यहरूलाई ५ बजे विहान उजेलो नहुँदै एकाएक गोलीले भूटियो । ठीक त्यही तरिकाले रूकुममा पनि कुनै घटनामा संलग्न नभएका दुई जना सदस्यहरूको हत्या गरियो । जाजरकोटमा हत्कडीसहित भागेको बहाना बनाएर भीरबाट लडाएर हत्या गरियो । सयौं निर्दोष व्यक्तिलाई गिरफ्तार गरेर अमानवीय यातना दिने काम भइरहेको छ । कुनै नियम, कानून, पद्धति र प्रक्रिया केही छैन । यही हो सरकारको "आतंकवाद" विरोधी "प्रजातान्त्रिक" चरित्र ?!

**अहिले भर्खरै एमालेले डाक्न लगाएको संसद्को विशेष अधिवेशनसम्बन्धी घटनालाई तपाईहरु कसरी हेरिरहनु भएको छ ?**

पहिलो कुरा त, यो प्रतिक्रियावादी राज्यसत्तामा बढिरहेको राजनैतिक संकटको अभिव्यक्ति हो । दोस्रो कुरो, यो एमाले गुटको आन्दोलनकारी जनता र आफ्नै कार्यकर्ताहरूको ध्यान अन्यत्र मोड्ने चाल हो । तेस्रो कुरा, यो राप्रपा र दरबारीया तत्वसँग मिलेर कुर्सीमा पुग्न गरिएको एमालेको कसरत हो, जसले ०४६ सालको जन-आन्दोलनको उपहास गरिरहेको छ र एमालेको पतनको पराकाष्ठालाई देखाइरहेको छ । समग्रमा यो प्रक्रिया अन्तर्गत सांसद्हरूको किनबेच, थुनछेक, अपहरण, जालझेल, षड्यन्त्रको जुन नग्न र घृणित खेल चल्यो, त्यसले संसदीय व्यवस्थाको निकम्मापनलाई पुनः एकपटक तीखो रूपले उजागर गरिरहेको छ । यसले नेपाली जनताका अगाडि आमूल परिवर्तनको बाटोमा अघि बढ्नु बाहेक अर्को विकल्प छैन भन्ने कुराको थप पुष्टि भइरहेको छ ।

धन्यवाद !.❑

# "माओवादी" "जनयुद्ध" जनयुद्ध होइन

— क.मोहनविक्रम सिंह
नेकपा (मसाल)

तपाईहरू नेकपा माओवादीको संघर्षलाई उग्र "वामपन्थी" गल्ती मान्नु हुन्छ । फेरि उनीहरूमाथि सरकारले चालेको कदमलाई राज्य-आतंक भन्नु हुन्छ । मूर्त रूपमा भन्दा सरकारले उनीहरूप्रति कस्तो कदम चाल्नु पर्छ ?

**–"माओवादी" हरुको अहिलेको कारवाहीलाई हामीले उग्र "वामपन्थी" गल्ती भनेका छौं । तर हाम्रो यो पनि स्पष्ट र दृढ मत छ कि- यस प्रकारको कारवाही सर्वप्रथम सरकारका गलत नीतिहरु तथा राज्य-आतंकवादका परिणाम हुन् । त्योभन्दा गंभीर समस्या के हो भने- त्यस प्रकारका नीतिहरु वा राज्य-आतंकवादबाट सुरक्षा वा न्यायको प्राप्तिका लागि कुनै शान्तिपूर्ण र कानूनी उपाय छैन । त्यो अवस्थामा सशस्त्र संघर्षबाहेक सरकारका गलत नीतिहरुको प्रतिरोधको लागि अन्य कुनै उपाय छैन । त्यो अवस्थामा "माओवादी" हरुले उठाएको कदम सही दिशामा उठाएको कदम हो । त्यसबारे हाम्रो मतभेद खालि यति मात्र हो कि- त्यो कदम गलत समयमा र परिस्थिति परिपक्व नहुँदै उठाइयो । तैपनि, त्यस प्रकारको कारवाहीका लागि सर्वप्रथम हामीले वर्तमान व्यवस्था र सरकारलाई नै दोषी ठहराउँदछौं । त्यसकारण "माओवादी" हरुको उग्र "वामपन्थी" कारवाहीको आलोचनाका सन्दर्भमा पनि हाम्रो संघर्षको मुख्य धार विद्यमान प्रतिक्रियावादी व्यवस्था र सरकारका गलत नीतिहरुका विरुद्ध नै केन्द्रित हुनु पर्नेछ र हुनेछ । त्यो बाहेक, उक्त उग्र "वामपन्थी" कारवाहीका बहानामा सरकारले व्यापक रुपमा निर्दोष व्यक्तिहरुलाई गिरफ्तार गर्ने, यातना दिने, मुद्दा मुद्दा लगाउने, राजनैतिक प्रकृतिका संघर्षहरुलाई अपराधिक कारवाही बताउने, मुठभेडका नाममा हत्या गर्ने आदि गरेर व्यापक रुपले राज्य-आतंकको नीति अपनाउने, देशमा विद्यमान सीमित प्रजातन्त्रलाई समाप्त गर्ने षड्यन्त्र गर्दैछ । त्यसप्रति पनि हाम्रो तीव्र विरोध छ ।**

नेकपा (माओवादी)ले आफ्नो संघर्षलाई "जनयुद्ध" भन्दछ । तर तपाईहरू त्यसलाई जनयुद्ध मान्नु हुँदोरहेनछ । त्यसो हो भने, उनीहरूको कारवाहीलाई के भन्नु हुन्छ ?

**–माओवादीहरुको कथित जनयुद्धलाई हामीले जनयुद्ध ठान्दैनौं र त्यो जनयुद्ध होइन । मार्क्सवादी-लेनिनवादीहरु यो कुरामाथि विश्वास गर्दछन् कि- अन्तिममा सशस्त्र संघर्षबिना आजको विद्यमान प्रतिक्रियावादी व्यवस्थामा परिवर्तन संभव छैन । तर मुट्ठिभर क्रान्तिकारीहरुको सशस्त्र कारवाही होइन, जनताको व्यापक सहभागितामा आधारित सशस्त्र संघर्षद्वारा नै त्यस प्रकारको परिवर्तन संभव छ । यो प्रश्नमा लामो समयदेखि नै मार्क्सवादी-लेनिनवादीहरुका बीचमा मतभेद रहँदै आएको छ । अराजकतावादीहरुले मुट्ठिभर क्रान्तिकारीहरुको सशस्त्र कारवाहीमा नै जोड दिन्छन्, जबकि- मार्क्सवादी-लेनिनवादीहरुले जनताको व्यापक सहभागितामा आधारित जनयुद्धमा जोड दिन्छन् । जनतालाई त्यस प्रकारको क्रान्तिकारी संघर्षका लागि लामो समयसम्म जनसंघर्षद्वारा उनीहरुको चेतना र संघर्षको स्तर उठाउनु पर्ने आवश्यकता हुन्छ । तर अराजकतावादी चिन्तन, जो मुख्यतः निम्न पूँजीवादी चरित्रको परिणाम हो, मा त्यस प्रकारको लगन र धैर्यताको कमी हुन्छ । त्यसकारण, उनीहरु जनतालाई छाडेर अगाडि बढ्न चाहन्छन् र उनीहरुले यो कुरामा विश्वास गर्दछन् कि- मुट्ठिभर क्रान्तिकारीहरुको वीरतापूर्ण संघर्षपछि जनता स्वयं उनीहरुका पछि लाग्ने छन् । "माओवादीहरु" को अहिलेको कारवाहीमा त्यही प्रकारको अराजकतावादी चिन्तनले काम गरेको छ । उनीहरुले ठाउँ ठाउँमा गरेको कारवाहीबाट पनि यो कुरामा कुनै शंका रहन्न कि- ती कारवाहीहरु मुट्ठिभर व्यक्तिहरुका कारवाही मात्र हुन्, जसमा जनताको सहभागिता बिलकुल छैन भने हुन्छ । त्यसरी उनीहरुको सशस्त्र कारवाहीको प्रकृति जनयुद्धको प्रकारको नभएको कुरा प्रष्ट छ । त्यो अवस्थामा त्यो मुट्ठिभर व्यक्तिहरुको उग्र "वामपन्थी" कारवाही मात्र हो ।**

❑ (जनएकता साप्ताहिक, चैत्र १२ बाट)

# रुसी संसदको सोभियत संघ फेरि स्थापना गरिने ऐतिहासिक निर्णय

**“आज प्रत्येक गाडी चालकले आफ्नो साथमा क. स्टालिनको फोटो राख्छ”- यो भनाइ पूर्व सोभियत गणतन्त्र जर्जियाको एक ट्रक ड्राइभर अलेक्सान्डरको हो । उनी अझ अगाडि भन्छन्- “जस्तोसुकै कठीन अवस्थामा पनि स्टालिनलाई सम्झँदा जे गर्न पनि आँट आउँछ ।”**

आर्थिक दुर्दशा र राष्ट्र विखण्डनको पीडाले छट्पटाइरहेका पूर्व सोभियत संघका जनताहरू अहिले क. स्टालिन र उहाँको पालामा सोभियत जनताले प्राप्त गरेको उच्च आर्थिक समृद्धि र राष्ट्रिय गौरवको गाथालाई सम्झँदै वर्तमान पूँजीवादी नेतृत्वलाई सराप्न थालेका छन् । माथिको भनाइ एक ट्रक ड्राइभरको मात्र नभई अहिलेको आर्थिक तथा राजनैतिक दुर्दशाबाट पीडित हज्जारौं लाखौं पूर्व सोभियत संघका जनताहरूको भनाइ भएको कुरा आजभोलि त्यहाँ हुने गरेका विभिन्न घटनाहरूले पुष्टि गर्छन् ।

विश्वका पूँजीवादीहरूले क. स्टालिनलाई तानाशाहको रूपमा संज्ञा दिई जस्तोसुकै हल्ला पिटे पनि खुश्चोभदेखि गोर्भाचोभ र येल्तसिनसम्मका संशोधनवादी तथा पूँजीवादी नेतृत्वले क. स्टालिनको कुनै पनि समारोह गर्न प्रतिबन्ध लगाउने र दमन गर्ने कार्य गरे पनि, सोभियत जनताहरूले क. स्टालिनलाई सम्झना गर्ने दिन समारोहहरू गर्न कहिल्यै भुलेनन् र रोकिएनन् । अहिले त्यस्ता समारोहहरू झन् झन् बहुसंख्यक जनताहरूले धूमधाम मनाउन थालेको समाचार प्राप्त भएको छ ।

हालै गएको डिसेम्बर महिनामा क. स्टालिनको जन्मथलो जर्जियाको गोरी शहरमा त्यहाँको जनताले उहाँको जन्म दिवस भव्यताका साथ मनाए । स्मरणीय छ, क.स्टालिनको जन्म सन् १८७९ को डिसेम्बर २१ मा भएको थियो ।

त्यस्तै गएको मार्च महिनामा जर्जियाको राजधानी टिब्लिसी र रूसको राजधानी मस्कोमा हज्जारौं जनताले सडकमा ऱ्याली र आमसभा गरी क. स्टालिनको ४३ औं वार्षिकोत्सव मनाए ।



भावी वामपन्थी राष्ट्रपति क. गेन्नाडी जुगानोभ

क. स्टालिनको वार्षिकोत्सव मनाउने क्रममा जर्जियाको गोरी पर्वतमा पनि एक स्टालिन स्मृति दिवस मनाइएको छ । उक्त दिवसमा स्टालिन समाजका अध्यक्ष अलिको लुर्समानिशामिल्लीले भन्नुभयो, “आज अत्यन्त पीडादायक दिन हो । यदि क. स्टालिन बाँचिरहनु भएको भए हाम्रो गति यो हुने थिएन ।...... स्टालिनको समयमा निर्माण भएका तथा हासिल भएको उपलब्धिहरू अहिले हामी सम्झिरहेका छौं । आज सम्पूर्ण कम्युनिष्टहरू क. स्टालिनको समयलाई स्थिरता, सुख, शान्ति तथा सम्बृद्धिको युगको रूपमा पुकारीरहेछन् ।”

मस्कोमा क. स्टालिनको सम्झनामा भएको ऱ्याली तथा आमसभामा विभिन्न कम्युनिष्ट पार्टीहरूले सक्रियतापूर्वक भाग लिए । उक्त आमसभामा क. निना आन्द्रीएभा, क. सेर्गेई बाबुरिन, क. भिक्टर आन्पीलम जस्ता चर्चित कम्युनिष्ट नेताहरूले क.स्टालिनको विरूद्ध वर्षौं सम्म प्रतिक्रियावादीहरूद्वारा गरिएको हमलाको मुकाबिला गर्नु पर्ने र क. स्टालिनको भावना र निर्देशन अनुसारको संगठन निर्माण गर्दै समाजवादी क्रान्ति संपन्न गर्ने आफ्नो कार्यक्रम रहेको धारणा व्यक्त गरेका छन् ।

त्यही समयमा हालै सम्पन्न रूसको तल्लो सदन ‘द स्टेट डुमा’ को निर्वाचनमा सबभन्दा ठूलो पार्टीको रूपमा देखा परेको रूसी कम्युनिष्ट पार्टीका नेता क. गेन्नाडी जुगानोभले भन्नुभयो- “क. स्टालिनको पालामा प्राप्त उपलब्धिहरूलाई विशेष महत्त्वका साथ अध्ययन, मनन गरेर बृहत रूपमा उहाँको मूल्याङ्कन गरिनु पर्ने र क. स्टालिनले वास्तवमा जे गर्नु भएको थियो, त्यसको अध्ययन गर्नु पर्छ । विरोधीको हल्लाको पछि लाग्न हुन्न ।”

स्मरणीय छ, क. स्टालिनको मृत्यु ५ मार्च, १९५३ मा मस्कोमा भएको थियो ।

क. स्टालिनको सम्झना जनताहरूले व्यापक रूपमा गर्न थालेकोले जर्जियामा राष्ट्रपति शेभर्दनाद्जेले समेत सार्वजनिक समारोहमा क. स्टालिनको खुल्ला आलोचना गर्ने आँट अहिले गर्न सकेका छैनन् ।

पूर्व सोभियत गणतन्त्रहरूमध्ये सबभन्दा ठूलो र मुख्य गणतन्त्र तथा अक्टोबर क्रान्तिको मुख्य थलो रूसी गणतन्त्रमा अहिले सबभन्दा बढी गतिविधि कम्युनिष्टहरूको हुने गरेको छ ।

अहिले मास्कोमा अक्टोबर क्रान्ति दिवस, लेनिन स्मृति दिवस, स्टालिन स्मृति दिवस तथा अन्य पूँजीवादी येल्तसीन शासनको विरूद्ध हुने विभिन्न प्रदर्शनीहिरूमा झन् झन् बढ्दो संख्यामा हज्जारौंहज्जार रूसीहरूले भाग लिन थालेका छन् । यसको कारण के हो भन्ने, पाँच वर्षको छोटो कालमै रूसी जनताहरू पुँजीवादी राजनीतिक प्रणाली तथा येल्तसिनको अमेरिकी तथा पश्चिमा साम्राज्यवादपरस्त शासनबाट वाक्कदिक्क भइसकेका छन् ।

आज बहुसंख्यक रूसीहरू हिजोको समाजवादी सोभियत कालमा उनीहरूले पाएका स्वतन्त्र र सम्बद्ध जीवनलाई सम्झिरहेछन् । साँच्चै नै सोभियत जनताहरूलाई हिजो समाजवादी कालमा न रोजगारको चिन्ता हुन्थ्यो, न त शिक्षा, स्वास्थ्य र आवासको समस्या हुन्थ्यो । किनकि, त्यतिबेला समाजवादी राज्यले सम्पूर्ण जनतालाई रोजगारको ग्यारेन्टी दिएको थियो । शिक्षा, स्वास्थ्य र आवास जस्ता जीवनका आधारभूत कुराहरूलाई राज्यले निःशुल्क उपलब्ध गराएको थियो । तर आज रूस तथा सम्पूर्ण अन्य पूर्व सोभियत गणतन्त्रहरूमा पूँजीवादी व्यवस्था पुनर्स्थापनाको कारणले राज्यले न रोजगारको जिम्मा लिएको छ, न त शिक्षा, स्वास्थ्य र आवास जस्ता कुराहरू जनताहरूलाई सहज रूपले उपलब्ध गराएको छ ।

## रूस र जर्जियामा क. स्तालिनको भव्य सम्झना



क. स्तालिन

यसको बदला, त्यहाँ आज लाखौं जनताहरू बेरोजगार भएका छन् र अत्यन्त चर्को मोलमा शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न सबै चिजहरू किन्नु पर्दा त्यसो गर्न नसकेर उनीहरू झन् झन् विपन्न र बर्बाद बन्दै गइरहेका छन्।

अहिले मस्कोका सडकहरूमा बाम्बार भइरहेका हज्जारौं रूसीहरूले भाग लिएका जुलूस प्रदर्शनी तथा आमसभाहरूले अहिलेको येल्तसिनले नेतृत्व गरेको पूँजीवादी राज्य प्रणालीको अन्त्य र समाजवादी सोभियत राज्यसत्ताको पुनर्स्थापनाको माग गरिरहेका छन्। ती प्रदर्शनीहरूलाई साथ दिने रूसीहरूको संख्या दिनपर दिन बढ्दैछ।

समाजवादी सोभियत राज्यसत्ताको पुनर्स्थापनाको चाहना रूसी जनताले गएको वर्ष सम्पन्न 'डुमा' को चुनावमा पनि अभिव्यक्त गरेको छन्। 'डुमा' को चुनावमा क. गेन्नाडी जुगानोभले नेतृत्व गरेको कम्युनिष्ट पार्टीले सोभियत संघको स्वैच्छिक पुनर्गठनकै माग अघि सारी करीब २३ प्रतिशत मत प्राप्त गरी संसदमा सबभन्दा ठूलो पार्टीको रूपमा आफूलाई उभ्याएको छ। त्यस्तै अरू कम्युनिष्ट समर्थक तथा राष्ट्रवादीहरूले पनि राम्रै स्थान हासिल गरेका छन्। येल्तसिनको समर्थन प्राप्त 'रसियाइ च्वाइस' भन्ने पूँजीवादी पार्टीले १० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न सकेको छैन। यो परिणामले रूसी जनताको भावनालाई छर्लङ्ग अभिव्यक्त गरेको छ।

यसैबीच, हालै रूसी संसदमा एउटा अत्यन्त महत्त्वपूर्ण घटना घटेको छ। सारा पश्चिमेली साम्राज्यवादको इच्छा विपरीत गेन्नाडी जुगानोभको कम्युनिष्ट पार्टीले राखेको सोभियत संघको पुनर्स्थापनाको प्रस्तावलाई नवनिर्वाचित संसद 'डुमा'ले ९८ को विरुद्ध २५० मतले अनुमोदन गरेको छ। यो निर्णयले संपूर्ण पूँजीवादी विश्वमा हल्लीखल्ली मच्चाएको छ। सोभियत संघ विघटनको निर्णय रूसी संसदले सन् १९९१ मा गरेको थियो। अहिले ५ वर्षपछि नै यही निर्णयलाई आधारबिनाको निर्णय भनी रूसी संसदले बदर गरेको छ। साथै, डुमाले १७ मार्च, १९९१ मा भएको जनमत संग्रहको निर्णयलाई पनि अनुमोदन गरेको छ, जसमा अधिकांश रूसी नागरिकहरूले पूर्व सोभियत संघको स्थापना र संरक्षणको पक्षमा मतदान गरेका थिए।

रूसी नागरिकहरू सोभियत संघको विघटनको पक्षमा थिएनन्। तथापि, १२ डिसेम्बर १९९१ मा रूसी राष्ट्रपति येल्तसिन र उक्रेन, बेलारूसका तत्कालीन नेताहरूबीच बेलारूसको बेलेमेजमा एक सम्झौतापत्रमा हस्ताक्षर गरी सोभियत संघको विघटन गरेका थिए। तर फेरि पनि छिटै रूसी संसदले सोभियत संघ पुनर्स्थापना गर्ने निर्णय गरेपछि राष्ट्रपति येल्तसीनको सातो गएको छ।

रूसमा संसद अहिले अधिकारविहीन छ। संसदको निर्णयलाई राष्ट्रपतिले लत्याउन सक्ने व्यवस्था त्यहाँको संविधानले गरेको छ। यही हक प्रयोग गर्दै पश्चिमेली राष्ट्रहरूलाई संतुष्ट पार्न येल्तसीनले संसदको निर्णय मान्न अस्वीकार गरेका छन्। "संसदको निर्णय नै अवैधानिक छ"- उनको भनाइ छ।

रूसी जनताको बीच कम्युनिष्टहरूको लोकप्रियता झन् झन् बढ्दो छ। आगामी जून महिनामा हुने राष्ट्रपतिको निर्वाचनमा अहिले वामपन्थीहरूको साझा उम्मेद्वारको रूपमा देखिनु भएका गेन्नाडी जुगानोभको विजय करीब करीब निश्चित भइसकेको छ। पूर्व सोभियत राष्ट्रपति मिखाइल गोर्वाचोभ र वर्तमान रूसी राष्ट्रपति बोरिस येल्तसिनको शर्मनाक हार हुने कुरामा अब रूसी जनता मात्र होइन, पश्चिमी पूँजीवादी खेमा पनि विश्वस्त भएको देखिन्छ।

यसरी रूसमा हाल भइरहेका घटनाहरूले संकेत गरेका छन्- पुनः सोभियत संघको पुनर्गठनको दिशातिर रूस लम्कदै गइरहेको छ। त्यो छिट्टै सशक्त नहोला तर रूस पुनः त्यही दिशामा अघि बढ्न थालेको देखिन्छ।

**-तुलसीदास महर्जन**

# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस्।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस्।
**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन्।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन्।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस्।

निर्माता **चिराग फोम ई. प्रा. लि.,** वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.,** पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.,** बालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**

विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको धारावाहिक जीवनी

८

जनवरी १, १९५९ को विहान कैयौं दिनको लामो युद्धपछि तानाशाह बतिस्ताका सैनिकहरूको हातमा जेल, व्यारेक र एयरपोर्ट मात्रै बाँकी रहन गएको थियो । रातभरिको युद्धबाट थाकेका हजारौं सैनिकहरू मानसिक रूपले पराजित भइसकेका थिए ।

सिंगो क्यूबामाथि विजय प्राप्त गर्न संघर्षरत जनताका छापामारहरू सैनिकहरूको यस्तो नाजूक स्थितिप्रति जागरूक थिए । उनीहरू जतिसक्दो उति छिटो, सान्ता क्लारा शहरमाथि विजय हासिल गर्न चाहन्थे । उनीहरूलाई थाहा थियो- सान्ता क्लाराको विजयले क्यामागुये र सान्टियागो शहरको विजयलाई पनि सुगम र सरल बनाउँछ । स्मरणीय छ, छापामारहरूले त्यति बेला क्यामागुये, सान्टियागो र सान्ता क्लारामा एक साथ तीन ठाउँमा आक्रमण गरिरहेका थिए ।

छापामारहरूलाई थाहा थियो- सान्ता क्लाराका सैनिकहरूलाई तुरुन्तै परास्त गर्न सकिएमा क्यूबाको सम्पूर्ण पूर्वी भाग बतिस्ताको सैनिक शासनबाट मुक्त हुनेछ र तानाशाह बतिस्तालाई राजधानी हवानामा परास्त गर्न सजिलो हुनेछ ।

त्यसैले छापामारहरू अब सान्ता क्लारा शहरमाथि जतिसक्दो त्यति छिटो, सकेसम्म अहिंसात्मक ढंगले विजय प्राप्त गर्ने कार्यमा प्रयत्नशील हुन थाले । किनकि, उनीहरूलाई थाहा थियो- युद्ध लम्बिएमा अमेरिकी साम्राज्यवादले पहिले-पहिले जस्तै आफ्ना नागरिकहरूको जीऊ ज्यानको सुरक्षा गर्ने निहुँमा सैनिक हस्तक्षेप गर्न सक्ने संभावना बढ्दो छ ।

यस्तो जटिल स्थितिमा, क.चे ग्वेभाराले जनवरी १ को विहानै आफ्ना कमाण्डरहरूसँग भावी आक्रमणको बारेमा विस्तृत रूपमा छलफल गर्नु भयो । छलफलको निष्कर्ष स्वरूप क. चेले कमाण्डरहरू क. नुनेज जिमिनेज र रोड्रिग्वेज डे ला भेगालाई बतिस्ताका सैनिकहरूको नियन्त्रणमा रहेको लियोन्सियो विडाल व्यारेकतिर जाने आदेश दिनु भयो । यस पटक ती छापामार कमाण्डरहरूलाई ब्यारेकमाथि आक्रमणका लागि पठाइएको थिएन, बरू सैनिकहरूलाई आत्मसमर्पण गराउन पठाइएको थियो ।

ती दुवै छापामार कमाण्डरहरू मोटरमा सेतो झण्डा फहराउँदै ब्यारेकतिर कुदे । उनीहरूका हातमा फहराई रहेको सेतो झण्डाले युद्ध विरामको आह्वान गरिरहेको थियो ।

छापामार कमाण्डरहरू एकाविहानै सेतो झण्डा फहराएर, युद्ध विरामको आह्वान गर्दै आफ्नो ब्यारेकतिर आइरहेको देखेर सैनिकहरूले आश्चर्य र खुशी मिश्रित भावमा उनीहरूलाई स्वागत गरे । सैनिकहरू र छापामार कमाण्डरहरू ठूल-ठूलो स्वरमा चिच्याउँदै थिए ।

'साथीहरू ! अब युद्ध अन्त गर्नु पर्छ ! शान्ति ! शान्ति !! शान्ति !!!'

शत्रु सैनिकहरूको ब्यारेकभित्र छापामार कमाण्डरहरूले दृढ आत्मविश्वास सहित पाइला राखे । त्यहाँ कर्नेल हर्नाण्डेजले उनीहरूलाई



# हवानामाथि कब्जा

## क्यूबाली क्रान्तिको अन्तिम विजय !

क. चेले भन्नु भयो-
"१२.३० बजेसम्म आक्रमण गर्ने छैनौं, त्यसबेलासम्म पनि आत्मसमर्पण गर्नु भएन भने भीषण आक्रमण गर्नेछौं । युद्धलाई नलम्ब्याउनुस् । यदि तपाईंहरूको प्रतिरोधले अमेरिकी आक्रमणलाई निम्त्यायो भने, यसको सम्पूर्ण जिम्मेवारी तपाईंहरूको हुनेछ ।...... "

पर्खिरहेका थिए । हर्नाण्डेजसँगै सम्पूर्ण कमाण्डका स्टाफहरू– ९ जना मेजरहरू, ८ जना क्याप्टेनहरू, प्रहरी कमाण्डर कर्नेल कोर्नेलियो रोजाज लहरै बसिरहेका थिए ।

कर्नेल हर्नाण्डेजको मूड युद्ध संचालन गरिरहने पक्षमा थिएन । उनी अर्थहीन युद्धबाट थाकिसकेका थिए । उनका छोरा सियनफ्यूगोसमा भएको जनविद्रोह दबाउने सिलसिलामा मारिएका थिए । पुत्र-विछोड र थकित पार्ने अर्थहीन युद्धले गर्दा उनी सकेसम्म छिटो युद्धविराम गर्ने पक्षमा थिए ।

युद्धको क्रममा खुट्टो नै भाँचिएका कर्नेल हर्नाण्डेजले अनिश्चित कालको लागि युद्ध बिरामको प्रस्ताव राख्नमा कुनै ढिलाइ गरेनन् ।

छापामार कमाण्डरहरूले युद्धबिरामको प्रस्तावलाई स्वीकार्दै क. चे ग्वेभाराको सामुन्ने सबै सैनिकहरूले बिनाशर्त आत्मसमर्पण गर्नुपर्ने माग राखे । उनीहरूले सैनिकहरूलाई आ-आफ्नो हतियार छापामारहरूसामु समर्पण गर्ने माग राख्दै आत्मसमर्पण गर्ने सम्पूर्ण सैनिक र सैनिक अधिकारीहरूलाई आ-आफ्नो घर वा क्यूबाको जुनसुकै ठाउँमा पनि जान अनुमति दिने बचन दिए ।

छापामार कमाण्डर नुनेजले भने– 'तपाईंहरू चारैतिर छापामारहरूबाट घेरिनु भएको छ । शहरका सबै नाकाहरूमाथि हामी छापामारहरूले कब्जा जमाइसकेका छौं । शहरका अधिकांश जनताले हामीलाई साथ दिइरहेका छन् । तपाईंहरूका सैनिकहरूलाई मोरियन्ते प्रान्तमा परास्त गरिसकेका छौं । सिंगो क्यूबा द्वीपमा जन विद्रोह भड्किरहेको छ । यस स्थितिमा युद्ध लम्ब्याइरहनु भनेको अपराध ठहरिन्छ !'

कर्नेल हर्नाण्डेजले सहमतिमा टाउको हल्लाए । तर रोजा र अन्य सैनिक अधिकारीहरूले सैनिक मुख्यालयमा सम्पर्क गरी छलफल गर्नु पर्ने विचार व्यक्त गरे ।

क. नुनेजले भने– "अहिले साढे एघार बजे भइसकेको छ । यदि साढे बाह बजेभित्र आत्मसमर्पण गर्नु भएन भने, बिना चेतावनी नै आक्रमण गरिने छ । हामीलाई यही आदेश दिइएको छ ।"

त्यसै बेला अचानक रेडियोमा हवानास्थित सैनिक मुख्यालयको वक्तव्य प्रसारित भयो । वक्तव्यमा क्यूबाका तानाशाह बतिस्ता जनविद्रोह



**क. चे ग्वेभारा !**

**प्रबुद्ध व्यक्तिहरूमध्ये कमै मानिसहरू मात्र होलान्– यो नाम नसुन्ने ! आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरको संघर्षमय जीवन शैलीका कारण विश्व-प्रसिद्ध हुनु भएका यी क्रान्ति-नायकको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला हामीले थालेका छौं ।**

**अर्जेन्टिनामा जन्मिएका र क्यूबाको क्रान्तिमा निर्णायक योगदान गरेका क. चेले वरपरका अन्य देशहरूका क्रान्तिकारी गतिविधिहरूमा पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरू लगाउनुभएको थियो ।**

**उहाँले क्यूबाको जनक्रान्ति कालमा मेक्सिको प्रवासमा कसरी फिडेल क्यास्त्रोसँग भेट्नु भयो र कसरी क्यूबामा छापामार युद्धको तयारी गर्नुभयो भन्ने प्रसंग पाठकहरूले पढिसक्नु भएको छ ।**

**साथै, छापामार युद्धको एक वर्षसम्मको समयावधिभित्रका संघर्षहरूको रोचक विवेचना पनि अघिल्ला अंकहरूमा प्रस्तुत भैसकेको छ ।**

**अघिल्ला अंकहरूमा शहरी संघर्ष र ग्रामीण छापामार संघर्ष सम्बन्धी विवाद, पिनो डेल अगुआमाथि छापामारहरूद्वारा गरिएको दोस्रो सफल आक्रमण एवं देशव्यापी असफल आम हडताल र त्यसपछिका छापामार संघर्षहरूको रिपोर्ट प्रस्तुत गरिसकेका छौं ।**

**क. चेको नेतृत्वमा लास भिलास प्रान्तका विभिन्न इलाकाहरूमाथि सफलतापूर्वक गरिएका आक्रमणहरूको रोचक विवरण र लास भिलास प्रान्तको राजधानी– सान्ता क्लारामाथि गरिएको आक्रमणको सनसनीपूर्ण रिपोर्ट पनि पाठकहरुले पढीसक्नु भएको छ । यस पल्ट प्रस्तुत छ– हवनामाथिको सफलतापूर्ण आक्रमणको विवरण !**

र छापामार संघर्षदेखि भागेर नजिकैको देश डोमिनिकन गणतन्त्रमा गएको कुरो उल्लेख थियो । यो वक्तव्यले सैनिक अधिकारीहरूको सातोपुत्लो नै उड्यो ।

त्यतिबेलासम्ममा हवानाको सत्ता संरचनामा नयाँ फेरबदल भइसकेको रहेछ । कोलम्बिया सैनिक क्याम्पमा सर्वोच्च अदालतका सदस्य पाइडेरा र प्रधान सेनापति जनरल श्युलोजियो क्यान्तिलोको नेतृत्वमा सैनिक सरकार गठन भइसकेको रहेछ ।

यो खबर सुनेर कर्नेल हर्नाण्डेजले रेडियो ट्रान्समिटरमा क्यान्तिलोलाई सान्ता क्लाराको नराम्रो स्थिति र छापामार वार्ताकारहरूको उपस्थितिको बारेमा सूचित गरे । क्यान्तिलोले क. नुनेजलाई सम्बोधन गर्दै क. फिडेल क्यास्त्रोको स्वीकृतिबाट आफूले सत्ताशक्ति आफ्नो हातमा लिएको घोषणा गरे । त्यसैले ब्यारेकका सैनिकहरू आफ्नो कमाण्ड अन्तर्गत रहेको दावी गर्दै उनले विद्रोहीहरूसमक्ष आत्मसमर्पण गर्नु पर्ने कुनै स्थिति नभएको पनि घोषणा गरे ।

साँच्चै के भएको रहेछ त ? क. नुनेजले एकछिन मनमनै गएको दुई-तीन दिनका घटनाक्रमहरू याद गरे ।

## क्यान्तिलोद्वारा विश्वासघात

जनरल क्यान्तिलोले डिसेम्बर २४ मा सान्टियागो भन्दा बाहिर क. फिडेल क्यास्त्रोसँग भेटेका थिए । उनले तानाशाह बतिस्ता र उनको फौजलाई ३१ डिसेम्बरमा गिरफ्तार गर्ने बचन दिएका थिए । उनले सान्टियागो लगायत अन्य शहरहरूमा आफ्नो नियन्त्रण अन्तर्गतका सैनिकहरूले विद्रोही छापामारहरूको प्रतिरोध नगर्ने, ती सबै क्षेत्रको सत्ताशक्ति छापामारहरूलाई हस्तान्तरण गर्ने र हवानाको केन्द्रीय सत्तामाथि आफ्ना सैनिकहरू र भूमिगत क्रान्तिकारीहरूको मिलीजुली प्रयासबाट कब्जा गर्ने बचन पनि दिएका थिए ।

तर मौका पाउनासाथ जनरल क्यान्तिलोले आफ्नो बचनबद्धता भंग गरे । विश्वासघात गरे ।

उनको तानाशाह बतिस्तालाई गिरफ्तार गर्ने कुनै इरादा थिएन । उनले त बतिस्ताकै सहमतिमा क. क्यास्त्रोलाई भेटेका थिए । बतिस्ताले क्यान्तिलोमार्फत् एउटा नाटक रचेको थियो, ता कि अमेरिकी सैनिक हस्तक्षेप निम्त्याएर आफ्नो कुर्सीको आयुलाई लम्ब्याउन सकियोस् ।

एकातिर बतिस्ताले यो नाटक रच्दा रच्दै, अर्कोतिर उनी डोमिनिकन गणतन्त्रका तानाशाह त्रुजिलोलाई क्यूबाली शहरहरूमा बम वर्षा गराउन सडक सडकमा भूमिबमहरू बिछ्याउनका लागि पनि मनाउँदै थिए । यो नाटक चलिरहेको बेलामा बतिस्ताका सैनिकहरूमाथि क. चेका छापामारहरूले लास भिलास प्रान्त र त्यसको राजधानी सान्ता क्लारामाथि विजय प्राप्त गरिसकेका थिए ।

यो स्थिति देखेर चीफ अफ दि जनरल स्टाफ– जनरल ट्याबरनिलाले २१ डिसेम्बरका दिन बतिस्ताका सैनिकहरूले सबै युद्ध क्षेत्रहरूमा पराजय भोग्दै गएको र छापामारहरू अब हवानामाथि आक्रमण गर्ने




क. नुनेजलाई विगतका यी सबै घटनाक्रमहरू राम्ररी नै याद थियो । त्यसैले हवानामा बसिरहेका जनरल क्यान्तिलोसँगको रेडियो ट्रान्समिटरमा भएको वार्ताको क्रममा क्यान्तिलोले आफ्ना सैनिकहरूले आत्मसमर्पण नगर्ने र आफ्नो शासनलाई क. क्यास्त्रो र जनताको समर्थन र सहयोग रहेको घोषणा गरेपछि क. नुनेजलाई साह्रै रिस उठ्यो ।

क.नुनेज रेडियो नदबीकन क. नुनेजले वार्ता गरेको र क. नुनेजको दृढ आत्मविश्वास पनि देखे ।

यो दृश्य देखेर सैनिक अधिकारीहरूबीच थप भय र आतंकको संचार भयो । उनीहरू आ-आफ्नो ज्यानको असुरक्षाले निकै भयभीत हुन थाले । उनीहरूले आ-आफ्नो हतियार त समर्पण गरिसकेका थिएनन् । तर मानसिक रूपमा उनीहरू परास्त भइसकेका छन् भन्ने कुरा क. नुनेजले चारैतिर बसिरहेका सैनिकहरूको भयग्रस्त अनुहार हेर्नासाथ नै थाहा पाई हाले ।

भयभित सैनिक अधिकारीहरूले नयाँ तानाशाह जनरल क्यान्तिलोको आदेशलाई बेवास्ता गर्दै वार्ता जारी राख्ने विचार प्रकट गरे । उनीहरूले आफ्ना प्रतिनिधि मेजर फर्नाण्डेजलाई क. चे ग्वेभारासँग प्रत्यक्ष कुराकानी गर्नु पर्छ भन्ने प्रस्ताव राखे ।

छापामारहरूका वार्ताकारहरूले सो प्रस्तावलाई स्वीकारेर मेजर फर्नाण्डेजलाई आफ्नो कमाण्ड प्वाइन्टमा क. चे ग्वेभारासँग वार्ता गर्नका लागि लिएर गए । त्यहाँ फर्नाण्डेजले क. चेको अगाडि पनि युद्ध विरामको लागि मात्रै प्रस्ताव राखे, उनले आत्मसमर्पणलाई स्वीकार्न मानेनन् । तर क. चे ग्वेभाराले उनको प्रस्तालाई अस्वीकार गर्दै भन्नु भयो-

'१२.३० बजेसम्म आक्रमण गर्ने छैनौं, त्यसबेलासम्म पनि आत्मसमर्पण गर्नु भएन भने भीषण आक्रमण गर्नेछौं । युद्धलाई नलम्ब्याउनुस् । यदि तपाईंहरूको प्रतिरोधले अमेरिकी आक्रमणलाई निम्त्यायो भने, यसको सम्पूर्ण जिम्मेवारी तपाईंहरूको हुनेछ । यो अक्षम्य अपराधका भागीदार सबै सैनिकहरूलाई देशद्रोहको अभियोग लगाइने छ र आजीवन जेलका काल कोठरीहरूमा बस्नु पर्नेछ ।'

क. चे ग्वेभाराले तुरुन्तै आत्मसमर्पण गरेमा सैनिकहरू र सैनिक अधिकारीहरूलाई सान्ता क्लारा शहर छाड्न र घर-घर जान दिइने कुरामा विश्वस्त पार्नु भयो । जनता र छापामारहरूलाई यातना दिने, अन्य अपराधिक कार्यहरू गर्ने सैनिकहरूले अदालतका कारवाहीहरूको सामना गर्नु पर्ने बताउनु हुँदै उहाँले अरू निर्दोष सैनिकहरू आफूले छानेको ठाउँमा स्वतन्त्रतापूर्वक जान पाउने विश्वास पनि दिलाउनु भयो ।

मेजर फर्नाण्डेज क. चेसँगको वार्ता सकेर छापामार वार्ताकारहरूसँगै आफ्नो ब्यारेकमा फर्के । उनको मन अशान्त थियो- आत्मसमर्पण गर्ने कि

**क. चे ग्वेभाराले सान्ता क्लाराका जनतालाई सम्बोधन गर्दै क्रान्तिमा सहयोगी भूमिका खेलेका नगरबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै चिठी लेख्नु भयो ।**

तयारीमा रहेको खबर दिए । जनरल क्यान्तिलोले पनि उस्तै खबर दिएपछि बतिस्ताले तुरुन्तै देश छाडी भाग्ने विचार गरेका थिए । उनले आफ्ना हुक्के-ढोकेहरूलाई आफ्नो सम्पत्तिको पोको पन्तेरो तयार गर्ने आदेश दिए । उनले धेरै समय अगाडि नै स्वीस बैंकमा देशको सम्पत्ति आफ्नो नाममा जम्मा गरिसकेका थिए । उनले अमेरिकी व्यापारीहरूले उपहारस्वरूप प्रदान गरेको शुद्ध सुनको टेलिफोन रिसिभर र चाँदीका बेड प्यान र बहुमूल्य श्रीसम्पत्ति सबै बटुलेर भाग्ने सुर कसे ।

यसरी देश छाडी भाग्नेहरूको सूचीमा बतिस्ताको तानाशाही शासनका आउेर-बाउरेहरू, गुप्तचर विभागका अध्यक्षहरू, सैनिक जनरलहरू र मन्त्रीहरू गरी जम्मा १ सय २४ जना पुगे । बतिस्ताले देश छोडेर भाग्नु भन्दा अगाडि मात्रै जनरल क्यान्तिलोलाई आफ्नो उत्तराधिकारी छान्दै 'चीफ अफ जनरल स्टाफ' मा नियुक्त गरेका थिए ।

जनरल क्यान्तिलोले देश छोडेर भाग्ने क्रममा प्लेन चढ्न लागेका बतिस्ताको विदाइ गरेका थिए ।

"मेरा निर्देशनहरू नबिर्स है !"

तानाशाह बतिस्ताले प्लेनमा चढ्दै क्यान्तिलोलाई आफ्ना आदेशहरू यसरी संझाएका थिए । यसरी आफूलाई देशको विधाता, जनताका शासक र सर्वशक्तिमान ठान्ने तानाशाह बतिस्ता जनताको सशस्त्र संघर्षदेखि डराएर देशबाटै भागेका थिए ।

देशबाट भाग्दा-भाग्दै तानाशाह बतिस्ताले दिएका आदेशहरू पनि हावामा उडे । ७ वर्षसम्म जनताको टाउकोमाथि टेकेर रजाइँ चलाउने तानाशाह बतिस्ताका उत्तराधिकारी जनरल क्यान्तिलोले ती निर्देशनहरू पालना गर्न नै नपाई सत्ता-शक्ति छाड्नु पर्‍यो । हो, छापामारहरूले बतिस्ताका आदेशहरूलाई माटोमा मिलाइ दिए ।

राजधानी हवानामा भएको यस्तो नाटकीय समीकरण देखेर छापामारहरूका सर्वोच्च कमाण्डर क. फिडेल क्यास्त्रोले तुरुन्ता-तुरुन्तै नै क्यान्तिलोको 'सैनिक विद्रोह' को नाटकको भर्त्सना गर्नुहुँदै क्यान्तिलोलाई पनि बतिस्ताकै मतियार र सहयोगी भएको तथ्य उजागर गर्नुभयो । क. क्यास्त्रोले सम्पूर्ण क्यूबाली जनतालाई क्यूबाको सत्ता-शक्ति विद्रोही छापामारहरूको हातमा नआएसम्म राष्ट्रव्यापी आम हड्ताल गरी राख्न अपील गर्नु भयो । अपील मुताविक क्यूबाली जनताले देशब्यापी आम हड्तालमा सहभागिता जनाउन थाले । ठीक त्यही बेला क्रान्तिकारी नेता क्यास्त्रोले आफ्ना छापामार सहयोद्धाहरूलाई सम्बोधन गर्नुहुँदै बतिस्ताका सैनिकहरूको प्रतिरोधलाई कुल्चँदै निर्णायक आक्रमण गर्न र सान्टियागो, क्यामागुये र अन्य शहरहरू मुक्त गर्न आह्वान गर्नु भयो ।

## सैनिकहरूद्वारा आत्मसमर्पण

सान्ता क्लारास्थित लियोन्सियो भिडाल ब्यारेकभित्रका सैनिकहरूसँग शान्ति-वार्ता गर्न गएको छापामार नेता ट्रान्समिटरमै चिच्याए- झूठ, झूट, सफेद झूठ ! तिम्रो शासनलाई जनता र मेजर क्यास्त्रोको समर्थन छ भन्नु त सफेद झूठ हो ! हिजो मात्रै क्यास्त्रोले मेजर चे ग्वेभारासँगको ट्रान्समिटर वार्तामा तिम्रो सैनिक विद्रोहको भर्त्सना गर्नु हुँदै तिम्रो सैनिक विद्रोहले बतिस्ता र उनका सहयोगीहरूलाई मात्रै सहयोग गरेको बताउनु भएको थियो, बुझ्यौं ?"

नुनेजको स्पष्ट जवाफ सुनेपछि जनरल क्यान्तिलो बहुलाए । क्यान्तिलोले नुनेजमाथि ट्रान्समिटरमै गालीको वर्षा गर्न थाले । त्यसपछि क. नुनेजले "नयाँ तानाशाह भर्सेलामा जाओस्' भनेर ट्रान्समिटर नै बन्द गरेपछि क्यान्तिलोसँगको वार्ता भंग भयो ।

यो वार्ता सबै सैनिक अधिकारीहरू मुकदर्शक भएर सुनिरहेका थिए । उनीहरू आफ्नो विधाता बतिस्ताले देश छोडेर भागेको, क्यान्तिलोले सत्ता सम्हालेको र विद्रोहीहरूले देशब्यापी सत्ता कब्जा गर्न थालेको खबर पनि राम्ररी सुनिरहेका थिए । उनीहरूले आफ्ना वर्तमान शासक तथा वतिस्ताको निकटतम सहयोगी सैनिक जनरल क्यान्तिलोसँग पनि रत्तिभर

नगर्ने भन्ने द्विविधाले ग्रस्त मनमस्तिष्क सहित फर्किरहँदा सान्ता क्लारा सडकको चारैतिर बसिरहेका नगरबासीहरूले विद्रोही छापामारहरूको स्वागत गरे, उनीहरूले क. क्यास्त्रो र क. चेको समर्थनमा आकाश थर्काए, बतिस्ता र उनका मतियारहरूको खोइरो खने ।

यो दृश्य हेर्दै फर्किरहेका सैनिक वार्ताकार मेजर फर्नाण्डेजले ब्यारेकमा आफ्ना सैनिक अधिकारीहरूसमक्ष क. चेसँग भएको वार्ताको रिपोर्ट गरे । उनको रिपोर्ट सुन्नासाथ कर्नेल हर्नाण्डेज चिच्याए–

'सबै खत्तम भई सक्यो । अब हामीले आत्मसमर्पण नै गर्नु पर्छ ।'

कर्नेल हर्नाण्डेजको विचारप्रति सबै सैनिक अधिकारीहरूले सहमति प्रकट गरे । तै, तै आफ्नो ज्यान भए पनि बच्ने भयो भन्ने भावमा उनीहरूले छापामारहरू सामु आ–आफ्ना हतियारहरू समर्पण गरे ।

लियोन्सियो भिडाल ब्यारेकका सैनिकहरूले आत्मसमर्पण गरेपछि अन्य नाकाका प्रतिरोधहरू पनि बन्द भए । जनवरी १, १९५९ को दिउँसो दुई बज्दाखेरी सान्ता क्लारा शहरमा बम र बन्दूकको आवाज पूर्णतः बन्द भयो र सिंगो शहरमाथि छापामारहरूको नियन्त्रण कायम भयो ।

## राजधानी हवानामाथि निर्णायक आक्रमण !

क.चे ग्वेभाराले सान्ता क्लारा शहरमाथि सजिलै नियन्त्रण कायम भएको खबर क. क्यास्त्रोलाई टेलिफोनबाटै दिनु भयो । त्यसबेला क. क्यास्त्रो सान्टियागो शहरमाथि निर्णायक आक्रमणको अन्तिम तयारीमा व्यस्त हुनुहुन्थ्यो ।

क. क्यास्त्रोले क.चे ग्वेभारा र क. सियन फ्यूगोसलाई राजधानी हवानामाथि निर्णायक आक्रमण गरी नयाँ तानाशाह क्यान्तिलोलाई तत्काल सत्ताच्यूत गर्न र शहरका प्रमुख नाकाहरूमाथि नियन्त्रण जमाउन आदेश दिनु भयो ।

ठीक त्यसैबेला, राष्ट्रव्यापी आम हड्ताल र निर्णायक छापामार आक्रमणदेखि भयभीत भएर नयाँ तानाशाह जनरल क्यान्तिलोले कर्नेल रामोन बार्किनलाई सत्ता हस्तान्तरण गरिसकेका थिए । कर्नेल रामोन १९५६ मा बतिस्ता विरोधी षड्यन्त्रका प्रमुख नेता थिए । त्यतिबेलादेखि बतिस्ताद्वारा पाइन्स द्वीपमा बन्दी बनाएर राखिएका कर्नेल रामोनलाई अमेरिकी राजदूतको अनुरोधमा रिहा गरिएको थियो । वाशिंगटनमा सैनिक सहचारी भएर काम गरिसकेका कर्नेल रामोनलाई नयाँ शासक बनाइएकोमा अमेरिकाको पनि सहमति थियो । बतिस्ताका मतियार हुने प्रस्तावलाई स्वीकार्ने कर्नेल रामोनले क. क्यास्त्रोसमक्ष मिलीजुली सरकार गठन गर्ने प्रस्ताव राखे । तर क. क्यास्त्रोले रामोन, क्यान्तिलो आदि बतिस्ताका मतियारहरूको षड्यन्त्रकारी प्रस्तावलाई युद्धभूमिमै फ्याँक्दै निर्णायक आक्रमणलाई जारी राख्न अपील गर्नु भयो ।

## जनवरी २, १९५९ !

क. चे ग्वेभाराले सान्ता क्लाराका जनतालाई सम्बोधन गर्दै क्रान्तिमा सहयोगी भूमिका खेलेका नगरबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै चिठी लेख्नु भयो । उहाँले क्याप्टेन क्यालिक्स्तोमोरेल्सलाई हरतरहले सहयोग र समर्थन जारी राख्न अपील गर्नु हुँदै आफू हावानामाथि आक्रमण गर्न जाँदैछु भन्ने सन्देशसहितको चिठी लेख्नु भयो ।

यो चिठीलाई विहानै शहरभरि वितरण गरियो । र, विहान ५.३० बजे नै क. चे ग्वेभारा आफ्ना सम्पूर्ण सहयोद्धाहरूका साथ ट्रंक, कार र अन्य सैनिक बाहनमा चढेर हवानातिर प्रस्थान गर्नुभयो । हवाना जाने बाटोभरि जनताले क. चे र छापामारहरूको स्वागतमा नारा घन्काए । छापामारहरूलाई हवाना–माथि विजय प्राप्त गर्न हौसला बढाए । उनीहरू जुन जुन बस्ती र शहरबाट अगाडि



बढे पनि जनताको भीडले क्यूबाली क्रान्तिको विजयको कामना गरे ।

ठाउँ ठाउँमा जनताले छापामार–हरूको यात्रालाई रोक्दै क. चे ग्वेभारालाई भाषण दिन अनुरोध गरे । तर क. चेले यतिखेर भाषण दिइरहन समय नभएको बताउँदै उनीहरूको अनुरोधलाई अस्वीकार गर्नु भयो र आफू हवानामाथि आक्रमण गर्ने हतारोमा रहेको बताउनुहुँदै अगाडि बढ्नु भयो ।

उहाँहरूको हवानामा प्रथम आक्रमणको निशाना थियो– स्पेनी साम्राज्यवादीहरूद्वारा बनाइएको ला कावाना नामक जेल र सैनिक ब्यारेक । हवाना बन्दरगाहको मुखैमा रहेको यो किल्लामा बतिस्ताका सैनिकहरू छापामारहरूको आक्रमणको प्रतिरोध गर्न बसिरहेका थिए ।

तर, आश्चर्य ! ला कावाना किल्लाका सैनिकहरूले क. चे ग्वेभाराको छापामार दस्तालाई देख्ने बित्तिकै बिना शर्त आत्मसमर्पण गरे । एउटा गोली पनि नपड्काईकन हवाना शहरको पहिलो किल्ला ढल्यो । क. चे ग्वेभाराका अगाडि आत्मसमर्पण गरेका बतिस्ताका सैनिकहरू आफ्नो ज्यान बचेकोमा खुशी थिए ।

उता क. सियनफ्यूगोसको नेतृत्वमा राजधानी हवानामाथि चढाई गर्न गएका छापामारहरूले पनि त्यही दिन बिना युद्ध नै कोलम्बिया सैनिक अड्डामाथि नियन्त्रण जमाए । त्यहाँका सैनिकहरूले पनि छापामारहरूसमक्ष आत्मसमर्पण गरेका थिए ।

बतिस्ताका दुई वटा बलिया–बलिया सैनिक किल्लाहरू ढलेपछि त सम्पूर्ण हवाना शहरमाथि छापामारहरूको नियन्त्रण कायम हुन गयो । अधिकांश सैनिकहरूले आत्मसमर्पण गरे, आत्मसमर्पण नगर्ने सैनिक अधिकारीहरू देश छाडेर भागे ।

यसरी क्यूबाली छापामारहरूले सपूर्ण देशलाई मुक्त गरे । र, क्यूबाली क्रान्ति सफल भयो । सफल भयो– क्यूबाली जनताको मुक्तिको चाहना, स्वतन्त्र र समान हुने भावना । क्यूबाली क्रान्तिको यो सफलताले देशभरि उत्साह र उग्र उत्तेजनाको लहर फैलियो । ❑



**क्रमशः**

**अर्को अंकमा क्यूबाको मुक्तिपछिको स्थितिको बारेमा रोचक रिपोर्ट प्रस्तुत गरिने छ ।**



फोटो : स्व. पूर्ण ब. चित्रकार सौजन्य : शान्ता श्रेष्ठ

## समानता र स्वतन्त्रताको लागि

# नेपाली महिलाहरूको संघर्षको संक्षिप्त इतिहास

मुक्ता श्रेष्ठ

बन्धनमा परेकाहरु स्वतन्त्रता चाहन्छन् र भेदभावमा परेकाहरु समानता चाहन्छन् । नेपाली महिलाहरुलाई हेर्ने हो भने, उनीहरु शदियौंदेखि चर्को बन्धन र भेदभावमै बाँच्दै-हुर्कंदै आएका छन् ।

२००७ सालसम्म नेपालमा सामन्ती एकतन्त्र कायम थियो । सामन्ती एकतन्त्रमा सबैभन्दा पीडित वर्ग जोताहा किसान थियो भने, उत्तिकै पीडित जन समुदाय थिए- महिलाहरु । नेपाली महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको व्यवहार गरिन्थ्यो- जीवनको हरेक क्षेत्रमा । १९१० को मुलुकी ऐनले न उनीहरुलाई पुरुषसरह संपत्तिको हक दिएको थियो, न अन्य कुनै सामाजिक समानताको र स्वतन्त्रताको हक नै । उनीहरु आफ्नो जीवनसाथी रोज्न समेत स्वतन्त्र थिएनन् । जबर्जस्ती विवाह, बालविवाह र अनमेल विवाहले लाखौं नेपाली महिलाहरुको जीवन बर्बाद पारिरहेको थियो । विधवा विवाह तिरस्कृत र प्रतिवन्धित सरह थियो । आम नेपाली महिलाहरु हरेक कुराको लागि पुरुषको दयामा बाँच्थे । पुरुषको पूरो र खुट्टाको पानी खाएर उनीहरुको जीवन जान्थ्यो । त्यसैले, समानता र स्वतन्त्रता नेपाली महिलाहरुको वस्तुगत आवश्यकता बनेको थियो, तिर्खाएकालाई पानी र भोकाएकालाई खाना जस्तै ।

एक्लै एक्लै कति नेपाली चेलीहरु यो अन्याय विरुद्ध लडे, त्यसको कुनै लेखाजोखा छैन । तर संगठित तवरले समानता र स्वतन्त्रताको लागि नेपाली महिलाहरु लड़ेको प्रामाणिक इतिहास सय वर्षभन्दा पुरानो छैन ।

नेपाली महिलाहरुलाई यस निम्ति संगठित हुने र मैदानमा उत्रने प्रेरणा चाहिं भारतीय स्वतन्त्रता संग्रामबाट मिलेको देखिएको छ ।

### प्रारम्भः १९७४ देखि २००७ सालसम्म

अहिलेसम्म प्राप्त भएको इतिहासको आधारमा सर्वप्रथम नेपालमा बि.सं. १९७४ देखि महिला समानता र स्वतन्त्रताको लागि आवाज उठ्न थालेको पाइएको छ । पहिलो पटक १९७४ मा पूर्वी तराईको एक जिल्ला सिराहामा योगमाया कोइराला अध्यक्ष, दिव्या कोइराला सचिव, मोहनकुमारी उपसचिव र पूर्णकुमारी अधिकारी, देवकुमारी अधिकार सदस्य भएको एउटा "नारी समिति" को गठन भएको थियो । यो नै नेपालको पहिलो महिला संगठन थियो । यस समितिको मूल उद्देश्य महिलाहरूको मर्यादास्तर माथि उठाउनु थियो । यसले त्यतिबेला सिराहाका महिलाहरूको स्थिति सरकारलाई जानकारी गराउन र उनीहरूको सामाजिक र आर्थिक स्थिति सुधार गर्न प्रधानमन्त्री चन्द्र शमशेर समक्ष आग्रह गरेर महिलाले लाउने लुगाफाटो सहितको पत्र पठाएको थियो ।

तर यस कुरालाई राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो टाउकोमा बज्रपात परेको सम्झे । फलस्वरूप उनीहरूलाई कुनै काम गर्न दिइएन । सरकारले उनीहरूमाथि नृशंस दमन गऱ्यो । यसले गर्दा ती कार्यकर्ताहरू बाध्य भएर भारत पस्नु पऱ्यो ।

त्यसपछि नारी समानताको आवाज लिएर योगमाया न्यौपाने अगाडि आइन् । उनले त्यतिबेला नेपालमा हिन्दू पुरेतवाद र सामाजिक अन्धविश्वासले महिलाहरूमाथि गरेको अन्याय र अत्याचार विरूद्ध आवाज उठाइन् । महिलाहरूको सामाजिक स्थितिमा सुधार हुनु पर्ने, महिलाहरूमाथि भएका हिन्दू पुरेतवादको अमानवीय शोषणको अन्त्य हुनु पर्ने, बहुविवाह र बालविवाहको अन्त्य हुनु पर्ने, विधवा विवाहले मान्यता पाउनु पर्ने जस्ता २४ बटा सुधारवादी मागहरू लिएर उनले तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरसँग भेट पनि गरेकी थिइन् । जुद्ध शमशेरले उनलाई सुधारको आश्वासन पनि दिएका थिए । तर सुधारको नामोनिशाना देखा परेन । झन् १९९७ मा भएको धर्मभक्त, गंगालालहरूको हत्याकाण्डले त योगमायालाई निराश नै पाऱ्यो । उनले राणाहरूबाट कुनै सुधार हुने आशा देखिनन् । त्यसैले, उनले राणा शासनको अन्याय र अत्यचारको विरूद्धमा वि.सं. १९९८ सालमा आफ्ना ५४ जना अनुयायीहरूका साथ अरूण नदीमा हाम फालेर देह त्याग गरिन् ।

शिक्षा क्षेत्रमा महिलाहरूले पनि पुरुषहरूले जस्तै शिक्षा पाउनु पर्ने कुरा दुगादिवीले "स्त्री शिक्षा" नामक कृति लेखेर आवाज उठाइन् । उनी सँगसँगै विद्यादेवी, लोकप्रिया देवीले पनि नारी समानताको लागि आवाज उठाएका थिए । त्यसपछि नै नारी शिक्षाको कुरा सार्वजनिक चासोको विषय बन्न गयो ।

सबभन्दा पहिले नारी शिक्षाकै लागि

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा



## नेपाली महिलाहरु पहिलो राजनीतिक जुलूसमा

**२००४ साल । नागरिक अधिकार आन्दोलनको जुलूसको कार्यक्रम थियो । देशको इतिहासमा पहिलो पटक नेपाली महिलाहरुले राणाहरुको निरंकुशतन्त्र विरोधी जुलूसमा भाग लिए । त्यस जुलूसमाथि राणा शासकहरुले व्यापक दमन गरे । जुलूसमा भाग लिने ४ जना महिला स्नेहलता, कनकलता, साधना र सहाना लगायत ३९ जना आन्दोलनकारीहरुलाई गिरफ्तार गरियो । उनीहरु सबैलाई एउटै कोठामा ७ दिनसम्म थुनियो ।**

स्रोतः स्नेहलता

वि.सं. १९९३ मा शुक्रराज शास्त्रीकी बहिनी चन्द्रकान्ता जोशी (मल्ल) ले काठमचाडौं मखनमा कन्या पाठशाला खोलिन् । यो नेपालको पहिलो कन्या पाठशाला थियो । त्यहाँ महिलाहरूलाई शिक्षा दिनुका साथै सिलाइ-बुनाइको पनि तालिम दिन थालियो । यस तालिमबाट उत्पादित सामानहरूको प्रदर्शन गर्ने काम पनि भयो ।

त्यसपछि, २००१ सालमा काठमाडौंको नःघलमा नेपालको इतिहासमा पहिलो पटक सहशिक्षालयको स्थापना भयो । त्यहाँ महिलाहरूलाई पनि पढाउने उद्देश्य राखेर चिनियाँ देवी र गुरुमायालाई शिक्षिका बनाइयो । यसरी महिलाहरूलाई पनि शिक्षा दिन शुरू गरियो ।

२००३ सालमा काठमाडौं त्यौडमा पद्म विद्यापीठको स्थापना भयो । त्यहाँ पनि राजनैतिक कार्यकर्ताहरूकः दिदीबहिनीहरू जम्मा गरेर महिलाहरूलाई शिक्षा दिन थालियो । त्यहाँ पुरूषहरूले पढाएकोमा अभिभावकहरूले विरोध गर्न थालेकाले प्रमिलालाई शिक्षिकाको रूपमा नियुक्त गरियो । ती स्कूलहरूमा विंद्यार्थीहरूलाई पढाउनुको साथै राजनैतिक शिक्षा पनि दिने गरिन्थ्यो । यसले गर्दा महिलाहरू पनि राजनैतिक रूपले केही सचेत हुँदै आए ।

२००३ सालमा रेवन्त देवी र **कमलता** प्रधानको सक्रियतामा "आदर्श महिला संघ" नामक महिला संगठनको निर्माण भएको थियो । यस संगठनको मुख्य उद्देश्य नेपालमा बालविवाहको अन्त्य गर्नु थियो । तर यो संगठन कुनै काम गर्न नपाउँदै निष्क्रिय भएर गयो ।

सबभन्दा पहिले नेपालमा महिलाहरू राजनैतिक आन्दोलनमा सरिक भएको र जेल परेको चाहिं २००४ सालमा प्रधानमन्त्री पद्म शमशेरको पालामा हो । २००४ सालको "नागरिक अधिकार आन्दोलन" मा महिलाहरू पनि समावेश भएर सक्रिय रूपमा भाग लिएका थिए । यसै आन्दोलनको दौरानमा स्नेहलता, कनकलता, साधना र साहना समेत जेल परेका थिए । ७ दिनपछि मात्र उनीहरूलाई जेल मुक्त गरियो ।

यस आन्दोलनपछि २००४ सालकै श्रावण १७ गते काठमाडौंको म्हेपीमा महिलाहरूको एउटा भेला गरेर मंगलादेवीको अध्यक्षतामा "नेपाल महिला संघ" को स्थापना गरिएको थियो । त्यस भेलामा स्नेहलता, कनकलता, श्रीमाया, साहना, साधना, चम्पादेवी, हिरादेवी, रामलक्ष्मी, शान्ता श्रेष्ठ, कामाक्षादेवी, मंगलादेवी, प्रतिभा, सीतादेवी आदि लगायत करीब १७ जना महिलाहरू भेला भएका थिए ।

यस संगठनको स्थापनापछि यसले महिला समानता र महिला हक हितको लागि आफ्ना माग राख्न तात्कालीन प्रधानमन्त्री पद्म शमशेरकहाँ प्रतिनिधि मण्डल पठाउने काम गऱ्यो । पद्म शमशेरले २००४ सालमा बनाएको संविधानमा महिलाहरूलाई भोट दिने अधिकार नभएपछि महिलाहरू आक्रोशित भएर सो प्रतिनिधि मण्डल पठाएका थिए । यस प्रतिनिधि मण्डलमार्फत् पद्म शमशेरसमक्ष महिलाहरूले पनि भोट दिने अधिकार पाउनु पर्ने, समान रूपमा शिक्षा पाउनु पर्ने, महिलाहरूले पनि जागीर पाउनु पर्ने आदि मागहरू पेश गरेका थिए ।

शुरूमा त प्रतिनिधि मण्डलमा गएका महिलाहरूलाई धम्क्याउन र तर्साउन खोजियो । आखिर केही नलागेपछि प्रधानमन्त्री पद्म शमशेरले महिलाहरूका ती मागहरू पूरा गर्ने आश्वासन दिए र त्यही वर्ष दरबार स्कूलमै विहान पढाउने गरी महिलाहरूको लागि पद्मकन्या स्कूलको स्थापना गरियो । पछि महिलाहरूकै माग अनुसार त्यो स्कूललाई पद्मकन्या कलेजमा परिणत गरियो । हालको पद्मकन्या क्याम्पस त्यसैको वर्तमान रूप हो । त्यस स्कूलमा महिला शिक्षिकाहरू भर्ना गरियो ।

नेपाली महिलाहरूलाई भोट दिने अधिकार भने, सर्वप्रथम २००८ सालमा काठमाडौं नगरपालिकाको स्थापना भएपछि मात्र प्राप्त भयो । त्यो चुनावमा साधना अधिकारीले विजय समेत प्राप्त गरेकी थिइन् । नेपाली महिला चुनावमा लडेर विजय भएको यो नै नेपालको पहिलो घटना थियो ।

यसरी नेपालमा महिला समानता र हक अधिकारको लागि गरिएको २००४ सालको आन्दोलन पहिलो पटक सफलतामा टुंगिएको थियो ।

तर यो संगठन महिला हक हितको लागि लड्नु भन्दा देशको राजनैतिक आन्दोलनमा नै बेसी सरीक भयो । यस संगठनले २००७ सालअघि जेलमा परेका राजनैतिक बन्दीहरूको घर घरमा गएर सम्फाउने, जेलमा चिठ्ठी ओसार-पसार गर्ने, महिलाहरूलाई राजनैतिक शिक्षा प्रदान गर्ने र राजनैतिक आन्दोलनमा सरीक हुन पर्चा लेख्ने र पर्चा ओसार-पसार गर्ने कामलाई नै बढी महत्त्व दियो । राजनैतिक आन्दोलनकै दौरानमा महिला समानताका मागहरू पनि प्रस्तुत गरिन्थे ।

महिला संघले महिला समानताकै लागि गरेको अर्को कार्यक्रम २००७ सालको श्रीपन्चमीको दिनमा निकालिएको जुलूस कार्यक्रम हो । यो जुलूस तात्कालीन महिला संघको कार्यलय बाँगेमुडादेखि स्वयम्भूको मन्जुश्रीसम्म लगिएको थियो । यो जुलूसमा महिला हक हितसम्बन्धी लेखिएका पर्चा वितरण र पर्चा पढेर सुनाउने काम भएको थियो ।

यसरी २००७ सालको आन्दोलनमा महिलाहरूले ठूलो भूमिका खेलेका थिए । यसमध्ये पनि २००४ सालमा विराटनगरमा भएको मजदूर आन्दोलनमा कामिनी गिरीले र २००७ सालको एयरपोर्ट काण्डमा शान्ता श्रेष्ठले खेलेको भूमिका नेपालकै इतिहासमा साहसिक कार्य मान्न सकिन्छ ।

### २००७ सालदेखि २०१७ सालसम्म

तर महिलाहरूको यो सक्रिय साफा संगठन पछिसम्म एकतावद्ध भइरहन भने सकेन । विशेषतः २००७ सालपछि नेपाल महिला संघमा भित्रभित्रै विवाद हुन शुरू भयो । २००८ सालमा जवाहरलाल नेहरू

## एयरपोर्ट काण्ड र सात सालको आन्दोलनमा महिला सहभागिता

**२००७ सालमा श्री ५ त्रिभुवनको भारत प्रस्थयानपछि राणाहरुले माहिला नाति अधिराजकुमार श्री ५ ज्ञानेन्द्रलाई राजगद्दीमा राखे । यसको विरुद्धमा नेपालमा दिन दिनै जुलूस हुन थाल्यो । यसै बेला ज्ञानेन्द्रलाई राजा बनाएकोमा नेपाली जनताहरुको समर्थन वा विरोध के छ भने प्रश्नमा एउटा ब्रिटिश मिशन निरीक्षणको लागि नेपाल आएको थियो । त्यस मिशनलाई पत्र दिन र विरोध प्रदर्शन गर्न लाखौं मानिसहरु एयरपोर्ट पुगेका थिए । मिशनलाई चिठ्ठी दिने जिम्मा शान्ता श्रेष्ठलाई दिइएको थियो ।**



**जुलूस अगाडि बढ्दै गएपछि त्यहाँ प्रहरीले हवाई फायर गरे । सबै जुलूस तितरवितर भयो । शान्ता श्रेष्ठ भने भागिनन् । उनी 'लौ सक्छौ भने मलाई हान्' भन्दै अगाडि बढिन् तर प्रहरीले उनीमाथि गोली हान्न सकेनन् । त्यसपछि शान्ता श्रेष्ठले गोली हानेको होइन भनेर सबैलाई बोलाएपछि फेरि जनताहरु जम्मा भए र शान्ता श्रेष्ठलाई सबैले उठाएर ब्रिटिश मिशन बसेको गाडीमा राखिदिए । उनले नारा लगाउन अगुवाई गर्न थालिन् । यसरी त्यो आन्दोलनमा शान्ता श्रेष्ठको नेतृत्व रहन गयो ।**

**त्यसबारे शान्ता श्रेष्ठ आफैं भन्नु हुन्छ 'त्यतिबेला म जान्ने बुझ्ने भएर मेरो नेतृत्व भएको होइन । मेरो साहसले मात्र मेरो अगुवाई भएको थियो ।' ❑**

**स्रोतः शान्ता श्रेष्ठ**

नेपाल आउँदा काठमाडौंमा कालो झण्डा देखाइएको घटनापछि यो विवाद चरमचुलीमा पुग्यो र नेपाल महिला संघ दुई टुक्रामा विभाजित भयो । नेहरूलाई दिल्ली संझौता गराउन मूख्य भूमिका खेलेकोमा कालो झण्डा देखाउने प्रगतिशील पक्ष कामाक्षादेवीको अध्यूक्षतामा 'नेपाल महिला संगठन' को नामबाट संगठित भयो । कालो झण्डा देखाएको विरोध गर्ने कांग्रेस पक्ष मंगलादेवीको अध्यक्षतामा 'नेपाल महिला संघ' कै नाममा कायम रह्यो । यो संघ अहिलेसम्म पनि नेपाल महिला संघकै नाममा र मंगलादेवीकै अध्यक्षतामा कायम छ ।

यो फूटले नेपाली महिला आन्दोलनलाई पनि दुई चिरामा विभाजित गऱ्यो । कामाक्षादेवीको समूहले महिला मुक्ति र आधारभूत महिला अधिकार प्राप्ति वर्तमान सत्तामा आमूल परिवर्तनपछि मात्र संभव देखे भने, मंगलादेवीको समूहले सामान्य सुधारको बाटोबाटै यो प्राप्त हुने धारणा राखे ।

२००७ सालको क्रान्तिमा महत्त्वपूर्ण भूमिका निभाएको त्यो महिला संघ २००८ सालको फूटपछि करीब करीब निष्क्रिय नै रह्यो । पहिले सक्रिय भएर काम गरेका अधिकांश पुराना कार्यकर्ताहरू एकातिर विवाहपछि घरव्यवहार र बाल बच्चामा नै सीमित रहे भने, अर्कातिर नयाँ कार्यकर्ताहरू पनि उत्पादन गर्न सकेनन् ।

२००७ सालमा नेपाली कांग्रेसका सुवर्ण शमशेरको सल्लाह अनुसार पुण्यप्रभादेवी ढुंगानाले 'अखिल नेपाल महिला संघ' नामक एउटा महिला संगठनको स्थापना गरेकी थिइन् । तर यस संगठनले महिला हक हितको लागि खास केही काम गरेको देखिएन ।

२०१५ सालमा नेपाली नारी समितिको नाममा द्वारिकादेवी ठकुरानी र पुण्यप्रभा देवी आम चुनावमा लडेका थिए । द्वारिका देवी ठकुरानीले चुनावमा विजय प्राप्त गरिन् र उनी मन्त्री पनि बनिन् । नेपालको इतिहासमा उनी नै प्रथम महिला मन्त्री थिइन् ।

### २०१७ सालदेखि २०४७ सालसम्म

२०१७ सालको प्रतिक्रान्तिपछि नेपालमा पार्टी र संघसंस्थाहरू सबै प्रतिबन्धित भए । यसको साथ साथै महिला संघहरू पनि प्रतिबन्धित भए । २०१८ सालमा शान्ता श्रेष्ठ, सहनशीला, मिठूदेवी अर्याल र पूर्णलक्ष्मीको एउटा प्रतिनिधिमण्डल तत्कालीन निर्देशन मन्त्री विश्वबन्धु थापाकहाँ गएको थियो । यो प्रतिनिधिमण्डलले महिला संघलाई प्रतिबन्धित गर्नु भएन र महिला समानताको लागि महिलाहरूले काम गर्न पाउनु पर्छ भन्ने माग राखेको थियो । विश्वबन्धु थापाले त्यो प्रतिनिधि मण्डललाई संविधान निर्माण भएपछि त्यसमा व्यवस्था भए अनुसार महिला संघ खोल्न पाइने कुराको आश्वासन दिएका थिए ।

२०१९ सालमा संविधान निर्माण भएपछि पंचायती सरकारले शान्ता श्रेष्ठ, शिलु सिंह, कमल राणा र मोहनदेवी भएको महिला तदर्थ समिति निर्माण भएको कुरा रेडियो नेपालबाट प्रसारण गऱ्यो । त्यसपछि गृह मन्त्रालयबाट विधान तयार गरेर दिएपछि २०१९ सालमा नेपाल महिला संगठनको विधिवत निर्माण भयो । यस महिला संगठनले महिलाहरूको साक्षरता बढाउन विभिन्न ठाउँहरूमा प्रौढ कक्षा संचालन गऱ्यो । आमा मिलन केन्द्र, नारी शीप विकास केन्द्र, नारी सेवा समन्वय समिति जस्ता संस्थाहरू पनि खोलिए । तर यी संस्थाहरूबाट बहुसंख्यक उत्पीडित महिलाहरूले भने फाइदा पाउन सकेनन् । यी संस्थाहरू खालि सत्तामा पहुँच पुगेका र उच्च वर्गका महिलाहरूको विलास र विकासको भरेङ मात्र बने ।

नेपाल महिला संगठनको आर्थिक स्थिति बलियो पार्न भनेर यसलाई महांकाल स्थानको करीब ५०० रोपनी जग्गा सरकारले दिएको थियो । यसलाई नेशनल ट्रेडिङ्गको सोल एजेन्सी पनि दिइएको थियो । तर यी स्रोतबाट प्राप्त सम्पूर्ण आम्दानी आम महिलाको हक हितमा खर्च गर्नुको सट्टा नेपाल महिला संगठनका नेताहरूले व्यक्तिगत रूपमा नै बाँडे । यो सम्पत्ति महिला हक हितको लागि खर्च भएन । संगठनभित्रै र यसको जिम्मा लिएका नेतृत्वदायी व्यक्तिहरूबाटै यसको व्यापक भ्रष्टचार भयो ।

वास्तवमा भन्ने हो भने, यो नेपाल महिला संगठनले महिलाको हक हित र समानताको पक्षमा खास केही काम गरेको देखिएन । यो संगठन सत्ताको पक्षमा सत्ता बचाउनमै मात्र सीमित भयो । महिलाको हक हित र प्रजातन्त्रको पक्षमा बोल्नेहरूलाई दमन गर्ने काममा नै यो सहायक बन्यो । १७ सालपछि धेरै वर्षसम्म यही नेपाल महिला संगठन बाहेक अन्य महिला संगठनहरू परिदृश्यमा देखा परेनन् । साँच्चै भन्ने हो भने, यी वर्षहरूमा यसको नै एकछत्र बोलवाला रह्यो ।

२०१८ सालमा कमल राणाले महिला आन्दोलन चलाउन 'वीमा भोलिन्टियर सर्भिसेज' नामक संस्थाको स्थापना गरेकी थिइन् । विशेष गरेर यो संस्था उच्च वर्गका महिलाहरूमा नै सीमित रह्यो । र, यसले पनि आम महिलाहरूको हक हित र समानताको लागि केही काम गरेको देखिएन ।

बल्ल २०३४ सालमा नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) स्व. पारिजातको संयोजकत्वमा गोप्य रूपमा एउटा अखिल नेपाल महिला संघको संयोजक समिति गठन गरे । शुरूका वर्षहरूमा यो संगठनले मुख्य रूपमा गाउँ गाउँमा गएर महिलाहरूलाई सचेत पार्न र संगठित गर्ने कामलाई नै बेसी महत्त्व दियो । यसको फलस्वरूप, २०३६ सालको आन्दोलनमा सिराहा, चितवन, सर्लाही, काठमाडौं, धनुषा महोत्तरी आदि जिल्लाहरूमा व्यापक मात्रामा महिलाहरू आन्दोलनमा उत्रिए । चितवनमा त महिलाहरूको अपमान गर्ने बनपालेलाई यही संघका महिलाहरूले ठूलो सजाय समेत दिएका थिए । यो घटना देशभरि चर्चित भएको थियो ।

३६ सालपछि यस संगठनले भूमिगत र अर्धभूमिगत रूपमा रहेर महिला हक हित र समानताका कुराहरू उठाउन थाल्यो । २०३७ सालमा यसले प्रथम पटक ८ मार्चका दिन अन्तर्राष्ट्रिय महिला दिवस मनाएको थियो र महिला समानताको लागि व्यापक आवाज उठाएको थियो । यसको साथसाथै संगठनबाट बेलाबेलामा महिलाहरूमाथि हुने घरेलु हिंसा, चेलीबेटी बेचबिखन, बलात्कार, दाइजोका कारण भएको हिंसा आदिका विरूद्धमा स्थानीय रूपमा संघर्ष गर्ने र जुलूस आमसभाको आयोजना गर्ने गर्न थाल्यो । यसले बेच्न लगेको नेपाली चेलीहरूलाई फर्काउने र बेचिएकाहरूलाई घर फर्काउने कामहरू पनि गऱ्यो ।

त्यसपछि तत्कालीन नेकपा (माले) संग सम्बन्धित महिलाहरूले २०३८ साल फागुन १७ गते महिला भेला गरेर शान्ता मानवीको अध्यक्षतामा "अखिल नेपाल महिला संघ, राष्ट्रिय तयारी समिति" को गठन गरे । यो समिति गठन गर्नुभन्दा पहिला पनि उनीहरूले विभिन्न गाउँहरूमा महिला क्लब, महिला सुधार समिति, स्वतन्त्र नारी संगठन आदि नामबाट महिलाहरूलाई सचेत पार्ने र संगठित गर्ने कामहरू गरेका थिए । संगठन बनेपछि महिलाहरूलाई सचेत पार्ने र संगठित पार्ने कामलाई नै विशेष प्राथमिकता दिइयो । २०३८ सालदेखि यसले पनि लगातार रूपमा ८ मार्चका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन शुरू गऱ्यो ।

यस संगठनले पनि बलात्कार, वेश्यावृत्ति, र चेलिबेटी बेचबिखन, दाइजो काण्ड, विज्ञापन र विलासको वस्तुको रूपमा नारीहरूलाई राखेको, सुनीता नमीता काण्ड आदिको विरूद्धमा पर्चा, पोष्टर, आमसभा, जुलुस जस्ता संघर्षका कार्यक्रमहरू संचालन गरेको थियो ।

२०४६ सालमा भएको बहुदलीय प्रजातन्त्र प्राप्तिको जन आन्दोलनमा नेपालका महिलाहरू र तिनलाई प्रतिनिधित्व गर्ने संगठनहरूले निकै प्रशंसनीय भूमिका खेलेका थिए । प्रजातन्त्र स्थापना हुँदा महिलाहरूले पनि स्वतः समानता र स्वतन्त्रता प्राप्त गर्छन् भन्ने ध्येयले महिलाहरू सक्रियतापूर्वक आन्दोलनमा सरिक भएका थिए ।

२०४६ सालको आन्दोलनको एउटा प्रमुख शक्ति संयुक्त वाममोर्चाको अध्यक्ष नै महिला नेतृ सहाना प्रधान थिइन् । चितवनका 'टाइगर्नी'हरू त्यस आन्दोलनमा महिलाहरूको मात्रै होइन, पूरै देशको प्रेरणाको स्रोत भएका थिए । धनुषा जिल्लाको जदुकुहामा पुलिसद्वारा हत्या गरिएका ५ नागरिक मध्ये ३ जना महिलाहरू नै थिए । लक्ष्मी कार्की, आन्दोलनभरि प्रहरीको यातनाको भयावह शिकार हुनुको कारणले निकै चर्चित रहिन् । आन्दोलनको शुरू दिनदेखि नै चितवन, हेटौंडा, विराटनगर, पाल्पा, बुटवल र काठमाडौं उपत्यकाका महिलाहरूले पुरुषहरूसरह आन्दोलनमा सरिक भएर अलग्गै जुलूस निकालेर

## कस्तो थियो महिला नेतृहरुको चेतना- २००७ सालताका ?

**२००७ सालमा जब प्रजातन्त्रको स्थापना भयो, नेपालमा अनौठो स्थिति विद्यमान थियो । देशमा व्यवस्था नयाँ थियो, तर त्यसका प्रधानमंत्री पुरानै राणा शासक मोहन शमशेर थिए । मंत्रीहरुका गाडी नेपाल राज्यले प्रदान गरेको थियो, तर गाडीमा झण्डा राखिथ्यो चार तारे (अर्थात् नेपाली कांग्रेसको) । यसै परिस्थितिमा नेपाली महिलाहरुको एउटा प्रतिनिधिमण्डलले राजा त्रिभुवनलाई भेट्यो । प्रतिनिधिमण्डलमा कामाक्षादेवी, स्नेहलता, श्रीमाया, मिठू र प्रेमलता थिए । प्रतिनिधिमण्डलले राजा त्रिभुवनसमक्ष माग गऱ्यो- राणाहरुलाई देशबाट भाग्न दिइनु हुन्न ! उनीहरुको संपत्ति राष्ट्रियकरण गरिनु पर्छ ! मंत्रीहरुको झण्डा चारतारे नभएर नेपालको हुनु पर्छ ! महिलाहरुलाई पनि हरेक क्षेत्रमा पुरुषसरह अधिकार हुनु पर्छ ।**

**नेपाली महिला नेतृहरुको भावना र चेतना कस्तो थियो- यो मागले देखाउँछ ।**

**स्रोत- स्नेहलता**

आन्दोलनलाई नयाँ उचाईमा लैजान भूमिका खेलेका थिए। कीर्तिपुर र पाटन मुक्त क्षेत्र भएपछि हात हतियारसमेत समातेर युद्धक्षेत्र रक्षा गर्नेहरूमा महिलाहरू पनि अग्रपंक्तिमा थिए। सिराहाका महिलाहरूले गिरफ्तार पुरूषहरूलाई प्रहरीको कब्जाबाट बहादुरीपूर्वक लडेर मुक्त गराएका थिए। आन्दोलन शिथिल भएको बेला डाक्टरहरू संगसंगै काँधमा काँध मिलाएर नर्सहरूले गरेको अस्पताल हड्तालले आन्दोलनमा ठूलो उर्जा मिलेको थियो। अनगिन्ती महिलाहरू आन्दोलनको दौरानमा अंगभंग हुने गरी घाइते भएका थिए, कैयन घाइते भएका र जेल परेका थिए।

आन्दोलन टुंगियो। देशमा बहुदलीय प्रजातन्त्र पनि स्थापना भयो। नयाँ संविधानमा महिलाहरूले नेपालको इतिहासमा पहिलो पटक 'समान कामको लागि समान ज्याला'को हक पाए। महिला र पुरूषबीच कानूनको प्रयोगमा लिंगको आधारमा कुनै भेदभाव नगरिने बचनबद्धता पनि नयाँ संविधानले उल्लेख गऱ्यो। तर जन आन्दोलनका सक्रिय सहभागी नेपाली महिलाहरूलाई महिलाहरूले संगठित रूपले माग गर्दा गर्दै पनि नयाँ संविधानले पुरूषसरह सम्पत्तिको अधिकार भने दिएन। आन्दोलनपछि बनेको अन्तरिम सरकार र त्यसपछिको कुनै पनि सरकारले ६ वर्ष बितिसक्दा पनि संविधानसंग ठाडै बाभ्ने र महिलालाई दोस्रो दर्जाको नागरिक तुल्याउने कानूनहरू खारेज गरेन। फलस्वरूप २०४६ सालको जन आन्दोलनपछि आएको बहुदलीय प्रजातन्त्रले पनि महिलाहरूको जीवनमा आधारभूत परिवर्तन ल्याएन। साँच्चै भन्ने हो भने- महिलाहरूको जीवनमा अफ्र पनि प्रजातन्त्र आएको छैन।



फोटोः उषा

यस पटकको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको एक भाँकी

### २०४७ सालदेखि हालसम्म

२०४७ सालदेखि नेपालको महिला संगठनहरूले पहिलोपटक पैतृक सम्पत्तिमा छोरासरह छोरीको पनि हक हुनुपर्ने सवालमा आवाज उठाउन शुरू गरेका हुन्। अहिले यो माग नेपालका सबैजसो महिला संगठनहरूको लागि साभ्का सहमतिको माग बनेको छ।

दुई सचेत अधिवक्ता मीरा खनाल र मीरा ढुंगानाले यही विषयमा र संविधानसंग बाभिने सम्पूर्ण महिलासम्बन्धी कानून खारेज गर्ने विषयमा सर्वोच्च अदालतमा मुद्दा हाले। सर्वोच्च अदालतले गएको साउन महिनामा निवेदनकहरूको पक्षमा फैसला गरेको छ र एक वर्षभित्र महिलाहरूलाई भेदभाव गर्ने सारा कानून खारेज गरी संविधानसंग नबाभिने गरी नयाँ कानून तर्जुमा गर्न परमादेश दिएको ६, ८ महिना बितिसकेको छ। तर त्यस्तो नयाँ कानून सरकारले तर्जुमा गरेको देखिएको छैन। यतिखेर महिलाहरूको सरकारमाथि सशक्त दवाबको निकै ठूलो खडेरी देखा परिरहेछ।

अहिले अखिल नेपाल महिला संघकै नाममा चारवटा संगठनहरू परिदृश्यमा छन्। एउटा साहना प्रधानले अध्यक्षता गरेको, अर्को हिसिला यमीले, तेस्रो शशी श्रेष्ठले र चौथो शारदा राणाले। नेपाल महिला संघको नेतृत्व भने, अहिले मंगलादेवीबाटै भइरहेको छ। यसबाहेक पनि ९७ वटा महिला सम्बन्धी संगठनहरूको प्रतिनिधित्व भएको "महिला सुरक्षा दवाब समूह" २०४९ सालदेखि


तपाईंले कुनै नयाँ उद्योग स्थापना गर्ने विचार गर्नु भएको छ वा विद्यमान उद्योगलाई नै विविधीकरण, विस्तार एवं आधुनिकीकरण गर्ने मनसाय राख्नु भएको छ अथवा उद्योग संचालनका लागि चालू पूँजीको आवश्यकता परेको छ भने- वित्तीय, प्राविधिक व्यवस्थापकीय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ।

**नेपाल औद्योगिक विकास निगम**

केन्द्रीय कार्यालय
ने.औ.वि.नि.
पोष्ट बक्स नं. १०, काठमाडौं
फोन नं. २२८३२२, २२८२२५

नेपाल औद्योगिक विकास निगम
N. I. D. C.

क्षेत्रीय कार्यालय
विराटनगरः २२३०४, २०६३४
पोखराः २००८३, २०५१८
नेपालगंज : २१२०३, २००३७
धनगढी : २१२०३, २१६०८

अस्तित्वमा छ । अरू थुप्रै महिला सम्बन्धी गैरसरकारी संगठनहरू पनि यहाँ क्रियाशील छन् ।

शारदा राणाको नेतृत्वमा रहेको महिला संघले २०५१ सालदेखि 'महिला अधिकार पत्र-राष्ट्रिय अभियान' नामक कार्यक्रम संचालन गरिरहेको छ । हिसिला यमीको नेतृत्वमा रहेको महिला संघले "सौन्दर्य प्रतियोगिता" विरूद्ध बारम्बार संघर्षको कार्यक्रम राखिरहेको छ । महिला सुरक्षा दवाब समूह अहिले आगामी संसदमा पेश गर्ने उद्देश्यले महिलाहरूको सम्पत्तिमा समान हक सुनिश्चित हुने नयाँ विधेयक तर्जुमा गर्नतिर लागेको छ ।

नेपालको महिला आन्दोलनको प्रमुख समस्या के भएको छ भने- महिला समानता र स्वतन्त्रताको निम्ति भनेर स्थापना भएका संगठनहरू अनगिन्ती छन् । तर उनीहरूका बीच साझा समस्यामा समेत दरो र दीगो एकता छैन । संकीर्ण गुट स्वार्थ यहाँको आन्दोलनको मुख्य रोग बनेको छ । माग एउटै छ, समस्या एउटै छ, तर पनि हरेक संगठन उद्देश्य कसरी प्राप्त हुन्छ भन्दा पनि बेसी आफ्नो अलग्गै कार्यक्रम गर्नुमा नै आफ्नो विजय ठान्दछ । महिलाहरू थुप्रै गुटमा विभाजित हुनु र साझा उद्देश्यका निम्ति समेत उनीहरू एकगठ हुन नसक्नुले गर्दा नै यहाँ महिलाहरूको समानता र स्वतन्त्रताको लागि सशक्त आन्दोलन उठ्न सकेको छैन । अलग अलग रूपमा गरिने कार्यक्रम एकताबद्ध भएर विशाल पैमानमा गर्न सकिएको खण्डमा निश्चय नै त्यसको दवाब-शक्ति निकै बेसी हुने थियो, त्यसले उद्देश्य हासिल गर्ने सम्भावना बेसी राख्थ्यो । तर यहाँ एउटै संगठनले ४०० जना मानिस भेला गर्न सक्छ, एक्लै कार्यक्रम गर्दा । तर ९७ वटा संगठन मिलेर कार्यक्रम गर्दा १५० जना मानिस समेत जम्मा हुन गाह्रो पर्छ । संकीर्ण गुटस्वार्थले गर्दा नै यस्तो भइरहेको छ ।

अर्को समस्या, लक्ष्यमा प्रतिबद्धता र उद्देश्यमा स्पष्टता, महिला संगठन र नेता- कार्यकर्ताहरूमा देखिन्न । धेरै महिला संगठनहरू आफूले के भन्ने र के गर्ने कुरामै स्पष्ट र प्रतिबद्ध देखिन्नन् । प्रत्येक पार्टीलाई एउटा महिला संगठन त नभई हुन्न भन्ने नाममा व्यहोरा पुऱ्याउनुको लागि हचुवामै महिला संगठन बनाउने रोग यहाँ व्याप्त छ । कैयन गैरसरकारी संगठनले त कोसेली विकासको सपना बाँडेर महिला संगठनलाई पैसा कमाउने गतिलो व्यापार र व्यवसाय समेत तुल्याएको देखिन्छ । ४६ साल पहिलेका थुप्रै सक्षम महिला कार्यकर्ताहरू अहिले डलर खेतीका लागि यतातिर लहसिनाले महिला आन्दोलनको निम्ति जताततै सक्षम महिला नेता- कार्यकर्ताको नै खडेरी भएको देखिएको छ ।

२०४६ साल यता अर्को समस्या के देखिएको छ भने- महिलाहरूको संघर्ष र शिक्षा अभियान बेसीजसो शहरी क्षेत्रमै सीमित भएको छ । देशका अधिकांश असचेत महिलाहरू गाउँमा नै छन् । तर त्यहाँ हाम्रो गोडा लागिरहेको छैन ।

यिनै समस्या र चुनौतीहरूबीच २०४७ सालपछिको नेपालको महिला आन्दोलन अघि बढिरहेछ । नेपालको महिला आन्दोलनले यी समस्याहरूलाई हल गर्न सक्नु पर्छ । यसो गर्न सकेमा यसको भविष्य उज्वल छ ।

तथापि, के स्पष्ट हुनु जरूरी छ भने- सिंगै समाजले न्याय, समानता र स्वतन्त्रता नपाएको वर्तमान स्थितिमा महिलहरूले मात्रै छुट्टै लडेर उनीहरू एक्लैले न्याय, समानता र स्वतन्त्रता पाउनु संभव हुँदैन । त्यसैले न्याय, समानता र स्वतन्त्रताको लागि लडिरहेका नेपाली महिलाहरूले न्याय, समानता र स्वतन्त्रताकै निम्ति नयाँ प्रगतिशील समाज-व्यवस्था ल्याउन खोजिरहेका समाजका सबै उत्पीडित जनता र वर्गहरूसित हातेमालो गरेर अघि बढ्नु जरूरी छ ।

**सामग्री स्रोतहरुः**


१. **INSEC**, मानव अधिकार वर्ष पुस्तक, १९९३

२. विष्णु प्रभात, मातृत्व, प्रकाशोन्मुख पुस्तक

३. शान्ता श्रेष्ठ, खाली हात

४. अनेमसंघको २०४६ सालमा संपन्न सम्मेलनको प्रतिवेदन

५. साहना प्रधान, साधना अधिकारी, स्नेहलता, शान्ता श्रेष्ठ, प्रतिभा वैद्य, शशी श्रेष्ठ, अष्टलक्ष्मी शाक्यसित भएको प्रत्यक्ष कुराकानी


## नेपाली महिलाहरुको बहादुरी

**२०१४ सालमा वडा हाकिम सन्तवीर लामाको अत्याचार खप्न नसकेर इलामकी दुलाल्नी बज्यैले उसलाई कठालो समातेर घोडाबाट खसालेकी थिइन् । उनले त्यसरी सन्तवीरलाई खसालेपछि इलामका जनताहरुले उसलाई कालो मोसो दली, जुत्ताको माला लगाई आइन्दा जनविरोधी कामहरु गर्ने छैन भनी कान समात्न लगाई छाडेका थिए ।**

स्रोतः मातृत्व- विष्णु प्रभात


# अनाधिकार विद्युत उपभोग नगरौं !

विद्युत चुहावट प्रभावकारी ढंगले नियन्त्रण गर्नको लागि नेपाल विद्युत प्राधिकरणले "विद्युत चुहावट नियन्त्रण विनियमावली, २०५०" लागू गरेको छ । सो विनियमावली अनुसार देहायको कुनै पनि अवस्था फेला परेमा अनाधिकार विद्युत उपभोग गरेको अनुमान गरी जिम्मेवार अधिकारीले विद्युत लाइन काटी नियमानुसार कारवाही गरिने छ ।

१) प्राधिकरणको स्वीकृति नलिई वितरण प्रणालीः- सर्भिस केबुल, सडक बत्तीको लाइन आदिमा कुनै तरीकाबाट लाइन जोडी विद्युत शक्ति उपभोग गरेमा,

२) मिटरको मेन लाइनबाट लोड जोडेमा वा सन्टगरी मिटरमा पूरा खपत नबढ्ने गरेमा,

३) मिटरको टर्मिनल सील र टेष्ट सील बिगारेमा वा प्राधिकरणको सीलको सट्टा अरू कुनै सील भएमा

४) मिटरभित्र कुनै प्रकारको बाह्यय पदार्थ पसालेको पाइएमा,

५) टर्मिनल लिंक खोलेको पाइएमा

माथि उल्लेखित अवस्था वा विद्युतको अनाधिकार उपभोग हुने अन्य कुनै तरीका अपनाएमा ।

**नबिर्सौं विद्युत दुरुपयोग गर्नु राष्ट्रिय अपराध हो ।**

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

☐ ठालुहरुलाई त्यत्तिकै 'महान्' ठान्ने । तिनीहरु जतिसुकै अन्यायी भए पनि, लुच्चा र अनैतिक भए पनि तिनको प्रशंसा गर्न नचुक्ने । तिनीहरु अगाडि पर्दा ठूलो चाकडी, चाप्लुसी र जी-हजुरी गर्ने । यसरी तिनीहरुलाई ज्यादा मानभाउ गर्ने मात्रै हैन, तिनीहरुका अगाडि वा पछाडि नै पनि, अरु मिहेनती, इमान्दार र गरीव वा कमजोर व्यक्तिहरुलाई हेलाँ गर्ने, हेप्ने, हियाउने काम गर्ने ।

☐ विदेशी भन्न नपाई हरेक चीजलाई "महान्" भन्ठान्ने, बुझ्दै नबुझी आफूलाई र आफ्नो देशका व्यक्तिहरु एवं वस्तुहरुलाई तुच्छ ठान्ने । गोरो छाला भएका विदेशीहरुलाई देख्न नपाई र भन्ठान्ने कि- उनीहरुका आनीबानी, रीतिथिति, तौरतरीका गीत संगीत सबै आफसेआफ उच्चकोटीका हुन्छन्, अनुकरणयोग्य हुन्छन् ।

*यी मनोवृत्तिहरू हामी नेपालीहरूमा धेरथोर सबैमा विद्यमान मनोवृत्तिहरू हुन् । यी अनौठो मनोवृत्तिहरू हुन् ।*

☐ "फलानाको छोरो त गाँउमा निकै रवाफ देखाएर हिँड्छ नि ! बढा, जमीन्दारकै सन्तान भन्ठान्छ कि क्या हो आफूलाई ?"

☐ "बोक्सी भन्ने कुरा हुन्छ भनौं कि हुन्न भनौं ? हुन्न भनौं भने बेलायतमा समेत बोक्सी मान्ने मान्छेहरु छन् ! "

माथिको पहिलो भनाइ नेपालको कुनै गाउँमा आमस्तरका मानिसहरूले बोल्ने भनाइ हो । दोश्रो भनाइ शहरको कुनै पठित वा जान्नेसुन्ने ठहरिएको व्यक्तिको भनाइ हो ।

पहिलो भनाइमा के कुरा अप्रत्यक्ष रूपमा स्वीकारिएको छ भने रवाफ देखाउने प्रवृत्ति जमिन्दारका सन्तानको लागि चाहिं उचित हुन्छ, अरूलाई उचित हुन्न । प्रश्न के उठ्छ भने, के फलानाको छोरो जमिन्दारको सन्तान भएको भए चाहिं उसले रवाफ देखाएको उचित हुन्थ्यो त ?


वास्तवमा रवाफ देखाउनु भनेको आफूसंग भएको सम्पत्ति वा ज्ञानको धाकधक्कू लगाएर अरूलाई हेपेर, हियाएर हिँड्नु हो । कुनै पनि समझदार र सभ्य मानिसले गर्नु मिल्ने काम हैन यो । त्यसैले रवाफ देखाउनु अर्थात् अरूलाई विनासित्तिमा हेप्दै र आफूलाई ठूलो मान्दै हिँड्नु सबैका निम्ति खराव काम हो ।

तर जब हामी यो खराव कामलाई जमिन्दारको छोराका लागि चाहिँ उचित काम ठहर गरिदिन पुग्छौं, के यसो गर्नु भनेको उही ठालुलाई आँखा चिम्लेर पुज्नु कै अर्को नाम हैन ?

दोश्रो भनाइमा चाहिं गोरा विदेशीहरूले मान्ने गरेको हुनाले बोक्सी प्रथाको अन्धविश्वासमाथि पनि विश्वास गर्न खोजिएको छ । के बेलायतीहरू चाहिँ कुप्रथा र अन्धविश्वासरूपी खराबीमा डुबिरहेका हुन सक्दैनन् ? के उनीहरूले बोक्सी प्रथामा विश्वास गरे भन्दैमा हामीले पनि त्यत्तिकैमा विश्वास गर्ने ? के बेलायतीहरू सबै कुरामा हामीभन्दा माथि नै हुन्छन् ? उनीहरूले मानेका कुरा के अकाट्य हुन्छन् ? के उनीहरूले माने भन्दैमा हामीले पनि कुनै कुरा मान्नै पर्छ ? के हामी आफ्नै विवेकले त्यसलाई साँचो वा झूठो भनी छुट्याउन सक्दैनौं ?

**हामी नेपालीहरुमा विद्यमान यो मनोवृत्ति के मनोवृत्ति हो ?**

यस प्रश्नको जवाफ खोज्ने हो भने हामी भन्न सक्छौं- यो मनोवृत्ति दास-मनोवृत्ति हो । यो दास-मनोवृत्तिले हामीमा ठूलै घर गरेको छ । यो हामीभित्र गढेर बसेको हीनताबोधको स्पष्ट लक्षण हो ।



कुनै पनि कुरा उचित हो या अनुचित भन्ने कुरा त्यो कसले भनिरहेछ अथवा कसले गरिरहेछ भन्नेमा हैन, त्यो त्यसको सार-बस्तु कति जायज र तर्कसम्मत छ भन्नेमा निर्भर हुने हुन्छ । सार-बस्तु जायज र तर्कसम्मत भएको काम कुरा उचित हुन्छ, अन्यथा अनुचित हुन्छ ।

तर दास-मनोवृत्तिले हामीलाई यसरी स्वतन्त्र रूपले धारणा बनाउन दिँदोरहेनछ ।

दास-प्रथामा मालिकले दासलाई दबाएर राख्ने गरेको हुन्छ । भौतिक रूपले त उसले दासलाई अमानवीय प्रकारले काममा जोताउने र शोषण गर्ने गर्छ । यसबाहेक, मानसिक रूपले पनि मालिकले दासलाई पंगू बनाउने काम गरिआएको हुन्छ । दासको दिमागमा म आफू त के हुँ र ? मालिक नै सब थोक हुन्, उनी नै सबै कुरामा श्रेष्ठ छन्, म चाहिँ सबै कुरामा हीन छु, नालायक छु आदि जस्ता हीन भावनाहरू उसले थोपर्ने गरेको हुन्छ ।

दिमागभित्र रहेका यिनै भावनाहरूका कारण निर्दयी, अत्याचारी मालिकको सेवामा उनीहरू रातदिन पूरा मनले लागिपर्ने गर्छन् । मालिकले चाहिँ आफ्ना दासहरूमध्ये आफ्नो पक्का दलाली गर्ने दासलाई पुरस्कृत गर्ने र विद्रोही चेत भएको कुनै दास छ भने उसलाई चाहिं दण्ड दिने गर्छ । दलालको प्रशंसामा र विद्रोहीको निन्दामा मालिकले रीतिरीवाज, चालचलनदेखि लिएर समग्र सामाजिक मूल्य, मान्यता पनि निर्माण गरेको हुन्छ ।

यो कुरा मानव इतिहासमा दास प्रथा कायम भएका विगतका प्रायः सबै समाजमा देख्न सकिने कुरा हो । हाम्रो समाजमा अझै घुमाउरो रूपमा दास-प्रथाका अवशेषहरू बाँकी भएका ठाउँहरू पनि छन् । त्यहाँ पनि यी कुराहरू प्रस्टै देख्न सकिन्छन्- हात खुट्टामा नेल, हत्कडी लगाइदिए जस्तै दिमागमा पनि हत्कडी लगाइएका उदाहरणहरू !

# दास मनोवृत्ति कसरी छाएको छ हाम्रो देशमा ?

**गोरा विदेशीहरुले मान्ने गरेको हुनाले बोक्सी प्रथाको अन्धविश्वासमाथि पनि विश्वास गर्न खोजिएको छ। के बेलायतीहरु चाहिँ कुप्रथा र अन्धविश्वासरुपी खराबीमा डुबिरहेका हुन सक्दैनन्?**

**-चन्द्रदेव नेपाली**

**आज विहावारीको समयमा नेपाली गीत संगीतको सट्टामा हिन्दी वा अंग्रेजी गीत-संगीत घन्काएर बजाइरहेका विहेघरहरु हामी थुप्रै भेट्छौं।**

हातखुट्टाको नेल, हत्कडी हटिसकेपछि पनि दिमागको हत्कडी धेरै लामो समयसम्म हट्दो रहेनछ।

यथार्थमा भन्ने हो भने- हामी नेपालीहरूमा आज पनि जुन दास-मनोवृत्ति कायम छ, त्यो यही दिमागमा लागेको हत्कडीकै परिणाम हो। समाजमा भौतिक रूपले प्रत्यक्ष दास मालिक अब बाँकी छैन र भौतिक रूपले प्रत्यक्ष दास हामी छैनौं। तर पनि मानसिक रूपमा हामी दास प्रथाभन्दा बाहिर आइसकेका छैनौं।

कुराकानीको क्रममा इतिहासकार डा. राजेश गौतम त इतिहास कालदेखि नै नेपाली संस्कृतिको मूल प्रवृत्ति "दासता" रहँदै आएको दावी गर्नु हुन्छ। यसलाई उहाँले पुष्टि गर्नु बाँकी नै छ। तर पनि के कुरा हामी सहजै भन्न सक्छौं भने- राणा शासकहरूले हामीलाई १०४ वर्षसम्म वास्तवमै दास बनाउने काम गरे। जन्मिदै जर्नेल बनाउने जस्ता सरासर अन्यायपूर्ण र जहानीया स्वार्थयुक्त कामहरू गर्ने र त्यस्ता कुकृत्यहरूलाई उचित र जायज ठह्र्याउन धार्मिक- सामाजिक ठेकेदारहरूलाई दान र बक्सिसको आधारमा सक्रिय गराउने, यस्तो कार्यशैली राणाहरूको थियो।

"म जम्मा ६ महिना चाकडी गरेरै पनि जुद्ध शमशेरलाई रिझाउन सक्ने बहादुर हुँ!"- आज पनि हाम्रा समाजमा कतिपय वृद्धहरूले आफ्नो इतिहास कोट्याउँदै यसो भन्ने गरेको पाउँछौं। यसरी चाकडी जस्तो निन्दनीय कुरामाथि पनि उनीहरू ठूलै 'बहादुरी' ठानेर त्यसमा घमण्ड गर्ने गर्छन्।

आज अत्याचारी तर संपन्न, भ्रष्टाचारी तर संपन्न, तस्कर तर सम्पन्न, देशद्रोही तर संपन्न आदि व्यक्तिरूका सामु लत्रक्कै परेर झुक्ने, तिनलाई आफ्नो स्वाभिमान बेच्ने र तिनको अन्ध-नक्कल गर्ने जस्ता चालचलनहरू, जुन हामीमा यो वा त्यो रूपमा विद्यमान छन्, ती सबै दास मानसिकताकै उपज हुन्।

घरानिया र ठूला धन संपन्न खलकहरूका वरपर हुन पाउँदा गौरव गर्ने, त्यसको धाक लगाउने र श्रमिक, मिहेनती र इमान्दार मानिसहरूलाई चाहिं कम वास्ता गर्ने वा हेय दृष्टिले हेर्ने, जनतालाई भुसुना सम्झने "स्वतन्त्र मानिसहरू" आज हाम्रा वरिपरि धेरै छन्। घरानियाहरूले आफूलाई "ठूलो र विशेष" देखाउन प्रयोग गर्ने गरेका "भूजा ज्यूनार गरिस्योस्" जस्ता भाषाहरूको प्रयोगमा गौरव गर्ने, सामाजिक चाड पर्वमा ठूला धनीमानीहरू र तस्करहरूको जस्तै तडकभडक गर्न रूचाउने, ठूलो घराना र कुलीनताको धाक लगाउने आदि प्रवृत्तिहरूका पछाडि यही दास मानसिकता लुकेको छ।

जब नेपालीहरू विदेशी सेनामा पठाइन थालिए, त्यतिखेरदेखि हाम्रो यो सामन्तमुखी दासमानसिकता विदेशीमुखी पनि हुन थाल्यो। विदेशी जागिरदाताहरू र हाकिमहरूप्रतिको हाम्रो दाससमान व्यवहारले उनीहरूप्रतिको दास मानसिकताको विकास गरायो।

यसमा हाम्रो छिमेकी देश भारतमा अंग्रेजहरूले गरेको शासनको पनि अप्रत्यक्ष प्रभाव रहेको छ। अंग्रेजहरूले भारतीय असचेत जनतामा आफू "ठूलो र महान" भएको धाक जमाए। भारतीयहरूलाई दास र आफूलाई मालिक समान बनाएर व्यवहार गरे। यही कारण पराजय र हीनताबोधले ग्रस्त असचेत भारतीय जनताहरूले अंग्रेजहरूलाई "साहेव" र "मेमसाहेव" रूपी ठूला मान्छेहरूको रूपमा लिन र प्रचार गर्न थाले। अंग्रेजहरूसँग संबन्धित चालचलन, रीतिरिवाज, गीत संगीत, खेलकूदहरू बोलीचाली आदिलाई त्यत्तिकै "महान" देख्ने र आफ्नापनहरूलाई चाहिं त्यत्तिकै पिछडिएको "देशी" भनेर हेलाँ गर्ने र गिज्याउने समेत गर्न थाले। साम्राज्यवादी अंग्रेजहरूले चाहे जस्तै कुरा थियो यो।

भारतीयहरूबाट यो मानसिकता नेपालमा पनि विस्तारै पस्यो।

बस्, फौजी जवानहरूले विदेशबाट बोकेर आएको हीनता र छिमेकी भारतीय नागरिकहरूको निकट संबन्धबाट फैलिएको अंग्रेजहरूलाई "ठूलो र महान" मान्ने मांनसिकता मिसिएर आज हामी नेपालीहरूमा विदेशीहरूप्रति र अझ त्यसमा पनि गोरा छाला भएका यूरोपीय वा अमेरिकीहरूप्रति अन्ध रूपमा नै नतमस्तक हुने प्रवृत्तिले विकास गरेको छ।

संबन्धित विषय वस्तुको ज्ञान र सीपभन्दा ज्यादा विदेशी भाषा बोल्न लेख्न जान्ने मात्र हुनुको नाममा आफूलाई ठूलो मान्ने, अरूले पनि तिनलाई ठूलो ठान्ने, विदेशी पहिरनहरूप्रति अन्ध सम्मान भाव, नेपाली गीत, संगीत, कलालाई हेर्दै नहेरी, सुन्दै नसुनी विदेशी गीत-संगीत, कलालाई "ठूलो" ठान्ने र ठूलो भनी प्रचार गर्ने प्रवृत्तिहरू आज हामी हाम्रो समाजमा यत्रतत्र भेट्न सक्छौं। यी कुराहरू र "बेलायतीहरूले पनि मान्ने हुनाले संसारमा बोक्सीको अस्तित्व छ" भनी मान्ने माथि शुरूतिर उल्लिखित प्रवृत्ति उस्तै उस्तै हुन्। आज विहावारीको समयमा नेपाली गीत संगीतको सट्टामा हिन्दी वा अंग्रेजी गीत-संगीत घन्काएर बजाइरहेका विहेघरहरू हामी थुप्रै भेट्छौं। अमेरिकी र यूरोपीयन समाजमा विग्रिएका मान्छे ठहरिएका हिप्पीहरू र पंक्सहरू पनि गोरा विदेशीहरू भएकै कारण हाम्रा युवा पुस्ताका आदर्श ठहरिएका छन्। उनीहरूका विकृत आनीबानी पनि हाम्रो समाजका निम्ति "गौरव" पूर्ण र "फरवार्ड" व्यवहार ठहरिएका छन्। आफ्नो अविकसित स्थितिलाई विकसित गर्नतिर भन्दा विदेशीको अन्ध-नक्कल गरी विलासिता र भोगवादमा डुब्नतिर लाग्ने प्रवृत्ति मौलाउन थालेको स्थिति पनि यही दास मानसिकताकै प्रतिफल हो।



**नेपाली गीत, संगीत, कलालाई हेर्दै नहेरी, सुन्दै नसुनी विदेशी गीत-संगीत, कलालाई "ठूलो" ठान्ने र ठूलो भनी प्रचार गर्ने प्रवृत्तिहरू आज हामी हाम्रो समाजमा यत्रतत्र भेट्न सक्छौं।**

नेपाली कम्युनिष्ट आन्दोलनभित्र पनि नेता वा आफ्नो गूटका कुरालाई अन्ध रूपले लिने, अन्धसमर्थन वा अन्धविरोध गर्ने र अरूमा आश्रित हुने प्रवृत्ति मनग्ये पाइन्छ। "हामीलाई के थाहा हुन्छ र?" भनी टाठाबाठा नेताहरूकै मात्र इशारामा नाच्ने, आँखा चिम्लेर गलत कुराको समर्थन गर्ने र आफूभन्दा तलका कार्यकर्तालाई चाहिं "दास" जस्तै ठानी तुच्छ व्यवहार गर्ने चलन यहाँ विद्यमान छ। यो स्थिति पनि दास मानसिकताको लक्षण हो र यसलाई फेर्नु जरूरी छ।

नाम चलेका नेता वा प्रसिद्ध पुस्तकमा लेखेको छ भन्ने वित्तिकै तर्कहीन भएर त्यो कुरा चूपचाप स्वीकार्ने, त्यही कुरा साधारण साथीले भन्यो भने त्यो अस्वीकार गर्ने- यस्तो प्रवृत्ति हामी हरेक पार्टीभित्र वालछ्याल देख्न सक्छौं। यो पनि दास मनोवृत्तिकै स्पष्ट लक्षण हो।

दास मनोवृत्तिबाट माथि उठ्ने हो भने, सबैभन्दा जरूरी कुरा हो- आलोचनात्मक आँखा, कसैका कुरालाई पनि विना सोचविचार चूपचाप नस्वीकार्नु, हरेक कुरामा आफ्नो बुद्धि विवेक प्रयोग गरेर हेर्नु र हरेक कुरालाई आलोचनात्मक आँखाले हेर्नु- यो नै दास मनोवृत्ति खत्तम गर्ने मूल बाटो हो।

मलाई पनि केही थाहा छ, म पनि अरू मान्छे सरह सोचविचार गर्न सक्छु, म पनि केही गर्न सक्छु भन्ने आत्मविश्वासमुखी मनोवृत्ति हुन थालेपछि हामीबाट दास मनोवृत्तिले विदा लिन शुरू गर्छ। हामी नेपाली पनि मान्छे हौं, हामी पनि मौलिक रूपले केही नयाँ राम्रा काम कुरा गर्न सक्छौं भन्ने मनोभावना आम नेपालीमा भयो भने, राष्ट्रिय रूपमा रहेको दास मनोवृत्ति हामीबाट भाग्न थालिहाल्छ। अहिले नेपालमा त्यही मनोभावनाको सर्वाधिक खाँचो छ। ❑



# फ्याक्स मेशिनले कसरी काम गर्छ ?

-मञ्जू दवाडी

संचारको क्षेत्रमा विज्ञानले यति धेरै उन्नति गरिसकेको छ कि, त्यसको लेखाजोखा गर्न नै गाह्रो भएको छ ।

प्राचीन कालमा लामा लामा भोजपत्रमा तयार पारिएका पत्रहरू घोडचढीमार्फत् संबन्धित ठाउँमा पुऱ्याउन लगाइन्थ्यो । तर त्यो प्रविधिमा श्रम एवं समय बढी लाग्ने र असुरक्षाको अनुभव हुने भएकोले असन्तुष्ट मानव मस्तिष्कले त्यो भन्दा नयाँ र उन्नत प्रविधि पत्ता लगायो । सन् १८३१ मा हुलाक टिकटको प्रचलन बेलायतबाट शुरू भएपछि चिठ्ठीपत्रहरूलाई खामबन्द गरी त्यसमा टिकट टाँसेर हुलाकमार्फत् संबन्धित ठाउँहरूमा पुऱ्याउने चलन चल्यो ।

नेपालमा टिकट टाँसेर यताको खबर उता पुऱ्याउने चलन बिक्रम संवत १९३८ सालदेखि चल्यो । तथापि नेपालका धेरै विकट ठाउँहरूमा हुलाकमार्फत् चिठ्ठीपत्रहरू पठाउँदा महिनौ लाग्ने स्थिति हाल पनि विद्यमान छ । चिठ्ठीपत्रहरू हुलाकमार्फत् आदान-प्रदान गर्नु भन्दा पनि निकै छिटो र छरितो साधनको रूपमा टेलिग्राम र आकाशवाणी विकसित गरियो । टेलिफोन प्रविधिको विकासले गर्दा टेलिग्राम प्रविधि भन्दा पनि छिटो खबर पुऱ्याउन हाल संभव भएको छ ।

टेलिफोनबाट संपर्क राखेर मौखिक रूपमा खबरको आदान-प्रदान त हुन्छ नै । तर कुनै ठाउँमा तुरून्तै लिखित सामग्री पठाउनु छ भने के गर्ने ?

जापानको एउटा ठेकेदारले नेपालको कुनै सरकारी कार्यालयमा आज ५ बजेभित्रै एउटा ठेक्काको टेण्डर हाल्नु छ । नत्र म्याद गुज्रन्छ । चिठी या टेलिफोनबाट त्यो समस्या हल हुन संभव छैन । अब के उपाय गर्ने ?

नेपाल सरकारले अमेरिकास्थित आफ्नो राजदूतलाई अहिले तुरून्तै एउटा दस्तावेज पठाउनु छ । हुलाकद्वारा त्यो पठाउन कम्तिमा ५ दिन लाग्छ । त के गर्ने ?

विज्ञानले यो समस्याको भरपर्दो हलको रूपमा Fax प्रविधि आविष्कार गरेको छ । यो प्रविधिबाट कुनै पनि लिखित सामग्री जस्तो कि, समाचार, फोटो, लेख, दस्तावेज वा चिठी तुरून्तै संसारको कुनै पनि कुनामा पठाउनु संभव भएको छ ।

कुनै पनि व्यापार, उद्योग, सरकारी वा गैरसरकारी कार्यालय वा महत्त्वपूर्ण व्यक्तिहरूलाई भरपर्दो र अति छिटो लिखित संचार संपर्कको नितान्त जरूरी हुन्छ नै । जब हुलाक त्यसको निमित्त अति ढिलो साधन ठहर्छ, समस्याको हल त फ्याक्स प्रविधि नै हो ।

यो प्रविधिबाट कुनै पनि लिखित सामग्रीलाई क्षणभरमै हजरौं माइल टाढा जस्ताको तस्तै फोटो उतारेझैं गरी पठाउनु संभव छ । चाहे त्यो चिठ्ठी होस् वा दस्तावेज, निवेदन होस् वा फोटो, यताको फ्याक्स मेशिनबाट पठाइएको सामग्री अर्को ठाउँमा रहेको दोस्रो फ्याक्स मेशिनमा फोटोकपि आए जस्तै गरी हूबहुँ आउँछ । अब त रंगीन प्रतिलिपि पनि हूबहु आउने फ्याक्स मेशिन समेत विकसित भइसकेको छ ।

यसरी लिखित सामग्रीको प्रतिलिपि हूबहु जहाँसुकै पनि पुऱ्याउन सक्ने यन्त्रको बोलीचालीको नाम नै Fax हो । फ्याक्सलाई वैज्ञानिक भाषामा Fascimile भनिन्छ । Fascimile ल्याटिन शब्द हो । यो शब्द Factum Simile बाट बनेको हो । ल्याटिन भाषाको Factum Simile को अंग्रेजी अर्थ "To make similar" हो । नेपाली भाषामा त्यसको अर्थ "उस्तै उस्तै बनाउनु" हो । फ्याक्स मेशिनले उस्तै उस्तै प्रतिलिपि हजारौ-लाखौं माइल टाढा संचार गर्ने हुनाले Fascimile शब्द अर्थपूर्ण देखिन्छ । Fascimile को छोटो रूप Fax हो ।

यो यन्त्रको आविष्कार स्कटल्याण्डका वैज्ञानिक अलेक्जेण्डर बेनले सन् १८४२ मा गरेका हुन् । उनी एक जना इलेक्ट्रिकल इन्जिनियर थिए ।

### Fax ले कसरी काम गर्छ त ?

फ्याक्स र टेलिफोन प्रसारण लाईन एउटै हुन्छ । हरेक Fax मेशिनमा टेलिफोन पनि जोडिएको हुन्छ । फरक के भने, टेलिफोन यन्त्रमा खालि कुराकानी मात्र गर्न सकिन्छ । र, जहाँ टेलिफोन गरिएको हो त्यहाँ टेलिफोनबाट आवाज मात्रै जान्छ । तर फ्याक्स गर्दा भने पहिले आवाज जान्छ र उताको फ्याक्स मेशिन तयार रहेको संकेत तुरून्तै प्राप्त भएपछि फ्याक्स मेशिनबाट लिखित सामग्रीको हूबहु प्रतिलिपि नै जान्छ ।

फ्याक्स गर्दा हरेक फ्याक्स मेशिनजडित टेलिफोनमा आफूले सन्देश पठाउनु पर्ने ठाउँको फ्याक्स मेशिनको टेलिफोन नम्बर थिचिन्छ । यता त्यो नम्बर थिच्ने बित्तिकै उताको फ्याक्स व्यस्त वा बिग्रेको छैन भन्ने संकेत आएपछि प्रापक फ्याक्सले आफू सन्देश लिन तयार रहेको संकेत पठाउँदछ । त्यसपछि लिखित सामग्रीलाई यताको फ्याक्स मेशिनमा रहेको Scanner (स्क्यानर) मा हालिन्छ । एकैछिनमा स्क्यानरमा हालिएको लिखित सामग्री अर्को छेउबाट निक्लन्छ । त्यो निक्लेपछि बुझ्नु पर्छ कि सामग्री अर्को फ्याक्स मेशिनमा पुगिसक्यो । त्यहाँ पनि त्यसरी नै Scanner मा हूबहु प्रतिलिपि निक्लिसक्यो ।

अब प्रश्न उठ्न सक्छ यो सब फ्याक्स मेशिनले कसरी गर्छ त ?

जुन लिखित सामग्री फ्याक्स मेशिनको Scanner भित्र घुसाइन्छ, त्यो बिस्तारै भित्र पस्दै जान्छ । Scanner ले घुसारिएको कागजका अक्षर वा चित्रको अंश अंशलाई साना-साना सूक्ष्मतम बिन्दुमा क्रमशः बिभाजन गर्दै जान्छ । ती साना-साना सूक्ष्मतम बिन्दुहरूलाई Pixel भनिन्छ ।

Scanner ले त्यसपछि यी सूक्ष्मतम बिन्दुहरू अर्थात् Pixel लाई बिद्युतीय स्पन्दन (Electrical Pulse) मा बदलिदिन्छ ।

जब यी Pixel, बिद्युतीय स्पन्दनमा बदलिन्छन्, ती बिद्युतीय स्पन्दनरूपी सूक्ष्मतम फोटो बिन्दुहरू (Pixel) बिद्युतीय तरंगको माध्यमबाट तुरून्तै टाढा-टाढासम्म फैलिन्छन् । यसैलाई प्रापक फ्याक्स मेशिनले अंक संकेत (Digital Signal) को रूपमा ग्रहण गर्दछ ।

अब प्रत्येक फ्याक्स मेशिनले प्राप्त अंक संकेतहरूलाई प्रसारित सामग्रीको जस्ताको तस्तै नआउञ्जेल चित्रका रूपमा पुनः रचना गरिरहन्छ । प्रापक फ्याक्स मेशिनमा फोटो संवेदनशील कागज राखिएको हुन्छ ।

त्यो कागजमा प्राप्त अंक संकेतहरू फोटो चित्रको रूपमा जस्ताको तस्तै छापिदै जान्छ । कुनै पनि शब्द वा चित्रको पूर्ण प्रति नआएसम्म प्रापक फ्याक्स मेशिनले त्यसलाई मिलाइ रहन्छ । जब पूर्ण प्रति आउँछ प्रापक फ्याक्स मेशिनले छापिएको प्रतिलिपि मेशिनबाट बाहिर निकाल्छ । हामी अब हूबहु प्रतिलिपि पाइरहेका हुन्छौं ।

यसरी फ्याक्स मेशिनले हाम्रो चिठी, दस्तावेज, निवेदन वा कुनै पनि महत्त्वपूर्ण कागजातलाई तुरून्त संसारको जुनसुकै कुनामा पुऱ्याउँछ । ❑

**कुनै पनि शब्द वा चित्रको पूर्ण प्रति नआएसम्म प्रापक फ्याक्स मेशिनले त्यसलाई मिलाइ रहन्छ। जब पूर्ण प्रति आउँछ प्रापक फ्याक्स मेशिनले छापिएको प्रतिलिपि मेशिनबाट बाहिर निकाल्छ।**




# प्रजातान्त्रिक कार्यशैली

हरिगोविन्द लुईंटेल

**"के पार्टीभित्र प्रजातान्त्रिक शैली छैन भन्नुको अर्थ ससुरोको विजनेस फर्ममा त्यो शैली छ भन्नु हो ?"**

–'जुन पार्टीमा स्वयं आफूभित्र प्रजातन्त्र छैन, यसले के जनतालाई प्रजातन्त्र दिन सक्छ ?'

युवा नेता डमरुबल्लभ के.सी.ले यो सिकायत गर्न थालेको दुई वर्ष भयो ।

उसले पार्टीलाई एउटा लिखित पत्र पनि दियो । 'आफैंभित्रबाट प्रजातान्त्रिक संस्कृतिको विकास गरौं' शीर्षकमा लेखिएको सो पत्रमा पार्टीको गैरप्रजातान्त्रिक कार्यशैलीका स्वरुपहरु उल्लेख गरिनुका अतिरिक्त "त्यसकारण आफू पार्टीदेखि असन्तुष्ट भएको" कुरा पनि व्यक्त गरिएको थियो ।

यो पत्र प्राप्त भएपछि पार्टीसँग संबन्धित जिम्मेवार तहका हामी सबै जना चिन्तित भयौं ।

डमरुबल्लभ पार्टी कार्यबाट प्रायः पन्छिने गरेको, जिम्मेवारी नै नलिने र लिए पनि पूरा नगर्ने आदि आदि रबैयाहरु उसमा दिन प्रतिदिन बढ्दै थिए । शुरु शुरुमा त ऊ आफ्नो "व्यक्तिगत काम परेकोले यता लाग्न सकिनं' भनी माफी माग्ने शैलीमा कुरा राख्थ्यो । पछिपछि भने उसले "पार्टीप्रति आफू असन्तुष्ट भएकोले काम गर्न नसकेको" भनी ठाडै भन्ने गर्न थाल्यो । यो क्रम उपरोक्त चिट्ठी बुझाउने हदसम्म अगाडि बढ्यो ।

पार्टीभित्र विस्तारै अरुले पनि भन्न थाले- "वास्तवमा डि.वि.ले भनेको कुरा जायज छ, हाम्रो पार्टीभित्रको कार्यशैली खराबै छ ।"

यो मत राख्नेहरुको संख्या बढ्न थाल्यो । हाम्रो चिन्ता पनि बढ्न थाल्यो ।

डमरुबल्लभ अब पार्टीमा प्रायः आउन नैं छोड्यो । ऊ पार्टीप्रति असन्तुष्ट अन्य कार्यकर्ताहरुलाई भेट्ने र उनीहरुलाई भड्काउने काम गर्न थाल्यो ।

आखिर पार्टीले आफ्नो कार्यशैलीको मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने निर्णय गऱ्यो ।

यसै कामका निम्ति गठित कार्यदलले तीन महिनामा प्रतिवेदन बुझायो । प्रतिवेदनमा व्यापक छलफल भयो । निचोड निकालियो ।

अब पार्टीको कार्यशैलीमा ठूलो सुधार ल्याइने भयो । हामी सबैलाई यो कुराले अत्यन्त खुसी बनायो । कार्यकर्ता पंक्तिमा व्यापक उत्साह पैदा भयो ।

हामीले सोच्यौं- जे होस्, पार्टीको वर्तमान निर्णय र मोडका लागि आफ्नो असन्तुष्टि र पहलको पनि निर्णायक योगदान भएको कारण र आफ्नो माग आज यसरी पार्टीले पूरा गरिदिएको कारण डमरुबल्लभ अरु सबैभन्दा बढी खुसी भएको होला । सबैले सोच्यौं- अब उसबाट पार्टीले राम्रो योगदान पाउने छ ।

तर अचम्मको कुरा !

डमरुबल्लभको भने कुनै चालचुलै छैन । ऊ गायब छ ।

यो खुसीको खबर लिएर म र एक जना मित्र उसको घरमा गयौं । तर त्यहीं पुगेर मात्र थाहा भयो- ऊ त क्यानाडा गैसकेको पो रहेछ ।

उसकी श्रीमतीले बताई- "उहाँ त तीन महिनाअघि नै जानु भएको हो, केही दिनपछि म पनि बुबाको साथ लागेर जाँदैछु ।"

कुरा बुझियो । डमरुबल्लभले त ससुरोको व्यापारिक फर्मको म्यानेजर भएर दुई वर्ष अघिदेखि नै काम गर्न थालेको रहेछ । अहिले त्यही फर्मको काममा क्यानाडा गएको रहेछ ।

"लौ उहाँको माग अनुसार पार्टीले भने ठूलो कदम चाल्यो, उहाँ आफैं भने, पार्टी मात्रै हैन देशै छोडेर बाहिर जानु भएछ ।" हाम्रो यो भनाइ सुन्न नपाई डी. बी. की श्रीमतीले भनी- "यो पार्टी सार्टीमा लागेर हुन्न भनेर मैले भनेको मान्नु भएन अनि मेरो बुबाले सम्झाएपछि उहाँले पार्टीमा राजीनामा दिएँ पो भन्नु हुन्थ्यो । के उहाँले पार्टी छोडिसक्नु भएको हैन र ?"

हामीले भन्यौं- "छोड्नुभा'छैन उहाँले पार्टी ! पार्टीको कार्यशैलीबारे एउटा पत्र चाहिं दिनु भएको थियो ।"

श्रीमतीले भनी- "ए, त्यही त हो नि राजीनामा पत्र ! "मैले सोझै हैन, घुमाएर राजीनामा लेखेर दिएको छु" भन्नु हुन्थ्यो । तपाईहरुले कुरो बुझ्नु भएनछ ।"

उसको यो कुरा सुनेर हामी छानाबाट खसेजस्तो भयौं ।

"यत्रो जालसाजी ? यत्रो काइते काइदा ?" डमरुबल्लभप्रति घृणा जागेर आयो हामीभित्र । तुरुन्तै हामी त्यहाँबाट हिंड्यौं ।

बाटोमा मित्रले मलाई भने- "पलायनबाद भनेको यही हो ।"

मैले प्रश्न गरें- "के पार्टीभित्र प्रजातान्त्रिक शैली छैन भन्नुको अर्थ ससुरोको विजनेस फर्ममा त्यो शैली छ भन्नु हो ?"

मित्रले जवाफ दिए "भगुवाहरुको शैली यस्तै हुँदो रहेछ ।"

मैले भनें- "डमरुबलभलाई तपाईको माग पार्टीले पूरा गरेको छ, आउनुस् भनी चिठी लेखौं ।"

मित्रले जवाफ दिए- "चिठ्ठी लेख्नु बेकार छ किनभने, अब डमरुबलभले अर्को त्यस्तो कुनै ठूलो इस्यूमा पार्टीप्रति असन्तुष्टि पोख्ने छ, त्यसपछि फेरि अर्को इस्यूमा, त्यसपछि फेरि अर्को इस्यूमा ! पाखण्डी भगुवाहरुलाई इस्यूहरुको कुनै कमी हुन्न ।"

म मित्रको अनुहारमा एक टक लगाएर हेरेको हेऱ्यै भएँ ।

❑

*-साभार: मिमिरे, भाद्र, २०५२*


नंव वर्ष २०५३ को उपलक्ष्यमा
समस्त नेपालीहरुप्रति
हार्दिक शुभकामना

**मेयर वेलप्रसाद श्रेष्ठ**

तथा

धुलिखेल नगरपालिका परिवार

धुलिखेल

# रातो भाले युग-युग बास्छ

-पवन चाम्लिङ्ग



**पवन चामलिङ शुरुमा साहित्य क्षेत्रमा सक्रिय रही विस्तारै राजनीतितिर पनि तानिएका एक चर्चित सिक्किमे प्रतिभा हुन् । पवन चामलिङ "किरण" का नामबाट उनका चार वटा कविता संग्रहहरु र एउटा अभिलेख संग्रह प्रकाशित भइसकेका छन् । "निर्माण" साहित्यिक पत्रिकाको संपादनमा उनी विगत डेढ दशकदेखि आजसम्म पनि सक्रिय छन् ।**

**साहित्यमा मूलतः मानवतावादी सोच राख्ने यी कवि आफ्नो लेखनमा जनपक्षीय, प्रगतिशील झुकाव समेत राख्दछन् ।**

**यहाँ प्रस्तुत छ- उनको एक कविता**

एउटा रातो भालेलाई स्यालले लग्यो भनेर
अन्धकार रातले भन्दो हो (!)-
अब भाले बास्दैन भनेर,
सँधै अँध्यारो हुन्छ-
र मेरो राज सँधै हुन्छ
विहानी फेरि कहिल्यै हुँदैन भनेर≤
उज्यालो भएर घाम लाग्दैन भनेर ।

एउटा रातो भालेलाई स्यालले लाँदैमा
एउटा भालेलाई बौलाहा स्यालले खाँदैमा
रातो भाले कहाँ सकिन्छन् र !
एउटा भालेलाई अन्धकार रातमा
स्यालले खायो भन्दैमा
रातो भाले कहाँ बास्न छोड्छन् र !

यी राता भालेहरू त-
अन्धकार रातको विरोधमा उठेका
महाशक्तिका समवेत् आवाज हुन्
अन्याय, अत्याचार र पाप नाश गर्न
सिर्जना भएका शक्तिका प्रखर रूप हुन् !
एउटा भालेलाई स्यालले खायो भन्दैमा
नरमाऊ है, ए अँध्यारो रातकी रानी !
तिमी त निस्लोट कालो अन्धकार हौ
तिमीलाई त तिम्रै रूप कस्तो छ,- थाहा छैन !

किनभने-
अँध्यारोको प्रतिविम्ब हुँदैन,
तिमी त कालो रात हौ≤
तिम्रो केहीसँग तुलना हुँदैन
तिमी केवल अन्धकार हौ,
असत्य र पापको स्वरूप हौ,
यसैले सानो जूनकीरीसँग पनि
तिमी सँधै हारेका छौ,
एउटा माचिसको सिन्काले पनि
तिम्रो अस्तित्वलाई नाश गरेको छ≤
किनकि तिमी जिउँदो लाश हौ,
पापको पुञ्ज हौ !

यसैले-
मान्छेको संसारबाट
तिम्रो ताण्डव-लीला नाश गर्न
असत्यसँग ठगिएको सत्यलाई,
अन्यायसँग दबिएको न्यायलाई,
दानवसँग हारेका मानवलाई≤
निदाएको मान्छेको मनलाई,
सुतेको मान्छेको विचारलाई,
हनन् भएको मान्छेको अधिकारलाई
तड्पेको मानवतालाई≤
ब्यूँझाउन, उठाउन, जगाउन
एक होइन,
अब यस धरतीमा
लाखौं, करोडौं भाले बास्नेछन् :
मेरो रातो भाले बास्ने छ, बासिरहने छ ।

**साभारः म को हुँ ? कविता संग्रह/१९९५**




इस्मालीको कथा संग्रह
बजारमा उपलब्ध छ ।

रूद्र खरेलको
हास्यव्यंग्य संग्रह



बजारमा उपलब्ध छ ।

**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**
**टिकाउपनाको अर्को नाम**

# एमालेको अविश्वासको प्रस्ताव किन फेल भयो ?

अन्ततः फागुन ११ गते नेकपा (एमाले) द्वारा शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा रहेको गठबन्धन सरकार विरुद्ध राखिएको अविश्वासको प्रस्ताव ९० को विरुद्ध १०६ मतले असफल भयो । संसदमा तीन सिट भएको नेपाल मजदूर किसान पार्टीको मतदानमा भाग नलिने निर्णयले यो मुद्दामा निर्णायक भूमिका खेल्यो । अन्यथा, लोकेन्द्रबहादुर चन्दको हर हालतमा प्रधानमंत्री हुने र एमालेको हर कुनै तरहले सरकारमा जाने सपना साकार हुने लगभग सुनिश्चित थियो ।

सरकारमा आफ्नो हैसियतभन्दा निकै ठूलो भाग र प्रधानमन्त्रित्व समेत पाउने स्थितिमा राष्ट्रिय प्रजातन्त्र पार्टीको चन्द पक्ष पार्टी फोडेर भए पनि सरकारमा जान तम्तयार भएको थियो । तर नेमकिपा मतदानमा तटस्थ रहनासाथ पार्टी पनि विभाजित हुने, सरकार पनि नबन्ने स्थिति खडा भयो । त्यो स्थितिमा चन्द पक्षले पछि हट्ने र अविश्वासको प्रस्ताव विरूद्धमा नै मतदान गर्ने निर्णय लियो । अविश्वासको प्रस्तावको असफलता यसैको स्वाभाविक परिणाम थियो ।

सतहको राजनीति यस्तो देखियो । तर गहिराईमा घटना प्रवाह यति मात्र थिएन ।

एमालेले अविश्वासको प्रस्ताव राख्नुमा राप्रपा पनि विभाजित हुने र नेकपा (एमाले) जसरी पनि फेरि सत्तामा पुग्ने लालसाले एउटा मुख्य कारकको भूमिका खेलेको थियो । उता दरवार पनि आफ्नो स्थिति अहिलेभन्दा अरू मजवूत पार्न हर्दम प्रयत्नरत थियो नै । चन्दको प्रधानमन्त्रित्वमा एमाले-राप्रपा सरकार त्यसको लागि निकै अनुकूल स्थिति थियो । यो नेपाली कांग्रेससित बढी मोलतोल गर्न सक्षम हुनका लागि पनि अनुकूल कदम थियो । अविश्वासको प्रस्तावमार्फत् एमाले-राप्रपाको संभावित सरकार यी दुवै स्वार्थहरूको संयोग थियो ।

एमालेका महासचिवले हालै केही समय अगाडि अब एमालेले गणतन्त्रको कार्यक्रम नै पार्टीको दस्तावेजबाट हटाउने घोषणा गर्नु, सरकारमा जान र टिक्नका लागि दरवारलाई साथमा लिने र आश्वस्त पार्ने एमालेको प्रयत्नको मूर्त अभिव्यक्ति थियो यो । यो हालको नयाँ समीकरणका लागि तयार गर्न खोजिएको पूर्वाधारको रूपमा अर्थपूर्ण घोषणा थियो ।

नेपाली कांग्रेसको भय र आपत्ति राप्रपा वा दरवार बलियो हुनुमा थिएन । आफू सत्ताच्यूत हुनुमा नै उसलाई सबैभन्दा बेसी डर र आपत्ति थियो । त्यसैले, उसले राप्रपाको अर्को पक्षसित आफू जसरी पनि सत्तामा टिक्नका लागि राप्रपा र दरवारको निम्ति केही थप हक, थप पद, केही बेसी मजबूत स्थितिको मूल्यमा सम्झौता गर्‍यो ।

विश्व साम्राज्यवादको आफ्नो स्वार्थसिद्धिको लागि एमाले-राप्रपा सरकारभन्दा हालको स्थितिमा कांग्रेस-राप्रपा सरकार नै तुलनामा बेसी अनुकूल थियो । एमालेले आफ्ना पूर्व अडानहरू धेरै छोडिसके पनि एमालेप्रति उनीहरूको आशंकाको बादल अझै पूरै हटिसकेको स्थिति थिएन । त्यसैले, उसले कांग्रेस-राप्रपा गठबन्धनकै पक्षमा आफ्नो सारा सामर्थ्य र शक्ति परिचालन गर्‍यो र आडलेको संझौता गराउनमा अहं भूमिका खेल्यो । काठमाडौंस्थित उनीहरूका कूटनीतिज्ञहरू यस निम्ति निकै क्रियाशील देखिए ।

अहिलेको गठबन्धन सरकारको पक्षमा बहुमत यसैको परिणाम थियो । एमालेलाई कुनै पनि तरहले सत्तामा जानु पर्ने, कांग्रेस सत्ता बाहिर बसेर आफ्नो अस्तित्व नै धान्न नसक्ने- यो स्थितिबाट कुर्सीको जुन छिनाझप्टी शुरू भएको छ, त्यसबाट कांग्रेस-एमाले दुवै ड्यागमा परेका छन् । चोखो नाफा दरवार र राप्रपालाई भएको छ । दुवै हारेका छन्- जीत भएको छ- दरवार र पूर्वपंचहरूको ।

एमाले सरकारमा जानु पर्छ । तर दरवार र पंचहरूको शक्ति अभिवृद्धि गर्ने मूल्यमा कदापि होइन । प्रतिपक्षमा बसेर जनसंघर्ष र जनशक्तिको परिचालनद्वारा सरकारमा जानका लागि नेपालमा निकै अनुकूल स्थिति विद्यमान छ । उसले यही बाटो रोज्नु पर्ने हो । तर ऊ यो किन गर्दैन ? यस्तो देखिन्छ- सत्ता लालसाले एमालेको पहिलेको क्रान्तिकारीपन र जनताप्रतिको भरोसालाई धेरै नै भुत्ते र स्वाहा पार्दै लगेको छ । यदि यही नेपाली कांग्रेसले पक्रेको बाटो पक्रने हो भने, एमाले अन्ततः पुग्छ कता ? किन एमालेभित्रका हज्जारौं क्रान्तिकारीहरू आफ्नो नेतृत्वलाई यो बाटो छोड्न सशक्त दवाब दिंदैनन् ? जस्तो पहिले दिंदै आएका थिए ।

नेमकिपाले यसपल्ट देखाएको व्यवहार स्पष्ट क्रान्तिकारी अडानमा आधारित देखिएन । उसले स्पष्ट रूपले राप्रपासित मिलेर उसैको नेतृत्वमा सरकार बन्ने भएकोले मतदानमा भाग नलिने भन्ने अडान पहिलेदेखि नै राखेको भए- यो सराहनीय अडान हुन्थ्यो । सबैले त्यही बमोजिम आफ्नो समीकरण सोच्ये । तर उसले शुरूमा स-साना पार्टीगत स्वार्थको मूल्यमा मोलतोल गर्ने बाटो लियो । दैलेखबाट एमालेमा गएका सांसद् विनोद शाहलाई नेमकिपामा फर्काइदिएमा वा राजीनामा गराइदिएमा वा क्षमा मागेमा अविश्वासकै प्रस्तावको पक्षमा मतदान गर्ने शर्त पनि राखियो ।

एमालेले उसका प्रमुख शर्त स्वीकार्‍यो पनि । तर फेरि अन्तिम घडीमा आएर नेमकिपाले राप्रपासित मिलेको कुरा देखाएर मतदानमा भाग नलिने निर्णय लियो । यो त बिलकुलै अवसरवादी प्रवृत्ति भएन र ? यदि यही अडान हो भने- पहिले मोलतोल किन ? यदि मोलतोल ठीक थियो भने, नयाँ अडान आयो कहाँबाट ? त्यसैले, अहिलेको तटस्थता सही क्रान्तिकारी अडानका कारणले पैदा भएको देखिन्न ।

नेपाली कांग्रेसमा त सरोज कोइराला, यज्ञबहादुर र राम लक्ष्मण लगायत तमाम शहीदहरूको आदर्श र उहाँहरूको मान्यतालाई संझने नै कोही बाँकी नभएको प्रतीत हुन्छ ।

अहिलेको घटनाले देखाएको छ- नेपाली राजनीति क्रान्तिकारी आदर्शबाट च्यूतको दिशातिर लम्किरहेछ । कुर्सी, सिर्फ कुर्सी नै- नेपाली राजनीतिको मुख्य प्रेरणास्रोत बन्दै गएको छ । यो सांस्कृतिक पतनको स्पष्ट संकेत हो । संपूर्ण जिम्मेवार मानिसहरूले सोच्नु जरूरी छ- यो पतनको प्रक्रियालाई रोक्ने कसरी ? ❑

**अहिलेको घटनाले देखाएको छ- नेपाली राजनीति क्रान्तिकारी आदर्शबाट च्यूतको दिशातिर लम्किरहेछ ।**



फोटोः उषा

# सिक्किममा सुधारको लहर

## के गर्दैछ सिक्किममा पवन चामलिङको सरकार ?

● हरिगोविन्द लुईंटेल
● राजेन्द्र महर्जन



# हामी न्यायको पक्षमा छौं, जनताका पक्षमा छौं

# • पवन चामलिङ-सँगको विचारोत्तेजक अन्तर्वार्ता

**❑ स्वतन्त्र सानो देश सिक्किमलाई भारतले सरासर निल्यो र आफ्नो बाईसौं राज्य बनायो।**

**❑ सिक्किममा नरबहादुर भण्डारी भन्ने व्यक्ति र उनको पार्टी सिक्किम संग्राम परिषद्ले सिक्किम देश फिर्ता गर्न दिलोज्यान दिने रे !**

**❑ नरबहादुर भाषासेवी ! नरबहादुर प्रजातन्त्रप्रेमी ! नरबहादुर ! नरबहादुर ! नरबहादुर काठमाडौं आए। नरबहादुर घर फर्किए ।**

**❑ नरबहादुरले नेपालमा आएर नेपाली पत्रिकामा दिएको अन्तर्वार्तामा कम्युनिष्टहरुलाई कडा विरोध मात्र गरेनन् छाडा गाली नै गरे !**

**❑ नरबहादुरको चुनावी हार ! पवन चामलिङको पार्टीले बत्तीसमा उन्नाईस सिट जित्यो रे ! सरकार बनायो रे !**

आजसम्म नेपालमा सिक्किमबारे सुनिने, पढिने गरेका कुराहरू प्रायः यस्ता हुने गर्थे । १९७५ मा भारतले सिक्किमलाई बल र जालझेलद्वारा हड्पेपछि त्यसका विरूद्ध नेपालमा ठूलो विरोध र प्रचारवाजीहरू भएका थिए । यस घटनाले नेपालीहरूको ध्यान विशेष रूपले सिक्किमप्रति सहानुभूतिसहित तानिन थालेको हो । यसै क्रममा माथि उल्लिखित चर्चा परिचर्चाहरू यहाँ हुँदै आएका हुन् ।

नेपालमा यो चर्चा परिचर्चाको सिलसिलामा गत एक डेढ वर्षयता भने, पवन चामलिङ र उनको पार्टी "सिक्किम प्रजातान्त्रिक मोर्चा" (Sikkim Democratic Front) (एस.डी.एफ.) को प्रसंग विशेष रूपले थपिन पुगेको छ ।

गतः १६ नोभेम्बर, १९९४ मा संपन्न निर्वाचनमा पवन चामलिङको नेतृत्वमा रहेको यो पार्टीले सिक्किम विधान सभामा बहुमत ल्याई सरकार बनाउनु आफैंमा एउटा उल्लेखनीय घटना थियो । विगत कालमा बत्तीसमा बत्तीसै सिट जित्न सफल पूर्व मुख्यमन्त्री नरबहादुर भण्डारीको पार्टी "सिक्किम संग्राम परिषद्" को करीब १५ वर्षे शासनलाई ढाल्ने यो काम कुनै सजिलो काम थिएन ।

त्यसैले, यो घटना आफैं अन्यत्र र नेपालभित्र पनि विशेष चर्चा र चासोको विषय बन्यो ।

**❑ पवन चामलिङले नरबहादुर भण्डारीको शासनमा उनको नाकैमुनि प्रजातन्त्रको खोजी गर्न भनी संसद् अधिवेशन भइरहँदा दिउँसै मैनबत्ती बाले रे !**

**❑ नरबहादुर भण्डारीलाई भारतको केन्द्रीय जाँच ब्यूरो (सी.वी.आई.) ले भ्रष्टाचारको आरोपमा मुद्दा चलाइरहेको छ रे !**

**❑ पवन चामलिङ जातिवादी हुन् भन्ने आरोप छ रे !**

**❑ पवन चामलिङ कम्युनिष्ट हुन् पनि भनिन्छ रे !**

**❑ पवन चामलिङको सरकारले जनतालाई दुहुना गाई बाँड्यो रे ! घर छाउने जस्ता पाता बाँड्यो रे ! प्रेसर कुकरसमेत बाँड्यो रे !**

**❑ मजदूरको ज्याला दोब्बर पाऱ्यो रे !**

**❑ नेपाल भाषा र तामाङ्ग भाषा लगायत थप ६ वटा भाषालाई राज्य-भाषा घोषित गऱ्यो रे !**

**❑ विद्यार्थीहरुलाई किताव र खाजा बाँड्न थाल्यो रे !**

पछिल्लो समयमा भने यी चर्चाहरूले नेपालभित्रको वौद्धिक जगतमा थप जिज्ञासासहित स्थान लिन थालेका छन् । आज पनि नेपालमा सिक्किमबारे यिनै खालका चर्चाहरू

जनताको माझमा पवन चामलिङ



सिक्किम !

हिजोको एउटा सानो हिमाली देश आज भारतमा गाभिएको एउटा राज्य !

यो आज के गरिरहेको छ ? त्यहाँ आज के भइरहेको छ ?

यो जिज्ञासा हाम्रा पाठक वर्गको मनमा पनि अवश्यै पलाएको हुनुपर्छ ।

पवन चामलिङको सरकार गठन भएपछि नेपाली पत्र-पत्रिकाहरूले त्यहाँका गतिविधिहरूबारे विभिन्न कोणहरूबाट प्रकाश पार्न थालेपछि यहाँहरूको यो जिज्ञासा अरू बढ्न गएको हुनुपर्छ । यसैलाई दृष्टिगत गरी हामीले यस पल्ट वर्तमान सिक्किमबारे समग्रमा धारणा बनाउन पुग्ने सामग्रीहरू प्रस्तुत गरेका छौं । गान्तोकको हालैको हाम्रो भ्रमणको आधारमा यी सामग्रीहरू तयार गरिएका हुन् ।

त्यहाँका वर्तमान मुख्यमन्त्री पवन चामलिङसँग लिइएको अन्तर्वार्ता पनि यसैसाथ प्रस्तुत गरिएको छ ।

नेपाल बाहिर रहेका नेपाली मूलका बासिन्दाहरू समेतको बाहुल्य भएका ठाउँहरूबारे हामी यसरी नै समय समयमा सामग्रीहरू संकलन गर्ने र प्रस्तुत गर्ने प्रयत्न गर्नेछौं । -**मूल्याङ्कन**

चल्ने गरेका छन् । पवन चामलिङको नेतृत्वको एस.डी.एफ. (सिक्किम डेमोक्र्याटिक फ्रन्ट) सरकारले चाल्न थालेका जनपक्षीय कदमहरू र नेपालको विगतको नौ महिने एमाले सरकारले चालेका राहतका कदमहरूको प्रकृति करीब करीब एउटै देखिएकोले पनि सिक्किमका यस्ता कदमहरू यहाँ विशेष चासोको विषय बन्न पुगेका हुन् ।

केलाएर हेर्ने हो भने- वास्तवमा, सुधारको र राहतको लहर चलाउने काममा कतिपय मामलामा पवन चामलिङको सरकार एमाले सरकार भन्दा निक्कै अगाडि रहेको देखिन्छ । भारतको केन्द्र सरकारको मातहतको एउटा राज्य भएर पनि यसले आफ्नैं खाले जनमुखी कार्यक्रमहरू शुरू गरी सिक्किमेली जनतामा आफ्नो छवि निकै राम्रो पार्दै लगेको देखिन्छ ।

सिक्किमको राजधानी शहर गान्तोकमा त्यहाँका वासिन्दा विभिन्न जन-तप्काका मानिस-हरूसँग चामलिङ सरकारबारे हामीले प्रतिक्रिया माग्दा प्रायःजसो उनीहरू यो सरकारप्रति आशावादी रहेको पाइयो । सरकारको विश्वसनीयता जनस्तरमा कायम भएको पाइयो र बोल्न लेख्न पाउने छूट जनताले निर्वाध रूपमा पाएकाले सिक्किममा विस्तारै बैचारिक-राजनीतिक सल्बलाहट शुरू हुन थालेको संकेत पनि पाइयो । सिक्किमेली जनताहरूले आफ्नोबारेमा आफैं सोच्न थाल्ने क्रम अघि बढाउन थाल्नु भनेको दीर्घकालीन रूपमा त्यहाँ जनता सचेत हुन थाल्नु हो ।

स्मरणीय छ, सिक्किमेली जनताहरूमध्ये ८० प्रतिशत नेपाली मूलका छन् । उनीहरू र बाँकी अन्य जातिका बासिन्दाहरू नै पनि विगतका शासनकालहरूमा निकै पीडित हुनु परेकोले वैद्धिक बैचारिक हिसावले उनीहरू निकै पछाडि परेका देखिन्छन् ।



सिक्किमका एक गरीब जनताका साथ "गरीबवादी" पार्टीका नेता एवं मुख्यमन्त्री पवन चामलिङ

छोग्यालको निरंकुश राजतन्त्र हटेपछिको काजी लेण्डुप दोर्जेको नेतृत्वको तीन वर्ष र त्यसपछि नरबहादुर भण्डारीको नेतृत्वको करीब १५ वर्ष पनि वास्तवमा सिक्किमेली जनताहरूका निम्ति राजतन्त्र हुँदाको समयको भन्दा खासै उन्नत रहेन ।

नरबहादुर भण्डारीको कार्यकालमा नेपालमा उनको जुन "प्रजातान्त्रिक व्यक्तित्व" को चर्चा र प्रचार हुने गर्थ्यो-सिक्किमभित्रको वास्तविकता चाहिं त्यो चर्चा र प्रचारको जस्तो रहेनछ । फरक रहेछ ।

पवन चामलिङले १९९० मा उनी सिक्किम संग्राम परिषद्मै रहँदाको समयमा भिन्न मतहरू राख्दा उनीमाथि नरबहादुरको सत्ता जंगली तरीकाले जाइलागेको रहेछ । उनलाई संसद्मा बोल्न समेत नदिइएको रहेछ । बाहिर पनि उनलाई पक्रन र थुन्न खोजिएको, उनलाई महिनौंसम्म भूमिगत हुन बाध्य पारिएको र जनताले विरोध जनाउन आँटेमा प्रत्यक्ष वा अप्रत्यक्ष दमन र थिचोमिचो गर्ने र मार्ने समेत गरिएको रहेछ । उनलाई भारतको केन्द्रीय जाँच ब्यूरो (सि.बी.आई.) ले हाल पनि भ्रष्टाचार को मुद्दा लगाइरहेको छ । पत्रपत्रिकाहरूमाथि पक्षपात गरिएको, प्रेस तोडफोड गर्ने गरिएको आदि घटनाहरूलाई नरबहादुरको निरंकुशतन्त्रको प्रतीकका रूपमा सिक्किमेली जनताहरूले आज पनि लिने गरेका रहेछन् ।

यस परिप्रेक्ष्यमा, पवन चामलिङको नारा "बोल्दा विकास काटिंदैन, लेख्दा डण्डा लगाइँदैन" ले सिक्किमेली जनतालाई निकै आकर्षित गरेको देखिएको छ । यो निर्वाध अभिब्यक्ति स्वतन्त्रतालाई सदुपयोग गरी उनीहरूले आफ्नो मालिक आफैं बन्ने, सानातिना सुधारहरूमा मात्र नअल्मलिई आमूल परिवर्तनद्वारा मुक्ति प्राप्त गर्ने बाटो खोज्न सके भने, त्यो नै सबभन्दा महत्वपूर्ण उपलब्धि हुने देखिन्छ ।

## चामलिङ सरकारका कामहरु:

सिक्किममा पवन चामलिङको नेतृत्वमा एस.डी.एफ को सरकार आएको आज करीब पन्ध्र महिना भएको छ । यो अवधिमा यसले आफूले बाचा गरेका अधिकांश कुराहरूलाई लागू गर्ने क्रम शुरू गरेको रहेछ । चामलको र नूनको भाउ घटाउने कामदेखि लिएर गाउँगाउँमा एक एक पुस्तकालय स्थापना गर्ने तयारीसम्मका यसका कामहरू मोटामोटी रूपमा चार थरि रहेका पाइएका छन् ।

सामान्य विकास निर्माणका सुधार कार्यहरू, आर्थिक रूपले पिछडिएका जनतालाई राहत दिने खालका सुधार-कार्यहरू, प्रजातान्त्रिक हक बहाली गर्ने

---

# पछिल्लो समयको इतिहासमा सिक्किम

❑ भारत संरक्षित देश सिक्किमलाई १९५० मा सन्धि गरी भारतीय शासक वर्गले अरु औपनिवेशिक सांग्लोले बाँधे ।

❑ जन-आन्दोलन र राजनैतिक उतार चढावका बीच १९७३ मा जनसंघर्ष उठेको । भारतको समेत हस्तक्षेपमा १९७४ मा सम्पन्न चुनावमा काजी लेण्डुप दोर्जेको नेशनल कांग्रेसले अत्याधिक बहुमत ल्याई संसदको चुनाव जित्यो । संसदले चोग्याल राजतन्त्रलाई संसदीय भूमिकामा बाँध्यो । अप्रिल १९७५ मा भारतको सशस्त्र बलको आडमा भएको जनमत संग्रहले भारतमा सिक्किमलाई गाभ्न संसदले राखेको प्रस्तावलाई ९७% ले समर्थन जनाएको ।

❑ त्यसपछि लेण्डुप दोर्जेकै नेतृत्वको सरकारले थप करीब दुई वर्ष काम गऱ्यो ।

❑ सिक्किम फर्काउने चर्को नाराका साथ १९७९ को चुनावमा नरबहादुर भण्डारीको 'जनता परिषद्' सत्तारुढ । तर सत्तारुढ हुनासाथ उनले भने- 'सिक्किम भारतमा गाभियो, त्यसलाई कोट्याउनु जरुरी छैन ।'

❑ १९८१ मा नरबहादुर भण्डारीको कांग्रेस (आई) मा प्रवेश ।

❑ १९८४ मा केन्द्रीय कांग्रेस (आई) सरकारबाटै भ्रष्टाचार र अख्तियार दुरुपयोगको अभियोगमा उनी जबरजस्ती बर्खास्त भए ।

❑ भीमबहादुर गुरुङ १४ दिने मुख्यमन्त्री बने ।

❑ राष्ट्रपति शासन अन्तर्गत १९८५ मा सम्पन्न चुनावमा सिक्किम संग्राम परिषद्ले बहुमत ल्याई नरबहादुर भण्डारीकै नेतृत्वमा सरकार बनायो ।

❑ १९८९ को चुनावमा पुनः सोही दलले ३२ मा ३२ सै सीट जित्यो ।

❑ यस कालमा सिक्किम कांग्रेस (क्रान्तिकारी) का नेता रामचन्द्र पौड्याललाई गान्तोकको पाल्जर स्टेडियमको काउन्टिङ्ग हलमै नराम्ररी डण्डा लगाइएको, जनपथ समाचार सम्पादक राजेन्द्र बैदको अपहरण गरिएको, धर्मदत्त शर्मा मारिएको जस्ता तानाशाही कदमहरु सरकारी पक्षले थुप्रै चाल्यो ।

❑ पवन चामलिङद्वारा सिक्किम संग्राम परिषद्भित्रैबाट यो तानाशाहीको विरोध शुरु । १६ जुलाई १९९२ मा उनी मन्त्री पदबाट निकालिए । पछि पार्टीबाट पनि निकालिए । 'राष्ट्रिय सुरक्षा ऐन' अन्तरगत उनलाई पक्राउ गर्ने तयारी । त्यसकारण उनले भूमिगत भई काम गर्न थाले ।

❑ सडक र सदन दुवैमा चामलिङको नेतृत्वमा आन्दोलन ।

❑ ४ मार्च १९९३ मा सिक्किम डेमोक्रेटिक फ्रन्टको स्थापना ।

❑ १९९४ मे १७ मा अविश्वास प्रस्तावद्वारा नरबहादुर पदच्युत ।

❑ १९ नोभेम्बर १९९४ को चुनावमा बहुमत ल्याई १२ डिसेम्बरमा पवन चामलिङको नेतृत्वमा एस. डी. एफ. का १३ सदस्यीय सरकार स्थापित भएको । ❑

कार्यहरू र जनचेतना जगाउने कार्यहरू ।

यी चार प्रकारकै कामहरू-मध्ये राहत दिने खालका काममा पवन चामलिङको सरकारको कार्यले बढी लोकप्रियता हासिल गरेको छ ।

यसले गरेका उल्लेखनीय राहत र प्रजातान्त्रिक सुधारका कार्यहरू यस प्रकार छन्:-

❑ मजदूर वर्गको दैनिक ज्यालामा शतप्रतिशत वृद्धि गरिएको छ (दैनिक भा.रू. २५ बाट भा.रू. ५०)

❑ राई, गुरूङ्ग, नेवार, मगर, शेर्पा र तामाङ्ग जातिका भाषालाई राज्य भाषाको दर्जा प्रदान गरिएको छ ।

❑ भूमिहीन किसानहरूलाई निःशुल्क घडेरी वितरण गरिएको छ ।

❑ घरबासविहीनहरूलाई रू. बीस हजार भा.रू. पर्ने घर बनाइदिने काम शुरू गरिएको छ । यस्तो घर १५ हजार वटा बनाउने लक्ष्य छ ।

❑ गाउँका गरीब र बेरोजगार मानिसहरूको निम्ति स्वरोजगार सिर्जना गर्न ३३ सय वटा गाई निःशुल्क वितरण गरिएको छ । ४० हजार मन अदुवा बाँडिएको छ र आलुको बीऊ वितरण गरिएको छ ।

❑ महँगीबाट जनतालाई राहत दिन नूनको भाउमा करीब ५० प्रतिशत कटौति गरिएको छ । चामलको भाउ घटाइएको छ । राज्यभरि राशन कार्ड व्यवस्था लागू गरिएको छ ।

❑ गाउँका गरीबहरूको लागि छाना छाउन हरेक घरको निम्ति तीस तीस थानका दरले ६ हजार घरको लागि निःशुल्क जस्तापाता वितरण गरिएको छ ।

❑ गरीब विद्यार्थीहरूलाई निःशुल्क ड्रेस र खाजा उपलब्ध गराउन थालिएको छ ।

❑ गरीब घरका सुत्केरीहरूलाई सुत्केरी उतार्ने खर्च दिन थालिएको छ । महिला कर्मचारीलाई दिइने सुत्केरी विदालाई २ महिनाबाट बढाएर तीन महिना गरिएको छ ।

❑ वृद्ध, असहाय र अशक्तहरूलाई भत्ता दिन थालिएको छ । वृद्ध भत्ता दोब्बर पारिएको छ ।

❑ प्रा.वि. स्तरका विद्यार्थीहरूलाई सरकारी खर्चमा स्कूलमै खाजा दिन थालिएको छ ।

❑ नेपाली साहित्य एकेडेमी स्थापना गर्ने निर्णय गरिएको छ ।

❑ स्थानीय निकायका सदस्यहरूलाई मासिक भत्ता दिन थालिएको छ ।

❑ गरीबहरूलाई निःशुल्क उन्नत जातका सुँगुरका पाठाहरू पाल्नका निम्ति वितरण गरिएको छ ।

❑ वृक्षारोपणका लागि मल, विउ-विजनको निःशुल्क वितरण गरिएको छ ।

❑ कर्मचारीलाई २५ प्रतिशत तलव राहतस्वरूप वृद्धि गरिएको छ र पे कमिशनको सुझाव आएपछि सुझाव अनुसार अन्य सुविधा थप्ने योजना रहेको छ ।

❑ गाउँको तरकारी उत्पादनलाई कर मुक्त गरिएको छ ।

❑ डिग्री कलेजको स्थापनाको तयारी तथा हवाई मैदान र उच्च न्यायालय निर्माणको निम्ति तयारी गरिएको छ ।

❑ थप कलेज र संस्कृत महाविद्यालयको स्थापनाको तयारी गरिएको छ ।

❑ प्रत्येक गाउँमा एक एक पुस्तकालय स्थापना गरिने तयारी शुरू भएको छ ।

❑ प्राकृतिक प्रकोप हुँदा दिइने राहतमा वृद्धि गरिएको छ ।

❑ ३० मेघावाटको राथोङ ठूलो जलविद्युत योजना निर्माणको निम्ति विशेष प्राथमिकता दिइएको ।

❑ बजेटको ७० प्रतिशत गाउँको लागि छुट्याइएको छ ।

❑ पिछडिएका वर्गका निम्ति सरकारी सेवा र शैक्षिक क्षेत्रमा आरक्षणको व्यवस्था गरिएको छ ।

❑ क्षेत्री, बाहुन, नेवार, जोगी, सन्याशी आदि संपूर्ण सिक्किमेली नेपाली समुदाय पनि आर्थिक रूपले पिछडिएका हुनाले तिनलाई पनि OBC मा हाल्ने तयारी भएको छ । लिम्बु, गुरूङ्ग र तामाङ्गलाई ट्राइबल बनाइने भएको छ ।

❑ OBC (अन्य पिछडिएका जाति) भनी तोकिएकालाई दिइनु पर्ने सुविधा र सहुलियत प्रदान गरिएको छ ।

❑ दोकान थाप्न र उब्जनी गर्न लाग्ने करहरू हटाइएको छ ।

❑ राज्यभरि राशन कार्डको व्यवस्था मिलाइएको छ ।

❑ 'चेली मोर्चा' को नाममा महिला समानताको पक्षमा सक्रियता बढाइएको छ ।

❑ सरकारी भोजमा रक्सीको प्रथा बन्द गरिएको छ ।

❑ विधवाले पुनः विवाह गरेमा नव दम्पतिलाई रू. दश हजार प्रोत्साहन राशी दिइने व्यवस्था गरिएको छ ।

यी र यस्ता अनेकौं कामहरू, जुन पवन चामलिङको सरकारले गर्न थालेको छ, यिनीहरू सबैका पछाडि श्रमिक तथा उत्पीडित जनसमुदायलाई राज्यद्वारा बलियो टेवा-भरोसा दिने

बाँकी ३९ पेजमा

# पवन चामलिङ



❑ २२ सेप्टेम्बर, १९५० मा दक्षिण सिक्किमको याङगाङ बस्तीमा गरीब किसान परिवारमा जन्म ।

❑ किसानी जीवनसँगै प्रतिभाशाली विद्यार्थीको रुपमा स्कूले शिक्षा आर्जन कार्य सम्पन्न ।

❑ किसानीदेखि ठेकेदारी र प्रहरी सेवासम्ममा प्रवेश ।

❑ महाविद्यालयको औपचारिक अध्ययन नगरे पनि गहिरो स्व-अध्ययन जारी । युवा कालदेखि नै सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा सक्रिय ।

❑ साहित्य-रचना, पत्रिका र पुस्तकहरु प्रकाशनमा सक्रिय । १९७६ देखि 'निर्माण' साहित्यिक पत्रिका र अन्य पुस्तक प्रकाशन शुरु ।

❑ नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउने लामो संघर्षमा पनि सक्रिय ।

❑ १९७३ देखि प्रत्यक्ष राजनीतिमा संलग्न । १९७५ मा युवा कांग्रेस (आई) का उपसभापति । १९७८ देखि सिक्किम प्रजातन्त्र कांग्रेसका प्रचार सचिव, महासचिव र उपसभापति समेत भई सक्रिय ।

❑ नरबहादुर भण्डारीको सिक्किम संग्राम परिषद्मा प्रवेश गरी १९८५ मा विधायक निर्वाचित ।

❑ १९८९ को चुनावमा सबैभन्दा बढी मत (९७.२६%) ल्याई पुनः निर्वाचित ।

❑ नरबहादुरको मन्त्रिमण्डलमा उद्योग, सूचना तथा जनसम्पर्क, मुद्रण तथा लेखन विभागको मन्त्री पदमा नियुक्त ।

❑ १९९२ जुलाईमा मन्त्री पदबाट र अगस्टमा पार्टी सदस्य पदबाटै निस्काशित ।

❑ जन-आन्दोलनका लोकप्रिय नेताका रुपमा स्थापित ।

❑ डिसेम्बर, १९९४ देखि मुख्यमन्त्रीको पदमा आसीन । ❑

◆

**वास्तवमा, सुधारको र राहतको लहर चलाउने काममा कतिपय मामलामा पवन चामलिङको सरकार नेपालको एमाले सरकारभन्दा निकै अगाडि रहेको देखिन्छ**





# हामी न्यायको पक्षमा छौं, जनताको पक्षमा छौं !

## पवन चामलिङ; सिक्किमका मुख्यमन्त्रीसँग कुराकानी



**सिक्किममा तपाईंहरु सत्तामा आउँनु भएको एक वर्षभन्दा बढी भयो । यस अवधिमा तपाईंहरुले देखाउनु भएको प्रतिवद्धता अनुसार के कति उपलब्धिहरु हासिल भएको तपाईलाई लाग्छ ?**

– हाम्रो सरकार गठन भएपछि सिक्किममा पहिलो पटक प्रजातन्त्रको वहाली भएको छ । यो हाम्रो पहिलो महत्वपूर्ण उपलब्धि हो । अहिले सिक्किमा जनताले आफ्नो हक र अधिकारको विषयलाई लिएर निर्धक्कसँग बोल्न, लेख्न, विरोध जनाउन सक्ने भएका छन् । साथै, उनीहरूले आर्थिक क्षेत्रमा पनि धेरै उपलब्धिहरू हासिल गरेका छन् । हामीले गरीबीले ग्रस्त जनतालाई राहत दिने कामहरू पनि धेरै थालेका छौं ।

**सिक्किम त भारतको एक राज्य हो । एउटा "प्रजातान्त्रिक" भनिने देशको एउटा अंश भएर पनि के सिक्किममा यस अघि बोल्ने, लेख्ने जस्ता अधिकारहरु जनताले प्राप्त गरेका थिएनन् र ? यो तपाईंको आरोप मात्र त हैन ?**

– पहिले "प्रजातन्त्र" नाम मात्रको थियो । त्यतिबेला सिक्किममा पूर्णतः सामन्ती तथा अर्ध-सामन्ती प्रवृत्ति हावी भएको थियो । त्यस बेलाको सरकार जनताको हक अधिकारको विरोधी थियो र यहाँ सिक्किममा त्यतिबेला मानव अधिकारको हनन् भएको थियो । यसरी सिक्किमे जनताले आफैंले बनाएको सरकारबाटै आफ्ना मौलिक हक, अधिकार र प्रजातन्त्र गुमाउनु परेको थियो ।

यसैबीच, सिक्किममा हाम्रो सरकार आयो । यसले जनताको हक अधिकारलाई पूर्णतः वहाली गरेको छ र साँच्चैकै जनताको सरकारको रूपमा अहिले यसले काम गरिरहेको छ ।

"प्रजातन्त्र" भनेको संविधान र संसद्मा मात्र सीमित रहने कुरा होइन, यो त जनताले प्रत्यक्ष र मूर्त रूपमा उपभोग गर्ने कुरा हो । हामीले प्रजातन्त्रलाई यस रूपमा व्याख्या गरेका छौं । कहीं हाम्रो सरकार रहिरहँदा पनि जनताले प्रजातन्त्रको अनुभूति गर्न नपाउने पो हुन् कि ? भन्ने कुरामा हामी एकदमै सचेत छौं र चिन्तित पनि छौं ।

**तपाईंहरुको ध्यान जनतालाई राज्यको निर्णय-प्रकृयामा सहभागी गराउनतिर चाहिं कत्तिको लागेको छ ? यस मामिलामा वर्तमान सिक्किममा कस्तो व्यवस्था छ ?**

– जबसम्म जनताहरू आफ्नो हक अधिकारमा आफैं जागरूक हुँदैनन्, तबसम्म राज्यको निर्णय-प्रकृयामा जनतालाई पनि सहभागी गराउँने कुरा कुनै अर्थको कुरा हुँदैन । त्यसैले अहिले हामी सिक्किममा जनतालाई आफ्ना हक अधिकारको विषयमा जागरूक गराउन भरसक विभिन्न कार्यक्रमहरूमार्फत् प्रयत्न गरिरहेका छौं । विभिन्न कार्यक्रमहरूमार्फत् उनीहरूलाई राज्यको निर्णय प्रकृयामा सहभागी हुन मानसिक रूपमा तयार गर्न हामी प्रयत्नरत छौं ।

मुख्यमन्त्रीदेखि पियनसम्मका सरकारी ओहदाका हामी मानिसहरू जनताको सेवकका रूपमा काम गर्दैछौं । किनकि राज्यमा जनता नै सबथोक हुन् ।

जनतालाई सुविधा तथा उपलब्धिहरू मात्र दिएर जनताहरू सम्पन्न हुन्छन् भन्ने कुरामा हामी विश्वास गर्दैनौं । जनताहरूलाई उनीहरूको हक अधिकार प्राप्त हुनु पर्‍यो र ती हक अधिकार उनीहरूले उपभोग गर्न सकेको हुनु पर्‍यो । त्यसपछि मात्र जनताहरू सम्पन्न हुन्छन् अर्थात् उनीहरू शक्तिसम्पन्न बन्छन् ।

**यहाँ तपाईंहरुले जनतालाई राहत दिने दिशामा बढी ध्यान केन्द्रित गर्नु भएको देखिन्छ । यसको मूल उद्देश्य के हो ? क्षणिक समयको लागि सुविधा दिएर जनतामा लोकप्रिय हुने सस्तो दाउ मात्र त होइन यो ?**

– सिक्किमे जनतालाई भौतिक, मानसिक, वौद्धिक, शैक्षिक र नैतिक सबै दिशामा सम्पन्न गराउँने ध्येयले हामी अगाडि बढिरहेका छौं । यसको लागि अहिले नै तुरून्तै गरीब वर्गलाई आर्थिक रूपमा सम्पन्न गर्न नस्के पनि उनीहरूलाई आर्थिक न्याय दिन हामी गइरहेका छौं । अहिले हामी यही दिशामा काम गरिरहेका छौं ।

सिक्किमे जनतालाई क्षणिक राहत दिने मात्र होइन, दीर्घकालीन रूपमा नै उनीहरूलाई आर्थिक रूपमा सम्पन्न बनाउँन हामीले कार्य थालनी गरिसकेका छौं । यस सन्दर्भमा अहिले हामीले जेजति काम गरिसकेका छौं, यसको सफलतामा हामी सन्तुष्ट नै छौं । तर यिनीहरू पर्याप्त छैनन् भन्ने कुरामा पनि हामी प्रष्ट छौं । हामीले अरू धेरै कामहरू गर्नु बाँकी नै छ । हामी त्यतातिर अघि बढ्दैछौं ।

**सिक्किममा अहिले तपाईंहरुले विभिन्न सुविधा तथा राहतका प्याकेजहरु जनतालाई माथिबाट दिइरहनु भएको छ यसबाट जनतामा थापीखाने, मागीखाने र बसीखाने प्रवृत्ति मात्र बढ्नसक्ने संभावना तपाईंले कत्तिको देख्नु भएको छ ? कतै यसबाट तिनीहरुको सृजनशीलतामा नै नकारात्मक**

> 'हाम्रो सरकार गठन भएपछि सिक्किममा पहिलो पटक प्रजातन्त्रको बहाली भएको छ ।'

**असर त पर्ने होइन ? यसबारे तपाईं के भन्नु हुन्छ ?**

- तपाईंको प्रश्न एकदमै महत्वपूर्ण छ । हामीलाई पनि सिक्किमे जनता अरूमा आश्रित भएर आफ्नो कार्यशक्ति, बल, क्षमता सबैलाई भुलेर मागेर खाने, थापी खाने र बसी खाने भावनामा रहन्छन् कि भन्ने डर लाग्दछ । त्यसकारण, हामीले जनतालाई ख्वाउँने प्याकेज मात्र नल्याइकन उनीहरूलाई खतरासँग सामना गर्न लगाउँदै उत्पादन कार्यमा लगाउँन समेत ध्यान दिएका छौं । उनीहरूको यस कार्यलाई सघाउँन उनीहरूलाई आर्थिक सहयोग जुटाई यही काममा लगाएका छौं ।

राजनीतिक स्थिरता ल्याई जनताको सेवाको लागि मूर्त विचार लिएर उनीहरूलाई आत्मनिर्भर बनाउने दिशातर्फ नै हामी ज्यादा चिन्तित र चिन्तनशील छौं । हामी चाहन्छौं- सिक्किमेहरू आफ्नै खुट्टामा उभिन सकून, आफ्नै दिमागले सोच्न सक्षम बन्न सकून, सचेत बन्न सकून, कसैको पनि अन्धभक्त नबनून् र कसैको पनि अन्धविरोधी पनि नबनून् । स्वतन्त्र दिमागले सोचेर काम गर्न सक्ने बनून् ।

**संपूर्ण सिक्किमे जनतालाई राहत दिने र मूलतः गरीबहरुको पक्षमा काम गर्ने भन्ने कुरा तपाईहरुका भनाइ र लेखाइहरुमा धेरै देख्न पाइयो । यी कार्यहरुलाई टिकाइराख्ने दार्शनिक र प्रकृयागत आधारहरु के के हुन् ?**

- हामी जनतालाई न्याय दिन चाहन्छौं, साथसाथै प्रगति चाहन्छौं । हाम्रो सरकार प्रगतिवादी बाटोमा अगाडि बढ्दैछ । हामीलाई के लाग्दछ भने, पार्टी र कार्यक्रमहरू सही भएर मात्रै हुँदैन उनीहरूले अंगाल्ने दर्शन र बाटो पनि ठीक हुनु जरूरी छ । हामीले अहिले प्रगतिवादी दर्शन र बांटो सामातिरहेका छौं ।

हामीलाई अहिले हाम्रो बाटो र विचारधारा सही छ भन्ने लाग्दछ । हाम्रो कार्यक्रम र घोषणा-पत्रमा व्यापक रूपमा भनेका छौं- हामी गरीबको पक्षमा छौं, जनताको पक्षमा छौं । हामीलाई विश्वास छ, हामीले जुन नारा दिएका छौं, त्यसलाई जनताले स्वीकारी हामीप्रति सद्भाव राख्ने छन् ।

**एकछिन प्रसंग बदलौं, तपाईहरुले 'हामी टाई बाँध्नेको पक्षमा छैनौं, गाई बाँध्नेको पक्षमा छौं' भनेर भन्दै आउनु भएको छ, तर कतिपय ठाउँहरुमा त पशुचरन बन्द गरिएको कुरा सुनियो । के यो विरोधाभासपूर्ण भएन र ?**

- हामीले आरक्षित वनक्षेत्रमा गौचरन बन्द गरेका छौं । राज्यको पश्चिम र दक्षिण जिल्लामा गाई चराउन पूर्णतः बन्द गरेका छौं, त्यस्तै पूर्व र उत्तर जिल्लामा आंशिक रूपमा बन्द गरेका छौं ।

यसमा हाम्रो विचार के छ भने, जब जंगल नै छैन भने गाई चराउने कहाँ ? पहिलेको जङ्गल धेरै मासिसकिएको छ । अहिले हामीले सिक्किमलाई हरियो र हरामरा बनाउने कार्यक्रम राखेका छौं । हामी सिक्किममा पर्यावरणीय सन्तुलन कायम होस् भन्ने चाहन्छौं । सिक्किमे जनतालाई क्षणिक होइन, दीर्घकालीन खुशी देऔं भन्ने धारणा हामी राख्दछौं ।

आज हामी यदि सिक्किममा गाई चरनको लागि भनेर जंगल मास्न दिन्छौं भने, भोलि बाख्रा चराउनको लागि पनि केही नहुन सक्छ । हामी सिक्किमे जनतालाई आफ्नो देश, राज्य र गाउँको सुरक्षा कसरी गर्नु पर्ने हो त्यसको चेतना दिलाउँने पनि कोशिश गरिरहेका छौं ।

प्रजातन्त्र भनेको अधिकार प्राप्त गर्नु मात्र होइन, जिम्मेवारी वहन गर्नु, कर्तव्यबोध गर्नु र उत्तरदायी हुनु पनि हो । जङ्गल बच्यो भने सँधैभरी, सयौं वर्षसम्म पनि हामी गाई पाल्न सक्छौं । जङ्गल मासेर गाई पाल्ने जस्ता भविष्यलाई बरबाद गर्ने, तर जनतालाई क्षणिक फाइदा दिने, जनतालाई क्षणिक रूपमा खुसी दिने काम गर्ने पक्षमा हामी छैनौं । त्यसकारण, हाम्रो अहिलेको यो कार्यक्रम यसो हेर्दा विरोधाभासपूर्ण जस्तो देखिएको मात्र हो, वास्तवमा त्यो विरोधाभासपूर्ण छैन । हामीले गाई पाल्नेहरूको सुरक्षाको लागि नै जङ्गलको सुरक्षाको कार्यक्रम ल्याएका हौं ।

**तपाईहरुले जनताको सुविधाको लागि जे जे कार्यक्रमहरु जनतामा पठाइरहनु भएको छ, त्यो पुग्नु पर्ने ठाउँमा अर्थात् लक्षित जनसमुदायमा पुगेको छ कि छैन ? यसलाई जाँच्ने व्यवस्था (Mechanism) कस्तो कायम गर्नु भएको छ ?**

- कमी कमजोरीहरू अथवा त्रुटिहरू आज हाम्रो सिक्किममा पनि छन् । हामीले चाहे जस्तो शतप्रतिशत हाम्रा कार्यक्रमहरू सफल भएका छन् भन्न मिल्दैन । कैयौं कमजोरीहरू भएका छन्, जसले गर्दा जनताले पाउँनु पर्ने उपलब्धिहरू, आर्थिक गतिविधिहरू उनीहरूसम्म सहजै पुगिरहेका छैनन् । तर हामी त्यस्ता भूलहरू, त्रुटिहरू, कमजोरीहरूप्रति सजग भई त्यसलाई सच्याउने र सम्हाल्ने दिशामा अघि बढ्दैछौं । मलाई के लाग्दछ भने, जबसम्म जनता स्वयं आफैंले आफ्नो उत्तरदायित्व भन्ने कुरा र आफ्नो अधिकार भन्ने कुरा राम्ररी बुझ्दैनन्, तबसम्म उनीहरूसमक्ष पूर्णरूपमा सबै कुरा पुऱ्याउँने कार्यमा त्रुटिहरू हुने सम्भावना रहन्छ नै । किनकि सरकारका विभिन्न तहमा काम गर्ने सबै कर्मचारीहरू जनपक्षीय, इमान्दार र राम्रा हुन्छन् भन्ने हुँदैन ।

तिनीहरूमध्ये अहिले नै कतिले गल्ती गरेका छन्, त्यसको अनुसन्धान भइरहेको छ । आम क्षेत्रमै सम्पूर्ण रूपले र समग्र रूपले हाम्रो कार्यशक्ति जनताको पक्षमा प्रयोग होस् भनी हामी सचेत छौं । एउटा प्रष्ट कुरा के छ भने- गल्ती भएछ भने हामी त्यो गल्ती स्वीकार्न र त्यसलाई सच्याउन धक मान्दैनौं । गल्ती भनेको यस्तो कुरा हो, जसलाई इमान्दारीपूर्वक स्वीकार्नु मात्रले पनि भोलि त्यस्तो गल्ती नगर्ने होश प्रदान गर्छ ।

**तपाईहरुले जनस्तरबाटै राहत र सुविधा एवं विकासका गतिविधिको निगरानी गर्ने के योजना बनाउनु भएको छ ?**

- सिक्किममा जनस्तरमा नै पंचायतहरू रहेका छन्, साथै हामीले माथिबाट सिधै पनि जनताको लागि, जनताका उपलब्धिका कार्यक्रमहरू चलाएका छौं, आर्थिक उत्थानका कार्यक्रमहरू चलाएका छौं । त्यसको लागि कार्यदल (Task Force) हरू बनाएर काम भइरहेछ ।

त्यस्तै, अर्को एउटा कार्यक्रम- हामी अहिले सिक्किमेहरूलाई घर निर्माणको लागि आर्थिक सहयोग दिइरहेछौं । यसको लागि हामीले ठूल-ठूला Task Force बनाएर घरबार भए-नभएको अथवा घरबारको स्थिति के हो ? बुझी, कसले आर्थिक सहयोग पाउँनु पर्ने हो र कसले नपर्ने हो भन्ने कुराहरूको निर्क्यौल गर्छौं । गाउँमा सबभन्दा गरीब को हो ?

**आज हामी यदि सिक्किममा गाई चरनको लागि भनेर जंगल मास्न दिन्छौं भने, भोलि बाख्रा चराउनको लागि पनि केही नहुन सक्छ ।**





हामी सिक्किमे जातिको पक्षमा छौं । त्यसमा पनि गरीब सिक्किमे जातहरू र अन्यायमा परेको सिक्किमेहरूको पक्षमा हामी छौं ।

**मलाई कसैले जति आरोप लगाए पनि, गाली गरे पनि म सुन्न सक्छु र खुशी समेत हुन्छु । त्यसैबाट म ज्ञान पनि प्राप्त गर्दछु ।**

आर्थिक रूपले पिछडिएको क्षेत्र कुन हो ?, त्यो हेरी त्यहाँ हामीहरू विभिन्न आर्थिक गतिविधिहरू केन्द्रित गर्छौं । यस कामको लागि हामीले गाउँ–गाउँमा पंचायत असिस्टेन्टहरू, स्वास्थ्य कार्यकर्ताहरू आदि तल्लो तहका कर्मचारीहरू खटाएका छौं । साथै, पार्टी तहबाट पनि ती कामहरूको हेरचाहको लागि हामीले व्यक्तिहरू खटाएका छौं अथवा कामको निरीक्षणको व्यवस्था गरेका छौं ।

**एकछिन तपाईहरुको पार्टी संबन्धी प्रसंगतिर लागौं । जस्तो कि– अन्य कतिपय पार्टीहरुमा खास व्यक्ति वा गूट, उपगूटहरु हावी हुने गर्दछन्, निर्णय प्रकृया सामूहिक हुँदैन, तपाईहरुको पार्टीमा चाहिं पार्टी संचालन पद्धति कस्तो छ ? निर्णय प्रकृया सामूहिक छ कि छैन ? नेतृत्व सामूहिक छ कि छैन ?**

– हाम्रो पार्टीलाई सामूहिक नेतृत्वबाट अघि बढाउने दिशामा हामी लागिरहेका छौं । तर यो कुरा सोचे जस्तो तुरुन्त त हुँदैन । र, सिक्किम एउटा सानो राज्य भएकोले गर्दा बढी मात्रामा एउटै व्यक्तिको नाममा पार्टी चल्ने भइरहेछ । हामीले त्यस्तो नचाहँदा पनि जनताबाट नै त्यस्तो भइरहेछ ।

अर्को कुरा, यहाँ पार्टीप्रति प्रतिवद्ध, पार्टीको कार्यक्रमप्रति प्रतिवद्ध र पार्टीको अनुशासनमा रहने मानिसहरूको कमी छ । कार्यकर्ताहरू, नेताहरू पार्टीप्रति भन्दा सरकारप्रति बढी मोह राख्दछन् । यस्ता खतरनाक कमजोरीहरू यहाँ अझै बाँकी छन् ।

**प्रतिपक्षी पार्टीहरुको भूमिका कस्तो रहेको छ, सिक्किममा ?**

– सिक्किममा प्रतिपक्षी भन्न लायकको कुनै पार्टी नै छैन । किनभने, यहाँ जति पनि कथित प्रतिपक्षीहरू छन्, उनीहरू जनताको लागि नभएर खालि सत्ता र आफ्नो स्वार्थको लागि मात्र काम गर्छन् । यहाँ प्रतिपक्षीहरू सधैं कुर्सीको वरिपरि मात्र घुमिरहन्छन् । त्यसैले, सिक्किममा आज रचनात्मक प्रतिपाक्षीको भूमिका निर्वाह गर्ने पार्टी र नेताहरूको अभाव छ । आज सिक्किममा हाम्रै पार्टी आफैंले नै प्रतिपक्षको भूमिका पनि निर्वाह गर्नु पर्ने अवस्थाको सामना हामीले गरिरहेछौं ।

**विपक्षीहरुले तपाईहरु जातीय सवालमा संकिर्ण हुनुहुन्छ भन्ने आरोप लगाएको पाइन्छ नि ?**

– यो वहाँहरूको दृष्टि नै गलत भएको मात्र हो । हामी जातको होइन, गरीबको पक्षधर हौं । र, गरीब जातमा कुन कुन जातहरू पर्दछन्, हिसाव गरौं । वास्तवमा वहाँहरूलाई जात–जातिहरूको बारेमा ज्ञान नभएर पनि हामीलाई यो आरोप लगाइएको हो ।

**अन्तरजातीय संबन्धका बारेमा तपाईको सोच कस्तो रहेको छ ?**

– सिक्किमका हामी संपूर्ण जनता सिक्किमे जाति हौं । यसमा भोटे, लेप्चा र नेपाली गरी तीन वटा जातहरू छन् । हामी सिक्किमे जातिको पक्षमा छौं । त्यसमा पनि गरीब सिक्किमे जातहरू र अन्यायमा परेको सिक्किमेहरूको पक्षमा हामी छौं । तिनीहरूलाई हामी आर्थिक, सामाजिक, राजनैतिक स्वतन्त्रता र न्याय दिलाउँन चाहन्छौं, यसको लागि हामी संघर्षरत छौं ।

**तपाईहरुलाई कतिपयले कम्युनिष्ट र कतिपयले गैरकम्युनिष्टको रुपमा हेरेका छन् । वास्तवमै तपाईहरु चाहिं के हुनुहुन्छ ?**

– हामी गरीब, न्याय र मनुष्यको पक्षमा छौं । त्यसैले अहिले म 'हामी कम्युनिष्ट हौं' वा 'होइनौं' भन्ने कुरासँग सरोकार राख्दिंन । हेर्नेहरूले जे जे देख्छन्, त्यो तिनीहरूको काम हो । कम्युनिष्ट हौं भन्नको लागि हाम्रो पार्टीसँग न त्यससँग मिल्ने नाम छ, न त कम्युनिष्टको झण्डा छ ।



**मुख्यमन्त्रीदेखि पियनसम्मका सरकारी ओहदाका हामी मानिसहरू जनताको सेवकका रूपमा काम गर्दैछौं ।**

हाम्रो पार्टीले प्रजातान्त्रिक पार्टीको रूपमा छुट्टै मान्यता पाएको छ । र, हामी यति नै भन्छौं कि हामी न्यायको पक्षमा छौं, जनताको पक्षमा छौं र त्यस अनुसार काम गरिरहेछौं ।

**अब एकछिन व्यक्तिगत कुरा गरौं । तपाईलाई कसैले विरोध गर्छ भने, कतिको झनक्क रिस उठ्छ ?**

– मलाई कसैले विरोध गर्छ भने खुशी लाग्दछ । किनभने, आज म जुन स्थितिमा आइपुगेको छु, यस्तो हुनुमा मलाई कसैले गरेको विरोधबाट सिकेर वा कसैले देखाएको नकारात्मक कुरालाई मैले सुधार्दै लग्नुको ठूलो भूमिका छ । अरूले देखाएको नकारात्मक कुरालाई म सकारात्मक दिशामा बदल्छु र त्यसैबाट म प्रेरणा लिन्छु । मेरो सफलताको एउटा रहस्य यो पनि हो । र, म्लाई कसैले नराम्रो भन्दा म प्रेरणा पाउँछु । त्यसैले मलाई कसैले जति आरोप लगाए पनि, गाली गरे पनि म सुन्न सक्छु र खुशी समेत हुन्छु । त्यसैबाट म ज्ञान पनि प्राप्त गर्दछु । त्यसैले मलाई आलोचना गर्ने, विरोध गर्ने, गाली गर्ने सबैलाई म आफ्नो शुभचिन्तक ठान्दछु ।

**तपाई साहित्यको क्षेत्रमा लामो रुचि र लगाव भएको मान्छे, अहिलेको स्थितिमा साहित्यलाई तपाईले बिर्सनु त भएको छैन ?**

– म साहित्यिक हुँ कि होइन, त्यो बारेमा मेरा शुभचिन्तकहरूले नै जानून् । म यति नै भन्छु कि– साहित्यिक हुनुका बारेमा– कि त्यतिबेला मेरो मनमा लागेका कुराहरू, विचारका कुराहरू जनतासमक्ष पुर्‍याउन मैले कविताको माध्यमलाई, साहित्यको माध्यमलाई प्रयोग गरें । अन्यायको विरूद्ध, न्यायको पक्षमा वकालत गर्न मैले कविताको माध्यम अपनाएँ ।

अहिले म जुन स्थितिमा छु, यहाँसम्म आउनका लागि शुरूमा मैले साहित्यको बाटो नै रोजें । त्यसैले अहिले सरकारी ओहदामा आइसकेपछि, मुख्यमन्त्री भइसकेपछि साहित्यतर्फ त्यति समय दिन नसके पनि साहित्यको विकासको लागि प्रत्यक्ष र अप्रत्यक्ष कार्य मैले गरिरहेछु । म जनताको पक्षमा साहित्यको विकास होस् भन्ने चाहन्छु ।

**साहित्य सृजनाको क्षेत्रमा लाग्नुमा कोही साहित्यकारको प्रभाव पनि थियो कि ?**

– मेरो प्रेरणाको मूल स्रोत नै अभाव, असुरक्षा, अन्याय अथवा समाजका विसंगतिहरू नै हुन् । म मेरो प्रेरणाको स्रोत यसैलाई मान्दछु । र, मैले साहित्यको माध्यमबाट जति पनि वकालत गरें, त्यसको मूल पात्र नै 'मान्छे' रहेको छ । म मान्छेबाट कहिल्यै टाढा हुन सकिंन र कहिल्यै हुने पनि छैन ।

**खास गरीकन सिक्किमका गरीखाने मानिसहरुलाई चिन्तनशील, सृजनशील बौद्धिक रुपले जागरुक राख्नको निमित्त साहित्य, संस्कृतिको क्षेत्रमा तपाईहरुले के काम गरिरहनु भएको छ ?**

– यस सम्बन्धमा धेरै सोचिसकिएको छ । तर मूर्त रूपको काम एउटा भन्ने हो भने– अहिले हामीले गाउँ–गाउँमा पुस्तकालयहरू खोलेका छौं ।

निकट भविष्यमा सिक्किममा एउटा साहित्य प्रतिष्ठान खोल्ने योजना बनाएका छौं र यसको माध्यमबाट साहित्यको क्षेत्रलाई अझ फराकिलो बनाउने सोचाइ छ ।

अर्को कुरा, युवा पिंढी अथवा नयाँ पुस्ताको सन्दर्भमा हामी चाहन्छौं कि– उनीहरू राम्रो बाटोमा जाऊन्, सृजनाको बाटोमा लम्कून् र सचेत भई अघि बढून् । उनीहरू अन्धविश्वासमा होइन, विज्ञानको बाटोमा अघि बढून् । आज मानिसहरू चन्द्रमामा पुगिसके । उनीहरू सोचून् कि– अब सूर्यमा कसरी पुग्ने ? सूर्य त आगोको डल्लो हो, त्यसमा पुग्न गाह्रो होला, तर मान्छेले त्यस्तो ठाउँमा पुग्ने प्रविधि पनि विकास गर्न सकिन्छ कि ?– यस कुरासम्म उनीहरू पुगून् । आज सिक्किममा प्रतिस्पर्धा खूब छ । प्रतिस्पर्धा यहाँसम्म छ कि– अब युवाहरू आफूलाई आमाबाबुको नामबाट चिनाउँदैनन्, बरू छोरा–छोरीको नामबाट आमाबाबुहरू चिन्ने गरिन्छ । तैपनि, सिक्किमेहरू अहिलेसम्म आफ्नो राज्यभित्र मात्र चिनिएका छन् । हामीलाई लाग्दछ– हामीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म चिनिनु पर्छ । युवाहरूलाई यस दिशामा लाग्न हामीले प्रोत्साहित गरेका छौं ।

**अन्तमा "मूल्याङ्कन" मार्फत् नेपाली जनतालाई संक्षिप्तमा भन्नु पर्दा अहिलेको स्थितिमा तपाई के भन्न चाहनु हुन्छ ?**

– नेपालको छिमेकी देश भारतको एउटा नागरिकको नाताले म चाहन्छु– हाम्रा छिमेकी बन्धु नेपालीहरू र हाम्रोबीच न्यानो र मैत्रीपूर्ण संबन्ध अटुट रहीरहोस् । म भारत नै आफ्नो जन्मभूमि र कर्मभूमि भएको एक भारतीय नागरिक हुँ । तर जातीय हिसावले चाहिं आफू पनि नेपाली जातिकै भएकोले संपूर्ण नेपालीप्रति स्वभावतः विशेष सम्मान र स्नेह व्यक्त गर्न चाहन्छु ।

नेपाल सधैं बाँचिरहोस् । नेपालीहरू आत्मसम्मानपूर्ण रूपले बाँचून्, भौतिक एवं बौद्धिक रूपले संपन्न बनून् । त्यहाँ प्रजातन्त्रको जग मजबूत बनोस् । अहिलेलाई मेरो भन्नु यत्ति नै छ । ❑

# सिक्किम: एक झलक




सिमाना: **पश्चिममा नेपाल, उत्तरमा चीन (तिब्बत), पूर्वमा चीन र भूटान, दक्षिणमा भारतकै प. बंगाल राज्य ।**

समुद्र सतहदेखिको उचाइ: **२४४ मि. देखि ८५३४ मि. सम्म**
क्षेत्रफल: **७०९६ वर्ग कि. मि.**
उत्तर-दक्षिण लम्बाई: **करीब १०० कि. मि., पूर्व-पश्चिम लम्वाई करीब ६० कि.मि. ।**
जनसंख्या: **४,८६,१०० (सन् १९९१ को तथ्यांकबाट प्रक्षेपित)**
जनसंख्या बृद्धिदर: **वार्षिक २.८४ प्रतिशत**
साक्षरता: **जम्मा ५७ प्रतिशत**
पुरुष: **६६ प्रतिशत**
महिला: **४७ प्रतिशत**
जिल्लाहरु: ४
शहरहरु: ८
लोकसभा सदस्य सीट: १
राज्यसभा सदस्य सीट: १
विधानसभा चुनाव क्षेत्र (समष्टि): ३१
विधानसभा सदस्य संख्या: ३२



नियत देखिन्छ । यी कामहरूमध्ये जमीन, रोजगारी, भाषा, बास, र शिक्षाको पक्षमा गरिएका काम दिगो खालका प्रगतिशील कामहरू हुन् । पिछडिएका लिङ्ग र जातिहरूको निम्ति आरक्षण र सुविधाहरू दिने बाहेक यसले सिक्किमका सबै जातिलाई "अन्य पिछडिएका जाति" मा समावेश गरी विशेष राहतको व्यवस्था जुटाउने जुन नियत लिएको छ, यो सफल भएमा त्यसले सिक्किमले विगतमा पाएको उपेक्षाको क्षतिपूर्ति लिन सक्ने संभावना देखिन्छ ।

गाउँमा पुस्तकालय खोल्ने जस्ता कामहरूले जनतामा जन-चेतना फैलाउन मद्दत गर्न सक्छन्, तर पुस्तकालयलाई व्यवस्थित गर्ने र जनतामा पढ्ने, लेख्ने, सोच्ने बानी बसाल्ने काममा ध्यान दिइएन भने चाहिं यसको उपयोगिता नरहन सक्छ । यसतिर कत्तिको ध्यान दिइने छ, त्यो हेर्न बाँकी नै छ ।

६ वटा थप भाषाहरूलाई राज्य भाषाको मान्यता दिइनु र शुरूमा हरेकलाई पचास हजार रूपियाँ भाषिक विकासका लागि दिइनुलाई भाषिक एवं जातीय समानताको पक्षमा ठोस प्रजातान्त्रिक पाइलाको रूपमा लिन सकिन्छ ।

### निर्देशक सिद्धान्त:

सिक्किम संग्राम परिषद्कै सदस्यको रूपमा र तात्कालीन विधायक र मन्त्रीकै रूपमा रहँदा पनि तुलनात्मक रूपले जनपक्षीय अडान राखी विरोध र विद्रोह गर्दै आएका प्रगतिशील साहित्य लेखनमा झुकाव राख्ने पवन चामलिङ आफूलाई 'गरीबवादी' मान्दछन् ।

नरबहादुर भण्डारीसँग छुट्टिएर भूमिगत रही सक्रिय हुँदै एस.डि.एफ. पार्टी खोली दुई वर्षसम्म उनले चलाएको जनआन्दोलनको जगमा उनको कलिलो पार्टी र सरकार उभिएको देखिन्छ । प्रायः गरी युवा पुस्ताको साथ उनलाई राम्रो रहेको देखिन्छ । पछिल्लो समयमा नरबहादुर भण्डारीकै पार्टीबाट पनि ६ जना विधायकहरू उनीतिर तानिनुले उनको लोकप्रियताको नापो प्रस्तुत गर्छ ।

प्रगतिशील सोचका नजिक रहेका व्यक्ति हुनाले जातीय समानता र धर्म निरपेक्षतामा उनको विश्वास दरो देखिन्छ । भारतीय गणतन्त्रको एउटा राज्यको नागरिकको हैसियतले सो गणतन्त्रबाट बढी भन्दा बढी हक अधिकार र सुविधा-राहतहरू लिई खास गरी गरिखाने सिक्किमेली जनताहरूको पक्षमा लगाउने उनको सिद्धान्त रहेको देखिन्छ । आम अर्थको प्रजातन्त्र र समाजवादप्रति उनको पार्टीको झुकाव रहेको कुरा यसका नीति र व्यवहारहरूबाट देखिन्छ ।

"जनै बचाऔं" भनी नेपाली जातिमित्रै फुट पार्ने नारासहित चुनावमा उत्रेर पनि हारेको र त्यो हारको चोटले रन्थनिएका नरबहादुर भण्डारीको पार्टीले चामलिङलाई कहिले "जातिवादी", "मतवाली" को आरोप लगाउँदो रहेछ र कहिले उनी "कम्युनिष्ट" हुन् भनी प्रचार गर्दोरहेछ । सिक्किमका आम जनतामा "कम्युनिष्ट" हरू भनेका साँचो अर्थमा बहुसंख्यक शोषित-पीडित जनताको पक्षका मानिसहरू हुन भन्ने कुरा दिमागमा पसिनसकेको स्थिति रहेछ । बरू त्यहाँ यसको उल्टो प्रचारको प्रभाव बाँकी रहेको देखिन्छ । यसकारण, त्यहाँ 'कम्युनिष्ट' शब्दलाई नरबहादुरले चामलिङलाई आरोप लगाउने वा गाली गर्ने शब्दको रूपमा लिने गरेका रहेछन् ।

शोषित जनताको पक्षमा सानो भन्दा सानो काम गर्न खोज्दा पनि शोषक वर्गको पक्षका राजनीतिक प्रतिनिधिहरूलाई ठूलो छटपटी र डाह हुन्छ भन्ने कुराको यो एक ज्वलन्त उदाहरण हो ।

हामीले दार्जिलिङ्ग र सिलगढीमा त्यहाँको भाकपा (मार्क्सवादी) का स्थानीय नेताहरूसँग सिक्किमको वर्तमान चामलिङ सरकारको कामबारे उहाँहरूको राय बुझेका थियौं ।

"सिक्किममा विगतका सरकार-हरूको तुलनामा पवन चामलिङको यो सरकार जनक्षीय र प्रजातान्त्रिक छ । हाम्रो पार्टीको राजनीतिक मान्यता र एस.डी.एफ पार्टीको मान्यतामा अन्तरहरू छन्, तर पनि एस.डि.एफ. को सरकारले सिक्किमेली जनताको पक्षमा 'केही गर्दैछ' भन्नुमा हामीलाई कुनै हिच्किचाहट छैन ।"- उहाँहरूको भनाइ यस्तो रहेको थियो ।

### कमी र चुनौतीहरु

सिक्किममा पवन चामलिङको नेतृत्वमा स्थापित एस.डि.एफ. सरकारको प्रमुख सीमा यो भारतको केन्द्रीय शासनको नियन्त्रणको एउटा राज्य मात्रको सरकार हुनुको कारण यसले निर्दिष्ट दायराभित्र रहेर काम गर्नु पर्ने हो ।

एउटा स्वतन्त्र देशलाई ठाडै निल्ने भारत सरकारले त्यो निलेको 'देश' (अब 'राज्य') लाई वास्तवमा बेवास्ता वा उपेक्षा नै गर्दै आएको कुरा सिक्किममा खास गरी, गाउँले जनता अझै बाँच्नको निम्ति आधारभूत कुराका निम्ति तड्पिरहनु परेको स्थितिले प्रष्ट पार्छ । यस स्थितिमा केन्द्रलाई दवाब दिई बढीभन्दा बढी स्रोत साधन जुटाउनु र स्थानीय स्रोत साधनको विकास गर्नु मात्र यसको सामु रहेको चुनौती हैन, यसबाहेक लामो समयदेखि थिचिएका जनताको न्यून चेतना र सांस्कृतिक स्तरलाई कसरी माथि उकास्ने भन्ने कुरा पनि यसको सामु रहेको ठूलो चुनौती हो । सिक्किममा अझै "वैज्ञानिक समाजवाद" विरानो देखिन्छ । वैज्ञानिक समाजवादी चेतना त्यहाँ कसरी जागृत गर्ने- यो त्यहाँको टड्कारो चुनौती देखिन्छ । सिक्किममा अहिले चलेको सुधारको लहरसित वैज्ञानिक समाजवादी सिद्धान्त जोडिनुमै सिक्किमको उज्यालो भविष्य निहित छ ।

संकुचित राजनीतिक स्वार्थहरूको जालझेल मात्रै देख्दै आएका सिक्किमेली जनताहरूलाई कुनै व्यक्ति 'नेता' को मात्र मुख ताक्ने र आफू चाहिं तमासे मात्र बन्ने प्रवृत्तिभन्दा माथि उठाई 'हामी आफैं पनि केही गर्न सक्छौं' भन्ने वैचारिक र नीतिगत आत्मनिर्भरतासम्म उठाउन सकिएमा सिक्किमको भविष्य प्रगतितिर उन्मुख हुने छ । यसो नभएमा माथिबाट दिइएका "राहतहरू खाँदै, बेच्दै" जनता त जहाँको तही रहीरहने संभावना

पहाडमा बसाइएको सुन्दर शहर: सिक्किमको राजधानी गान्तोक



# पवन चामलिङको पार्टीका केही रोचक नाराहरु

❑ पवन चामलिङको वचनः
मेटिदैनन् ढुंगामा खोपेका अक्षरहरु
❑ प्रजातन्त्र बहाल भयो–
बोल्दा विकास काटिंदैन,
लेख्दा डण्डा लगाईंदैन ।
❑ वैचारिक क्रान्ति शुरु भयो–
मेहनतीले उन्नति गर्ने भयो र
अल्छेले दुःख पाउने भयो ।
❑ हरेक सिक्किमेलीको निम्ति कम्तिमा पनि
Dress र Address को व्यवस्था गरिने !"




ज्यादा रहन्छ ।

पवन चामलिङको सकारात्मक कुरा के हो भने, उनी यस कुरामा चिन्तित छन्– सरकार चाहिं 'दाता' र जनता चाहिं 'मागिस्वानेहरू' हुन् भन्ने भावनाभन्दा माथि सिक्किमेली जनताहरूलाई उठाउने उनको इच्छा देखिन्छ । यस निम्ति जरूरी 'वैज्ञानिक बाटो' को खोजी र त्यसको कार्यान्वियनमा उनले कत्तिको ध्यान दिन्छन्, त्यसैमा यो कुरा निर्भर गर्नेछ ।

अर्को कुरा, पवन चामलिङको वैचारिक स्तरलाई उनले आफ्नो पार्टी र सरकारका मानिसहरूमा समेत गहिराइमा फैलाउनु जरूरी छ । सत्ता र व्यक्तित्वको मात्र आकर्षणका कारण पनि उनको पार्टी र सरकारका नजिक थुप्रै मानिसहरू अहिले आउन सक्छन् । यत्तिकै भरमा मात्र पार्टी र सरकारलाई चलाउनु हुन्न । त्यसो भएमा त्यो क्षणिक मात्र हुन सक्छ ।

यसका निम्ति सर्वप्रथम त पार्टीलाई ठोस वैज्ञानिक–दार्शनिक जगमा खडा गर्नु जरूरी छ । त्यसपछि त्यसै जगमाथि सरकार वा अन्य गतिविधिहरूलाई ठड्याउनु जरूरी छ । यसमा सिक्किमेली जनताहरूको हल्का वा अन्ध समर्थन हैन, आलोचनात्मक र ठोस समर्थन 'हुने स्थिति खडा भएमा मात्र 'पवन चामलिङको सपनाः नयाँ सिक्किम, सुखी सिक्किम' नाराको पक्षमा समय अघि बढ्नेछ । ❑

### सिक्किम विधान सभाको हालको बनौट

| | |
|---|---|
| एस. डि. एफ. का विधायकहरू | १९ जना |
| पछि सिक्किम संग्राम परिषद् छोडेर आएकाहरू | ६ जना |
| जम्मा | २५ जना |
| सिक्किम संग्राम परिषद्का | ४ जना |
| कांग्रेस (आई) | २ जना |
| निर्दलीय | १ जना |
| कूल जम्मा | ३२ जना |

(१० पेजको बाँकी)

माओवादीले नै लगाएको बताउँछन् । त्यस चौकीमा १० जना प्रहरी खटाइएको छ ।

यस जिल्लाका विभिन्न गाविसहरूमा त्यहाँका कांग्रेस समर्थक र प्रहरी प्रशासनको मिलेमतोमा सर्वसाधारण जनतालाई एउटा कागज गराइएको छ । त्यस कागजमा गाउँमा कुनै पनि अप्रिय घटना भएमा जिम्मेदार हुनु पर्ने शर्त पनि राखिएको छ । त्यस कागजमा सही नगर्ने व्यक्ति त्यहाँ माओवादीका नाममा गिरफ्तार हुनु अनौठो मानिदैन ।

यहाँ उल्लेख भएका घटनाहरू पढेपछि पाठकहरूमा एउटा प्रश्न उठ्न सक्छ– के यी सबै घटना एकतर्फी रूपमा मात्रै भएका हुन् त ? तर यस विवरणमा त्यति मात्र देखाउन खोजिएको छ, जहाँ राज्य, सरकार वा प्रशासन यन्त्रले आफ्नो दायित्व कसरी निर्वाह गरिरहेछ ? त्यो दायित्व कसरी पूरा गर्नु पर्थ्यो तर त्यसरी पूरा नगर्दा जनतामा कस्तो असर परिरहेछ ? के यी घटना विवरणले राज्य प्रशासनले कुनै ऐन नियम पालना गरेको र आफ्नो सही उत्तरदायित्व पूरा गरेको देखाउँछ ? प्रजातान्त्रिक मुलुकको सरकारले समाजमा हुने गरेका घटना नियन्त्रण गर्नु पर्छ । त्यसको लागि प्रचलित ऐन कानूनहरूको आधारमा पारदर्शी ढंगले कारवाही तथा अनुसन्धान गर्नु पर्छ । तर यहाँ "माओवादी जनयुद्ध" का घटनाहरूलाई निहुँ बनाएर ती घटनाहरू किन हुँदैछन् ? त्यसप्रति राज्यको के दायित्व हुन्छ ? भन्नेतर्फ सोचेर नियन्त्रण गर्नेभन्दा पनि वर्तमान ऐन कानून विपरीत जनतामा दमन गरेर 'जनयुद्ध' दबाउन खोजिएको छ । राजनीतिक आन्दोलनका रूपमा शुरू भएका घटनाहरू राजनीतिक ढंगले नै समाधान गर्नु पर्ने हैन र ? दमनले विचार बदलिने भए विश्वका धेरै आन्दोलनहरू असफल भएको इतिहास लेखिने थियो । ❑

सुशील वनस्पति प्रा. लि.
राजहंस

*यस आवरण कथाका रुकुमसम्बन्धी सबै फोटोहरुः लेखनाथ भण्डारी अस्मिता मासिक*

# "यो "उग्रवामपन्थी भड्काव हो"

नेकपा, एकता केन्द्रका केन्द्रीय सचिव
**क. दीपक शर्मा**

नेकपा माओवादीहरूले जनयुद्धको नाममा फागुन १ गतेदेखि सशस्त्र संघर्ष शुरू गरेका छन् । त्यसबारे तपाईंको पार्टीको ठम्याई के छ ?

**–नेकपा (माओवादी)ले जनयुद्धको नीति अन्तरगत भनेर जुन सशस्त्र कार्यवाही शुरु गरेका छन्, त्यसलाई हाम्रो पार्टीले उग्र वामपन्थी भड्काव भनेर विश्लेषण गरेको छ । किनभने, उहाँहरुले जनता नै क्रान्तिको लागि निर्णायक तत्व हो भन्ने कुरा पक्रन सक्नु भएको छैन । उहाँहरुले जनताहरु नै सशस्त्र संघर्षको लागि हतियार समात्ने र युद्धको लागि तयार हुने स्थिति नबनीकन सशस्त्र संघर्षको शुरुवात गर्नु भएको छ । उहाँहरुले क्रान्तिकारी परिस्थिति र त्यसको लागि आत्मगत स्थिति तयार नहुँदै सशस्त्र संघर्षको शुरुवात भएको छ । त्यस कारणले यो परिस्थितिले माग गरेको र अनुमति दिएको भन्दा उपल्लो तहको र उच्चस्तरको कारवाही हुन गएको छ ।**

**यसमा नियत र उद्देश्य त क्रान्तिकारी छ, तर त्यति मात्र क्रान्तिकारी उद्देश्यलाई विजयतिर लैजान पर्याप्त छैन । बरु यस्तो क्रान्तिकारी नियतका इमान्दार साथीहरुका अन्धतापूर्ण समर्पणले कहिलेकाहीं झन् ठूलो क्षति पनि पैदा गरिदिन सक्छ । यसबाट हामीलाई के लागेको छ भने, यो असल नियत र क्रान्तिकारी उद्देश्य हुँदाहुँदै पनि यो उग्र वामपन्थी भड्काव हुन पुगेको छ । यसले क्रान्तिकारी आन्दोलन अगाडि बढाउन अवरोध र समस्या नै उत्पन्न गर्ने र ठूलो क्षति नै उत्पन्न गर्ने सम्भावना छ ।**

उहाँहरूमा यो भड्काव किन आउँदैछ जस्तो लाग्छ तपाईंलाई ?

**–पहिलो कुरा त हामीले बुझ्नु पर्ने वर्ग चरित्र नै हो । उहाँहरुको वर्ग आधार निम्न पूँजीपति वर्गको पनि टुट पूँजिया हिस्सा हो । त्यसैले त्यस वर्गको अधैर्यता अथवा पोल्टामै क्रान्ति चाहिने स्वभावले गर्दा उहाँहरुलाई त्यहाँ पुऱ्याएको छ । चिन्तन प्रक्रियाको हिसाबले हेर्ने हो भने, उहाँहरुमा अराजकतावादको प्रभाव छ । तार्किक रुपमा जनता नै निर्णायक तत्व भन्ने स्वीकार गरेता पनि भित्री रुपमा सुगठित अल्पमतद्वारा, क्रान्तिकारी वीरहरुद्वारा कुनै कारवाही गरेर क्रान्ति सम्पन्न गर्न सकिन्छ र त्यसैबाट जनतालाई पनि क्रान्तिमा ल्याउन सकिन्छ भन्ने अराजकतावादी चिन्तन उहाँहरुमा रहेको छ । यसै चिन्तनले उहाँहरुलाई यस दिशामा पुऱ्याएको हो ।**

**अर्को कुरा, नेपालको सम्बन्धमा सशस्त्र संघर्षको स्वरुप के हो त भन्ने बारेमा पनि नेपालको आर्थिक सामाजिक संरचना र यहाँको आन्दोलनले देखाएको संकेतको वस्तुगत मूल्याङ्कन गर्नुभन्दा बाहिरको डाइरेक्ट नक्कल गर्ने प्रवृत्ति उहाँहरुमा रहेको छ अथवा यान्त्रिक अन्धानुकरण गर्ने गलत प्रवृत्तिले पनि उहाँहरुलाई यस गलत दिशातिर पुऱ्याएको छ ।** ❑

७ पेजको बाँकी

जनताको क्रान्तिकारी संघर्ष अहिले के निर्णायक चरणमा पुगिसक्यो ? के नेपालको क्रान्तिकारी परिस्थिति विकास भएर वार कि पारको स्थितिमा पुगिसक्यो ?

अहिलेको नेपालको वास्तविकता के हो भने, यहाँ क्रान्तिकारी वार कि पारको परिस्थिति नै छैन । क्रान्तिकारी परिस्थिति भनेको पुरानो व्यवस्थामा आमूल परिवर्तन अनिवार्य छ भन्ने मनस्थितिमा आम जनता पुगेको स्थिति हो । साथै शासकहरू पनि पुरानो व्यवस्था र बाटोबाट, पुरानै उपायबाट सत्तामा टिक्नै नसक्ने संकटको स्थिति हो । तेस्रो शासक वर्ग चारैतिरबाट एक्लिएको, आम जनताको राजनीतिक गतिविधि र सक्रियता काफी वृद्धि भएको स्थिति हो । ठीक यस्तै स्थितिमा देशमा वार कि पारको स्थिति हुन्छ । २०४६ सालको पछिल्लो महिनाताका नेपालमा यस्तै वार कि पारको स्थिति देखिएको थियो ।

तर अहिले त्यो स्थिति विद्यमान छैन । अहिले जनताका समस्या विकराल त बन्दै गएका छन्, तर पुरानो किसिमले अब जीवन धान्नै सकिन्न भन्ने जनताको मनस्थिति बनिसकेको छैन । शासकहरू पनि संकटग्रस्त त बन्दै गएका छन्, तर पुरानो व्यवस्थामा परिवर्तन नगरी सत्तामा टिक्नै नसक्ने परिस्थिति पैदा भइसकेको छैन । जनताको राजनीतिक सक्रियता पनि मन्द छ, तीव्र छैन र शासक वर्ग पनि चारैतिरबाट एक्लिएको स्थिति छैन ।

२०४६ सालपछि जनताले अँगालेको संघर्षका रूपहरू पनि अहिले जनयुद्धको स्तरबाट धेरै टाढा छन् । अहिले आमसभा, जुलूस प्रदर्शन, अल्टीमेटम, धर्ना, चक्का जाम र दुई-तीन दिनसम्मको राजनीतिक हड्ताल (नेपाल बन्दको रूपमा) छन्- जनताको संघर्षको सबैभन्दा उच्चतम रूप जुलूस प्रदर्शन सहितको "नेपाल बन्द" सम्म पुगेको छ । नेकपा (माओवादी) स्वयंले पछिल्लो समयसम्म संघर्षका यिनै रूप पटक-पटक अँगिकार गरिरहेको थियो ।

यो ऐतिहासिक परिस्थितिबाट एक्कासी बिना तर्कपूर्ण कारण बुरूक्क उफ्रेर नेकपा (माओवादी) का अगुवाहरू अहिले- निर्णायक संघर्षको रूप- सशस्त्र जनयुद्धमा कसरी जानु भयो ? र, किन जानु भयो ? देशको जनसंघर्षको ऐतिहासिक विकासक्रम र यहाँको मूर्त ऐतिहासिक परिस्थितिले त अहिले त्यसरी बुरूक्क उफ्रेर सशस्त्र युद्धमा जानु पर्ने र जान सकिने कुनै परिवेश खडा गरेको देखिन्न । यो यहाँको ऐतिहासिक परिस्थितिको वस्तुवादी जाँच-परखबाट पैदा भएको संघर्षको रूपमा देखिन्न । यो त यहाँको ऐतिहासिक परिस्थितिभन्दा अलगै कारणले पैदा भएको संघर्षको रूपमा देखिछ ।

## कारणहरू र नेपालको यथार्थ

यसका तीन वटा अभिन्न रूपले आपसमा जोडिएका कारण देखिन्छन्:

**पहिलो, निम्न पूँजीवादी अधैर्यता ।**

हाम्रा वामपन्थी पार्टीहरूका घोषित स्वरूप सर्वहारा वर्गीय भनिए तापनि यसको वर्गीय स्वरूप आधारभूत रूपमा निम्न पूँजीवादी छ । निम्न पूँजीपति वर्गको एउटा मुख्य स्वभाव हो- अधैर्यता । यथास्थितिबाट यो वर्ग दिक्क हुन्छ । अरू धनी भएको देखेर आफू पनि चाँडै धनी हुने वा स्थितिमा परिवर्तन गर्ने मानसिकता राख्छ, तर यथार्थमा चाहिं त्यस्तो संभव हुँदैन । यो कार्य जटील र लामो हुन्छ । त्यसैले यो वर्ग निकै अधैर्य हुन्छ । र, अहिले यही निम्न पूँजीवादी अधैर्यता नेकपा (माओवादी) मा पनि अभिव्यक्त भएको देखिन्छ ।

क्रान्ति संपन्न गर्ने हतारो छ, तर क्रान्तिको प्रक्रिया निकै जटील र लामो छ । पर्खने धैर्य छैन । यसको परिणाम भएको छ- तुरून्त तर, निर्णायक छोटो बाटोको खोजी, त्यसैले जनयुद्धको निर्णायक बाटो रोजिएको छ ।

**दोस्रो, यान्त्रिक चिन्तन प्रणाली ।** उहाँहरूले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोण नेपालको वस्तुगत परिस्थितिमा लागू गरी हेर्नु भएको भए अहिले तुरून्तै "जनयुद्ध" थाल्नु पर्ने निष्कर्ष कदापी आउँदैनथ्यो, किनभने, त्यसको निम्ति परिपक्क, अनुकूल र वस्तुगत परिस्थिति नै नेपालमा छैन । उहाँहरूको चिन्तन प्रणाली द्वन्द्वात्मक हुनुको सट्टा यान्त्रिक रह्यो । अन्यत्रको अनुभव, ठूला मान्छेको अनुभव- बिना वस्तुगत परिस्थितिको सोचविचार यान्त्रिक रूपमा हुबहू नक्कल गर्न खोज्ने उहाँहरूको चिन्तन प्रणाली रह्यो । यस क्रममा उहाँहरूले माओबाट चीनको "दीर्घकालीन जनयुद्ध" को अनुभवको हुबहू नक्कल गर्न खोज्नु भयो । नेपालमा आधार इलाकाको निर्माण, गाउँले शहर घेर्ने, दीर्घकालीन जनयुद्ध- यी सबै कुराहरू यही अन्ध नक्कलको क्रममा आएका हुन् ।

माओले स्पष्ट रूपमा भन्नु भएको छ- चीनमा केन्द्रिकृत अर्थव्यवस्था छैन । स्थानीय आत्मनिर्भर कृषि अर्थतन्त्र छ, त्यसैले त्यहाँ चारैतिर प्रतिक्रियावादी सत्ता भए पनि बीचमा आधार इलाका र लाल मुक्त क्षेत्र हुन सक्छ र शत्रुको घेराबन्दीबीच पनि त्यो टिक्न सक्छ ।

दोस्रो कुरा, चीनमा राज्य व्यवस्था पनि केन्द्रिकृत थिएन । स्थानीय युद्धसर्दारहरूको हातमा सत्ता बाँडिएको थियो । युद्धसर्दारहरू आपसमै लडिरहन्थे । त्यसैले उनीहरूको आपसी अन्तरविरोधबाट फाइदा उठाएर पनि त्यहाँ चारैतिर प्रतिक्रियावादी इलाकाको बीचमा लाल राजनीतिक सत्ता टिक्न सक्यो । आधार इलाका टिक्न सक्यो ।

तेस्रो, चीनमा ग्रामीण क्षेत्रमा किसानहरूमाथिको शोषण तीव्र थियो र उनीहरूको वर्गसंघर्ष पनि तीव्र थियो । शहरी क्षेत्रको संघर्षको त्यहाँ कुनै प्रधान भूमिका थिएन । त्यहाँ प्रयोग गर्नको लागि कुनै संसद् पनि थिएन । त्यसैले, गैरसंसदीय ग्रामीण वर्गसंघर्ष, गाउँले शहर घेर्ने नै त्यहाँको क्रान्तिकारी वर्ग संघर्षको मुख्य रूप थियो । चौथो, त्यहाँ लामो लडाइँ लड्नका लागि विशाल भूभाग र विशाल जनसंख्या थियो । जापानसित त्यति ठूलो जनसंख्या थिएन, यद्यपि सेना शक्तिशाली थियो । त्यसैले त्यहाँ दीर्घकालीन जनयुद्ध हुन सक्ने वस्तुगत आधार थियो ।

नेपालको वस्तुस्थिति के छ भने, यहाँ पहाडी क्षेत्रका केही ठाउँमा स्थानीय आत्मनिर्भर कृषि अर्थतन्त्र केही मात्रामा बाँकी भए पनि आधारभूत रूपमा अर्थतन्त्र केन्द्रिकृत छ । अधिकांश ठाउँमा स्थानीय आत्मनिर्भर अर्थतन्त्र छैन । त्यसैले, चारैतिर प्रतिक्रियावादी घेराउ भयो भने, बीचमा लाल मुक्तक्षेत्र र आधार इलाका बाँच्ने र टिक्न सक्ने वस्तुगत आधार नेपालमा छैन । नेपालमा १८२५ सालदेखि नै केन्द्रिकृत राज्य व्यवस्था छ; केन्द्रिकृत सेना, प्रहरी र राज्ययन्त्र छ । यो स्थितिमा चीनमा जस्तो प्रतिक्रियावादीहरू बीचको आपसी लडाइँ र फूटबाट फाइदा उठाएर लाल मुक्तइलाका र आधार इलाका टिकाउन सक्ने वस्तुगत आधार पनि नेपालमा छैन ।

नेपालमा २००७ सालदेखि अहिलेसम्मको इतिहासमा शहरी क्षेत्रको संघर्षले नै हमेशा निर्णायक र सबैभन्दा प्रभावकारी भूमिका खेल्दै आएका छन् । यद्यपि, यो बीचमा ठूलठूला ग्रामीण संघर्ष नभएका होइनन् । यहाँ २००७ सालको, २०१४ सालको, २०३६ सालको, २०४६ सालको र त्यसपछिका सबै प्रमुख जन-आन्दोलनहरू पहिले प्रमुख शहरी केन्द्रमा केन्द्रित हुने र त्यसपछि ग्रामीण इलाकामा फैलने गरिरहेका छन् । अहिलेसम्मको इतिहासमा थुप्रै ग्रामीण संघर्ष नेपालमा भएका छन्, तर एउटै पनि ग्रामीण वर्ग संघर्षले यहाँको व्यवस्थामा ठूलो परिवर्तन ल्याउन समर्थ भएको छैन । सबै ठूलठूला ग्रामीण वर्ग संघर्षहरू दमनको शिकार भएर असफलतामा टुंगिएका छन् । जस्तो- रौतहट किसान आन्दोलन (२००९ साल)/ भीमदत्त पन्तको किसान विद्रोह (२०१० साल) बरदियावास किसान आन्दोलन २०१६ साल/ सिराहा किसान आन्दोलन २०१३ साल/ झापा किसान विद्रोह (२०२८ साल)/ वर्रे संघर्ष (२०३० साल), जुगेडी किसान संघर्ष (२०२० साल) आदि ।

तर शहरीया संघर्षले चाहिं २००७ साल, २००४ साल, २०३६ साल र २०४६ सालका सबैमा एकहदको सफलता हासिल गरेको देखिन्छ । नेपालमा सबैजसो ठूला हेरफेरहरू शहर केन्द्रित संघर्षले नै ल्याएको देखिन्छ ।

यस वास्तविकताबाट नेपाली क्रान्तिकारीहरूले के सिक्ने ?

यस्तो होइन कि- अब ग्रामीण क्षेत्रको संघर्षको कुनै महत्त्व छैन, नेपालमा । त्यसको महत्त्व अझै छ । तर जनसंघर्षको मुख्य गुरूत्वाकर्षण केन्द्र कता भइरहेछ नेपालमा ? यो स्पष्ट वास्तविकता हो कि, जनसंघर्षको गुरूत्वाकर्षण केन्द्र प्रमुख शहरी क्षेत्र नै भइरहेछ । नेकपा (माओवादी) का मित्रहरूले नेपाली जनसंघर्षको इतिहासले देखाएको यहाँको संघर्षको विकासको यो नियमलाई भुल्नु भएको देखिएको छ ।



**यी आमालाई आफ्नो छोरा, यी बालिकालाई आफ्ना पिता र यी महिलालाई आफ्ना श्रीमान्लाई प्रहरीले किन पक्राउ गर्‍यो भन्ने कुरा थाहा छैन, तर उनीहरूले पक्राउ परेकाहरूलाई प्रहरीले ठूलो सास्ती दिएको सुनेका छन् !**

अर्को, यहाँ प्रयोग गर्नका लागि संसद् पनि छ, जुन चीनमा थिएन । संसद् बदनाम हुँदैछ, तर यो पूरै बदनाम भइसकेको छैन । त्यसैले, यहाँ संसदीय संघर्षको पनि केही भूमिका बाँकी छ ।

चौथो, यहाँको भौगोलिक बनौट विशाल छैन । देश चौडाइमा पनि थोरै छ र साइजमा यति सानो छ कि- १५-२० मिनेटभित्र दमनका निम्ति हवाई सेना कुनै पनि भागमा उत्रन सक्छ, भारतबाट पनि र नेपालबाट पनि । त्यसैले सशस्त्र युद्ध दीर्घकालीन हुन नसक्ने संभावना नेपालमा प्रखर छ । खालि एउटै स्थितिमा युद्ध दीर्घकालीन हुनसक्ने संभावना छ- त्यो हो नेपालमा बाह्य आक्रमण भएमा, युद्ध राष्ट्रिय युद्ध भएमा र सिंगै राष्ट्र एक भएर लडेमा । नत्र नेपालको अहिलेसम्मको सबै स्थानीय सशस्त्र विद्रोहहरू छोटो प्रकृतिका भएका छन् ।

नेपालको वास्तविकता यस्तो हुँदाहुँदै नेकपा (माओवादी) का कमरेडहरूले चीनको अनुभवको नक्कल नेपालमा हुबहु गर्न खोज्दै हुनुहुन्छ । यो यान्त्रिक चिन्तन प्रक्रियाको कारणले भएको हो ।

अर्को कारण- नेपालमा हावी भएको दक्षिणपन्थी अवसरवादीको प्रतिक्रिया माओवादी संलग्न भएको अन्तर्राष्ट्रिय संगठन RIM को दवाब हो ।

नेपालमा अहिले उग्र दक्षिणपन्थी अवसरवाद चर्को रूपमा हावी छ र यो सबभन्दा प्रभावशाली प्रवृत्तिको रूपमा छ । यसले निराश र वाक्कदिक्क पारेका न्यून चेतना भएका क्रान्तिकारीहरूमा विपरीत प्रतिक्रिया पैदा गरेको छ- उनीहरू उग्र वामपन्थी अवसरवादतिर आकर्षित भएका छन् ।

यसो गर्नमा पुट RIM ले पनि दिएको देखिन्छ । RIM को निर्देशन नै के रहने गरेको देखिन्छ भने- देशको वस्तुस्थिति अनुकूल होस नहोस, दीर्घकालीन जनयुद्ध थाल र ग्रामीण वर्ग संघर्ष तेज पारेर गाउँले शहर घेर । त्यसैको दवाबमा परेर पनि नेकपा (माओवादी) ले अहिलेको "जनयुद्ध" थालेको हुन सक्ने प्रवल संभावना छ ।

## नेपालका सशस्त्र संघर्षहरू

सशस्त्र संघर्षहरू नेपालमा पहिले पनि भएका छन् । तर २००७ साल र २०४६ सालको सशस्त्र संघर्ष बाहेक अरू सबै संघर्षहरू दमन र असफलतामा टुंगिएका छन् । यी दुवै सशस्त्र संघर्षहरू यस कारणले सफल भएका हुन कि- त्यतिखेर नेपालमा क्रान्तिकारी परिस्थिति विद्यमान थियो र सशस्त्र संघर्षप्रति आम जनताको व्यापक समर्थन थियो ।

तर यी दुई बाहेक नेपालमा अरू सबै सशस्त्र कारवाहीहरू असफलतामा बदलिएका छन् । जस्तो २००८ सालको डा. के. आई. सिंहको विद्रोह, २००९ सालको रक्षा दलको विद्रोह, २०१० सालको भीमदत्त पन्तको विद्रोह, २०१८ सालको नेपाली कांग्रेसको हान र भाग संघर्ष, २०३१ सालको र २०४२ सालको बमकाण्ड, २०२८ सालको झापाको किसाना विद्रोह, २०३१ सालको सोलु-ओखलढुंगाको काण्ड आदि । यिनीहरूको असफलताको कारण यही थियो- यी राम्रो आत्मगत तम्तयारी र उपयुक्त वस्तुगत परिस्थितिमा गरिएका विद्रोह थिएनन् । यी व्यापक जनसहभागितामा आधारित संघर्ष थिएनन् । यस असफलतापछि नेपालका क्रान्तिकारीहरूले पाठ सिक्नु पर्छ कि पर्दैन ?

अहिलेको सशस्त्र संघर्ष झापाको किसान विद्रोह जस्तै देखिन्छ । फरक यति छ कि- झापामा सामन्तहरू मारिएका थिए, यहाँ हातखुट्टा मात्र भाँचिएको छ । तर दुबैको सार भने एउटै देखिन्छ । यस्तो देखिन्छ- २०५२ सालमा पुगेर पनि नेकपा (माओवादी) का कमरेडहरू त्यहीं हुनुहुन्छ जहाँ २०२८ सालमा झापा काण्डका अगुवाहरू हुनुहुन्थ्यो । हामीले झापा काण्डबाट किन पाठ सिक्न इन्कार गर्‍यौं ?

नेपालको सशस्त्र संघर्षको इतिहासले सिकाएको पाठ के हो भने- उपयुक्त ऐतिहासिक परिस्थिति र जनताको व्यापक समर्थन र सहभागिताको आधारमा गरिएको सबै सशस्त्र संघर्षहरू सफल भएका छन् । तर त्यसको अभावमा जायज सवालमा थालिएका सशस्त्र संघर्षहरू पनि दमन र असफलतामा टुंगिएका छन् । देशको इतिहासको यो पाठबाट हामीले सिक्नु जरूरी छ कि छैन ? के हामी फेरि उही गल्ती दोहोर्‍याउन चाहन्छौं- जुन इतिहासमा पहिले पनि भएका थिए ?

## परिणामहरू

त्यसैले नियत क्रान्तिकारी र सवाल जायज भए पनि यो पटकको सशस्त्र संघर्ष पनि असफलतामा नै टुंगिने सम्भावना प्रवल छ । जस्तो इतिहासमा सबै सशस्त्र संघर्षहरू टुंगिएका थिए । खालि असफलता मात्र होइन, यसले थुप्रै अनावश्यक बलिदान र क्षति पनि जन्माउने सम्भावना छ । क्रान्तिकारी संघर्ष केही क्षतिबिना हुँदैन । तर अनावश्यक क्षतिबाट क्रान्तिकारीहरू यथासम्भव बच्नै पर्छ । तर यहाँ त्यो हुने छैन । संघर्ष प्रभावित क्षेत्रमा व्यापक दमन र राज्य हिंसा अहिले नै शुरू भएको छ । यसले जनतामा क्रान्ति र जनयुद्धप्रति नै वितृष्णा पैदा गरिदिने टड्कारो सम्भावना छ । यो क्रान्तिको लागि ठूलो क्षति हो । जनताले अनावश्यक हैरानी र दमन त अहिले व्यहोर्न थालिसकेको देखिन्छ ।

दमनले बाँच्न टिक्न नै असम्भव भएको स्थितिमा प्रतिक्रियास्वरूप वर्तमान संघर्षमा अगुवाहरूमा अर्को अति जन्मने सम्भावना छ- दक्षिणपन्थी अवसरवादको अति । पार्टीभित्रै संसद्वादको पक्षपोषण गर्ने वैचारिक धार जन्मने पनि सम्भावना छ ।

तेस्रो, भीषण दमनका कारणले नेकपा (माओवादी) वैधानिक जनसंघर्षका सबै फाँटबाट कट्ने, जनसमुदायबाट अलगिने र बाँच्न टिक्नका लागि आतंकवादको सहारा लिनुपर्ने स्थितिमा पुग्न सक्ने प्रवल सम्भावना छ ।

अन्ततः यो संघर्षले देशलाई क्रान्तितर्फ नडोर्‍याउने निश्चित छ । यसले, उल्टो, क्रान्तिलाई नै पछिल्तिर धकेल्ने सम्भावना छ । जुझारू क्रान्तिकारी कार्यकर्ताको अनावश्यक बलिदान, राम्रो प्रभाव क्षेत्रमा नृशंस दमन भनेको क्रान्तिको लागि ठूलो क्षति हो ।

## आवश्यकता

देशको अहिलेको आवश्यकता शहरी क्षेत्रमा जनता र राष्ट्रको आधारभूत समस्याहरूमा जनसंघर्षको उठान र संसदीय सीमाको पर्दाफास र ग्रामीण क्षेत्रमा किसान संघर्षको उठान हो । यसको लागि उपयुक्त परिस्थिति नेपालमा तयार देखिन्छ ।

नेपालमा २०४६ सालपछाडि संघर्षका रूपहरूको उचाइ दुई तीन दिने- राजनीतिक हड्तालसम्म पुगेको छ । जुलूस, आमसभा, भोक हड्ताल, धर्ना, सडक भीडन्त, हाम्रो यहाँको संघर्षको प्रचलित र सर्वस्वीकार्य रूप भएका छन् । यी कुरा माथि पनि उल्लेख गरिसकिएको छ । यी संघर्षका अनुभव यहाँका जनतासित प्रशस्त छन् ।

जनसंघर्ष बढ्दै जाँदा संघर्षका नयाँ नयाँ रूपहरू पनि पैदा हुँदै जाने निश्चित छ । जनसंघर्ष र सशस्त्र संघर्षबीच कुनै लक्ष्मण रेखा हुँदैन । कुनै पनि बेला यो अर्कोमा बदल्न सम्भव छ । मुख्य कुरो, जनताबाट कट्ने, जनताबाट र वस्तुगत परिस्थितिबाट अलग्गै संघर्षको कुनै रूप सोच्ने कुरा अन्त गर्नु पर्छ । हिंसा हाम्रो मनोगत ठहर होइन, ऐतिहासिक परिस्थितिको बाध्यता हुनुपर्छ । ❑

## यसले क्रान्तिलाई अग्रगति प्रदान गर्दैन

**कम्युनिष्ट पार्टीको सफलता केही निश्चित घटनाहरुमा आधारित हुँदैन । एकाध घटनाहरुबाट आमूल परिवर्तनको दिशा पनि निर्धारित हुँदैन । आम रुपमा, छिटपुट गरिने यस्ता घटनाहरु त आन्दोलनका लागि नकारात्मक परिणामका बाहक हुन्छन् । विद्यमान परिस्थितिमा संभव र वैधानिक उपायहरु छँदाछँदै तिनलाई तिरस्कार गरेर अवलम्बन गरिने अवैधानिक र असंभव उपायहरुले रोमाण्टिक सोचलाई उत्साहित गरे पनि तिनले जनता, राष्ट्र र क्रान्तिलाई अग्रगति प्रदान गर्दैनन् ।**

**तसर्थ, नेकपा (माओवादी) ले दीर्घकालीन जनयुद्धको नाममा आरम्भ गरेका रोल्पा, गोरखा लगायतका जिल्लाहरुका घटनाहरुप्रति हाम्रो पार्टी गम्भीर असहमति जाहेर गर्दछ । क्रान्तिकारी आशावादका नाममा आरम्भ गरिएका यस्ता घटनाहरुले अहिले मुलुकको कम्युनिष्ट आन्दोलनमाथि नै प्रमुख रुपले नकारात्मक असर छोड्ने छन् । त्यसैले, यस्ता घटनाहरु अन्तिम निष्कर्षमा आमूल परिवर्तनका पक्षधर हुन सक्दैनन् ।**

*-वामदेव गौतम*
*का.वा.महासचिव, नेकपा एमाले*

## पाठकको कुरो

मूल्याङ्कन फागुन अंकमा टनकपुर बाँध अनि यसको सम्बन्धमा नेपालको त्रिशंकु सरकार र जिम्मेवार प्रतिपक्षले 'त्वं शरणम्' गरेर भएको तथाकथित 'राष्ट्रिय सहमति'को बारेमा 'मूल्याङ्कन'ले प्रगतिशील, तार्किक र स्पष्ट ढंगले चित्रण उतारेको छ । तत्सम्बन्धमा के कस्ता गृहकार्यहरू गरेको भए नेपालको हितमा हुने थियो भन्ने बारेमा पनि अफ्नो दृष्टिकोण स्पष्ट पारेर यसले एउटा मार्गदर्शकको भूमिका खेलेको छ ।

साझा सहकारिताको एउटा नमूनाको रूपमा रहेको मधुबासा गाउँको चित्र उतारेर डि.आर. पोखरेलले नेपालका वामपन्थी पार्टीका नेताहरूलाई गाउँ-गाउँमा गएर साझा भावनाको विकास फैलाएर पनि पूँजीवादी राज्यसत्तालाई च्यूत पार्ने अभियानमा प्रेरणास्रोत बन्न सकिने स्पष्ट विचारहरू अभिव्यक्त गर्नु भएको छ । वामपन्थी पार्टीहरूका नेताहरूबीचको विचार अन्तर्क्रिया पठनीय छ । अश्लील प्रदर्शन र कुसंस्कृतिको द्योतकको रूपमा प्रदर्शित हुने हिन्दी चलचित्रको एउटा नमूना 'रंगिला' ले नेपाली युवा समुदायमा निम्त्याएको नकारात्मक पक्षलाई हरिगोविन्द लुईंटेलले उदाङ्गो पारेर केलाउनु भएको छ । अन्य सामग्रीहरू पनि आ-आफ्नो स्थानमा स्वागतयोग्य छन् । नेपाली प्रगतिशील पाठक समक्ष मूल्याङ्कन अझ परिस्कृत र परिमार्जित हुँदै आओस् यही शुभेच्छा सहित

**विवश विष**
**बाहुनतिल्पुङ-९, पिप्ले, सिन्धुली**

नव वर्ष २०५३
को उपलक्ष्यमा
समस्त
देशवासीहरूमा
शुभकामना

मेयर डोरमणि पौड्याल
तथा
हेटौंडा नगरपालिका
परिवार

नव वर्ष २०५३ को
शुभकामना

राष्ट्रिय वाणिज्य बैंक
परिवार

# Grindlays

ANZ Australia · ANZ Bahamas · ANZ Bahrain · ANZ Bangladesh · ANZ Brazil
ANZ Chile · ANZ China · ANZ Cook Islands · ANZ Fiji · ANZ France
ANZ Germany · ANZ Greece · ANZ Guernsey · ANZ Hong Kong · ANZ India
ANZ Indonesia · ANZ Iran · ANZ Japan · ANZ Jersey · ANZ Jordan
ANZ Korea · ANZ Malaysia · ANZ Nepal · ANZ New Zealand · ANZ Oman
ANZ Pakistan · ANZ PNG · ANZ Phillipines · ANZ Qatar · ANZ Singapore
ANZ Solomon Islands · ANZ Sri Lanka · ANZ Switzerland · ANZ Tonga · ANZ Taiwan
ANZ Thailand · ANZ UAE · ANZ UK · ANZ USA · ANZ Vanuatu
ANZ Vietnam · ANZ Western Samoa

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

